प्रेस काउन्सिल नेपाल
सञ्चारग्राम, तिलगङ्गा, काठमाडौँ
फोन : ०१-५९१५३५४, ५९१९६७८
इमेल : info@presscouncilnepal.gov.np
वेबसाइट : http://www.presscouncilnepal.gov.np

५१औँ वार्षिक प्रतिवेदन-२०८२/८३

प्रेस काउन्सिल नेपाल

प्रेस काउन्सिल नेपाल

५७औँ वार्षिकोत्सव

५१औँ

वार्षिक प्रतिवेदन

२०८२/०८३

प्रेस काउन्सिल नेपाल

सञ्चारग्राम, तिलगङ्गा, काठमाडौँ

५१औँ वार्षिक प्रतिवेदन

आ.व. २०८२/८३

२०८३ असोज

© प्रकाशकाधीन

प्रकाशक: प्रेस काउन्सिल नेपाल

सञ्चारग्राम, तिलगङ्गा, काठमाडौँ

फोन: ०१-५९१५३५४, ५९१९६७८

इमेल: info@presscouncilnepal.gov.np

वेबसाइट: http//www.presscouncilnepal.gov.np

प्रकाशन मिति: २०८३ असोज

मुद्रित प्रति: १०००

मुद्रक: रोल्वालिङ अफसेट प्रेस, काठमाडौँ

विषयसूची

शीर्षक	पृष्ठ नं.
अग्रलेख	१
खण्ड १: वार्षिक कार्यक्रम र बजेट	**९**
१.१ वार्षिक कार्यक्रम र प्रगति	११
१.२ आर्थिक स्थिति	५०
खण्ड २: अनुगमन र कारबाही	**५७**
२.१ आचारसंहिता अनुगमन	५९
खण्ड ३: अभिलेख	**१९७**
३.१ सञ्चार माध्यमको अभिलेख	१९९
खण्ड ४: वर्गीकरण र मिडिया प्रवर्धन	**२१९**
४.१ पत्रपत्रिका वर्गीकरण	२२१
४.२ प्रेस स्वतन्त्रता अनुगमन	२३०
४.३ मिडिया प्रवर्धन	२७२
४.४ प्रेस क्लिपिङ सेवा	२७६
आ.व. २०७९/८० को पत्रपत्रिका वर्गीकरण नतिजा	**२७९**

अग्रलेख

जिम्मेवार प्रेसः स्वतन्त्रताको जग

वर्ष २०८२ नेपाली इतिहासकै असाधारण राजनीतिक र सामाजिक उथलपुथलको वर्ष रह्यो । पोहोर भदौ महिनामा जेन-जी आन्दोलन, अन्तरिम सरकार, फागुनमा आमनिर्वाचन र सरकार परिवर्तनसम्म आइपुग्दा मुलुकले एउटा राजनीतिक चक्र पुरा गर्यो । यो समग्र सङ्क्रमण र राजनीतिक रूपान्तरणमा डिजिटल प्रविधि र सञ्चारका नयाँ माध्यम संगठन र समन्वयको मुख्य माध्यम बने ।[१]

नेपाली प्रेस यो ऐतिहासिक राजनीतिक परिवर्तनको प्रत्यक्ष साक्षी र निशाना दुवै बन्न पुग्यो । एकातिर राज्यको अकर्मण्यताप्रति नागरिकको असन्तोष सञ्चार माध्यम र डिजिटल प्लाटफर्मबाटै मुखरित भइरहेको थियो । अर्कोतिर, आन्दोलन उत्कर्षमा पुग्दा कतिपय सञ्चार माध्यम भौतिक आक्रमण र तोडफोडको निसाना बने ।

लोकतन्त्रको सुदृढीकरण, सुशासन र नागरिक अधिकारको रक्षाका लागि प्रेस स्वतन्त्रता अनिवार्य शर्त हो । झन् राजनीतिक सङ्क्रमणका बेला प्रेसको निष्पक्षता र जवाफदेहिताको वास्तविक परीक्षा हुन्छ । किनकि प्रेस स्वतन्त्रता भनेको समाचार लेख्न वा प्रकाशन गर्न पाउने अधिकार मात्र होइन । यो नागरिकलाई तथ्यमा आधारित विश्वसनीय सूचना उपलब्ध गराउने जिम्मेवारी पनि हो ।

स्थापनाको ५७ औँ वार्षिकोत्सव मनाइरहँदा प्रेस काउन्सिल नेपाललाई औपचारिक उपलब्धि गणना गरेर बस्ने छुट छैन । सञ्चार प्रविधिको विस्तार, आम मिडिया उपभोक्ताको प्राथमिकतामा आएको परिवर्तन र दुस्सूचनाको दुष्चक्रबीच नेपाली पत्रकारिता कहाँ उभिएको छ र यसका सङ्कट के हुन् भन्ने विषयमा तथ्यपरक समीक्षा गर्नु आजको मुख्य दायित्व हो ।

प्रेसमाथिको प्रहार र बढ्दो अविश्वास

२०८२ भदौमा सरकारले दर्ता नभएको आधार देखाएर २६ वटा सामाजिक सञ्जाल र डिजिटल प्लाटफर्महरूमाथि प्रतिबन्ध लगाउने निर्णय गर्यो । शासकीय शैलीमा देखिएका

[१] Subina Shrestha, "Generation Discord: Lessons from Nepal's Revolution", Nieman Reports, March 2026. https://niemanreports.org/nepal-gen-z-discord-revolution-elections-subina-shrestha/

अकर्मण्यता र डिजिटल अधिकारमाथिको हस्तक्षेपविरुद्ध युवा पुस्ता सडकमा उत्रिएपछि मुलुकमा अभूतपूर्व विग्रहको स्थिति सिर्जना भयो।

आन्दोलनका क्रममा नेपाली सञ्चार क्षेत्रले ठुलो भौतिक र पेसागत क्षति भोग्नु पर्यो। कयौँ सञ्चार गृहमा तोडफोड र आगजनी भयो। सिंहदरबार परिसरभित्र रहेका नेपाल टेलिभिजन र रेडियो नेपालका कार्यालयका साथै कान्तिपुर मिडिया ग्रुप लगायतका सञ्चार गृहमा आगजनी भयो। मिडिया सञ्चालकका निजी निवाससमेत आगजनीको निशाना बने। नेपाल पत्रकार महासङ्घका अनुसार दुई दिनको अवधिमै सञ्चार माध्यम र पत्रकारमाथि २६ वटा गम्भीर आक्रमणका घटना भए, १०० भन्दा बढी पत्रकार प्रत्यक्ष प्रभावित भए। ५ जना पत्रकार गोली लागेर घाइते भए।[२] 'काउन्सिलले पनि स्वअनुगमनमा २०८२ वैशाख १ देखि चैत मसान्तसम्म प्रेस स्वतन्त्रतासम्बन्धी १२० घटना अभिलेख गरेको छ जसमा १६७ पत्रकार प्रभावित भए।'[३]

तर, यो विग्रहले भौतिक क्षतिभन्दा गम्भीर नैतिक प्रश्न नेपाली पत्रकारितामाथि छाडेको छ। आन्दोलनको सूचना प्रवाह र सङ्गठन मूलधारका सञ्चार माध्यमबाट नभई डिजिटल प्लाटफर्महरूबाटै भयो। आमनागरिकले सूचनाका लागि परम्परागत प्रेसलाई 'बाइपास' गरेर सामाजिक सञ्जाल रोजेका मात्र होइनन्, सञ्चार गृहहरू नै नागरिक आक्रोशको निसाना बने।

सार्वजनिक वृत्तमा खडा भएको महत्त्वपूर्ण प्रश्न हो-सङ्कटका बेला नागरिक किन मूलधारको प्रेसप्रति विश्वस्त हुन सकेनन् ? नागरिकका वास्तविक मुद्दा र असन्तोषलाई समाचार कक्षहरूले समयमै स्थान दिन सकेका थिए कि थिएनन् ? राज्यको दबाब र भीडको आक्रोशबीच उभिएको प्रेसले नागरिकको विश्वास गुमाउँदा कस्तो जोखिम निम्तन्छ भन्ने पाठ गत भदौको घटनाले सिकाएको छ। काउन्सिल र समग्र मिडिया जगतले यस विषयमा आत्मसमीक्षा गर्नुपर्ने देखिन्छ।

दक्षिण एसियामा नेपालको स्थान र अन्तर्राष्ट्रिय अभ्यास

संसारभर सूचना उपभोगको शैलीमा परिवर्तन आएको छ। नेपाल मिडिया सर्भेक्षण २०२४ अनुसार सर्वेक्षणमा सहभागीमध्ये ७३ प्रतिशतसँग इन्टरनेट पहुँच छ, जबकि रेडियो, टेलिभिजन वा छापामध्ये कम्तीमा एउटामा पुग्ने ५८ प्रतिशत मात्र छन्। समाचारका लागि

[२] प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षाः वार्षिक प्रतिवेदन, नेपाल पत्रकार महासंघ, २०८३। https://www.fnjnepal.org/uploads/freedoms/freedom_1778565730.pdf

[३] प्रेस स्वतन्त्रतासम्बन्धी १ सय २० घटना (प्रेस विज्ञप्ति), प्रेस काउन्सिल नेपाल, २०८३ वैशाख २२। https://www.presscouncilnepal.gov.np/np/2026/05/05/11769/

सबैभन्दा धेरै प्रयोग हुने माध्यम फेसबुक (६२ प्रतिशत) र युट्युब (४४.४ प्रतिशत) देखिएका छन्। पत्रपत्रिका ५.३ प्रतिशतमा सीमित छ।[४] यस्तो अवस्था नेपालको मात्रै होइन।

रोयटर्स इन्स्टिच्युटको 'डिजिटल न्युज रिपोर्ट २०२६' अनुसार ५४ प्रतिशत पाठक तथा दर्शकले टेलिभिजन वा समाचार संस्थाका वेबसाइटभन्दा सामाजिक सञ्जाल र भिडियो प्लाटफर्मबाट समाचार प्राप्त गर्छन्। समाचारप्रतिको विश्वास घटेर ३७ प्रतिशतमा झरेको छ।[५] नागरिकले समाचारका लागि प्लाटफर्म प्रयोग गरिरहँदा, नियमनकारी संयन्त्रहरू भने अझै परम्परागत मिडियामै सीमित छन्।

युरोपेली युनियनले लागु गरेको 'युरोपियन मिडिया फ्रिडम एक्ट' नेपालका लागि अनुकरणीय हुनसक्छ। यो कानुनले आचारसंहिता पालनाका लागि स्वनियमन अवलम्बन गर्ने सञ्चार माध्यमलाई विशेष संरक्षण गर्छ। यसको धारा १८ ले फेसबुक, गुगल, टिकटक लगायतका प्लाटफर्मलाई मिडियाअनुकूल नीति अबलम्बन गर्न बाध्य पारेको छ। कुनै सञ्चार माध्यमको सामग्री हटाउनु वा त्यसको 'रिच' घटाउनुअघि कारणसहित २४ घण्टाभित्र सम्बन्धित मिडियालाई आफ्नो भनाइ राख्ने अवसर दिएको छ। यो कानुन लागु हुनुपूर्व 'बिग टेक प्लाटफर्म' ले कुनै मिडियाको सामग्री आफ्नो नीति विपरीत लागे यत्तिकै हटाइदिन्थे। तर, यो सुविधा प्राप्त गर्न सञ्चार माध्यमले आफ्नो सम्पादकीय मापदण्डमा खरो उत्रिएको हुनुपर्छ। उनीहरूले बलियो स्वनियमन अवलम्बन गरेको हुनुपर्छ। र, वैदेशिक शक्ति वा दलीय राजनीतिबाट स्वतन्त्र रहेको स्वघोषणा गर्नुपर्छ।

त्यहाँ यस्तो कानुनले काम गर्नुका पछाडिको मुख्य कारण बजार हो। ४५ करोडको बजारमा उनीहरू कानुन पालना गर्न बाध्य भएका हुन सक्छन्। सानो बजारका कारण 'बिग टेक प्लाटफर्म' हामीलाई महत्त्व नदिएका हुन सक्छन्। तर संवाद भने गर्न सकिन्छ। यो आजको भोलि हुने काम होइन, तर असम्भव होइन।

हाम्रा लागि त्यसको सन्देश के हो भने पत्रकार आचारसंहिता र नियम पालना गर्नु सञ्चार माध्यमका लागि झन्झट होइन, डिजिटल युगमा विशेष कानुनी संरक्षण र अधिकार प्राप्त गर्ने आधार हो। बलियो कानुन नचाहिने भन्ने होइन। तर कानुन बन्नुअघि प्रभावकारी संवाद थाल्नुपर्छ। आरोप लगाएर अनि म्याद तोकेर थालिएको सम्बन्ध टिक्दैन भन्ने पछिल्लो तीन वर्षले देखाइसक्यो।

दक्षिण एसियामा प्रेस स्वतन्त्रताका हिसाबले नेपाल अझै अगाडि छ। सन् २०२६

[४] Nepal Media Survey 2024, Sharecast Initiative Nepal; Madhu Acharya and Bhumiraj Chapagain, "What do Nepalis think of the media?", Nepali Times, 27 December 2024.

[५] Jim Egan et al., Digital News Report 2026, Reuters Institute for the Study of Journalism, University of Oxford, June 2026. https://reutersinstitute.politics.ox.ac.uk/digital-news-report/2026

को 'रिपोर्टर्स विदआउट बोर्डर्स' को विश्व प्रेस स्वतन्त्रता सूचकाङ्कमा नेपाल ५४.८० अङ्कसहित ८७ औँ स्थानमा छ, जुन दक्षिण एसियामा सबैभन्दा माथिल्लो स्थान हो। भारत १५७, पाकिस्तान १५३ र बाङ्गलादेश १५२ स्थानमा छन्।[६] तर सँगसँगै हामीले सोच्नुपर्ने कुरा के हो भने, नेपालको स्थान ३ अङ्कले सुधार हुनुको कारण हाम्रा सूचक सप्रिएर होइन, छिमेकी देशको स्थिति झन् खस्किएकाले हो।[७] मिडिया नियमनमा छिमेकी मुलुकहरूसँग सिक्ने भन्दा नसिक्नुपर्ने कुरा बढी छन्। उदाहरणका लागि बङ्गलादेश, पाकिस्तान र भारतका हालैका अनुभव ख्याल गर्नुपर्ने छन्।

बङ्गलादेशमा राजनीतिक परिवर्तनपछि मिडिया सुधार आयोग गठन भयो। तर समयमा कानुन बनेन। अन्तिममा हतार हतार अध्यादेश ल्याउन खोज्दा सुधार ओझेलमा पर्यो। फलस्वरुप, सरकारी नियन्त्रण बढेर जाने खतरा देखियो।[८] 'नेपालले पनि सङ्क्रमणकालीन परिवेशमा त्यस्तै अलमल दोहोऱ्याउनु हुँदैन। सरोकारवालासँग पर्याप्त छलफल गरी प्रस्तावित मिडिया काउन्सिल विधेयक टुङ्ग्याउनुपर्छ। दोस्रो, पाकिस्तानमा पेसागत र नागरिक तहमा स्वनियमनकारी संयन्त्र बलियो नहुँदा राज्यले फौजदारी कानुनमार्फत अनलाइनमा भ्रामक सूचना फैलाएको अभियोगमा ३ वर्षसम्म कैद वा २० लाख पाकिस्तानी रुपैयाँसम्म जरिवाना हुने कडा कानुन लागु गर्यो।[९] पेसागत आचारसंहिता र स्वनियम प्रणाली बलियो नहुँदा त्यो रिक्तता कसरी फौजदारी कानुनले भर्न सक्छ भन्ने यसले देखाउँछ।

भारतको अनुभव फरक खालको छ। सन् १९७८ को ऐनअनुसार त्यहाँको प्रेस काउन्सिलको क्षेत्राधिकार छापा माध्यममा सीमित छ। पत्रिकामा अपुष्ट समाचार छापियो भने काउन्सिलले सम्पादकलाई बोलाउन सक्छ, तर त्यही समाचार टेलिभिजन वा अनलाइनमा आयो भने काउन्सिलको दायराभित्रै पर्दैन। दर्शक र पाठक डिजिटलतिर सरे, काउन्सिल छापामै रह्यो। फलस्वरूप नियमनको केन्द्र स्वायत्त निकायबाट सरेर सूचना तथा प्रसारण मन्त्रालयतिर गयो।[१०] त्यहाँ अहिले काउन्सिललाई छापा, प्रसारण र डिजिटल तीनै माध्यम नियमन गर्नेगरी एउटै निकायले प्रतिस्थापन गर्नुपर्ने बहस चलिरहेको छ।

---

[६] https://rsf.org/en/index

[७] Kunda Dixit, "Nepal's media freedom ranking in jeopardy", Nepali Times, 3 May 2026. https://nepalitimes.com/nepals-media-freedom-ranking-in-jeopardy

[८] Bangladesh: Rush to establish media bodies threatens freedom of expression", ARTICLE 19, 3 February 2026. https://www.article19.org/resources/bangladesh-rush-to-establish-media-bodies-threatens-freedom-of-expression/

[९] Pakistan: Repeal Amendment to Draconian Cyber Law", Human Rights Watch, 3 February 2025. https://www.hrw.org/news/2025/02/03/pakistan-repeal-amendment-draconian-cyber-law

[१०] Press Council of India Act, 1978 ; "Note on Press Council of India", Society for Legal and Policy Research, New Delhi. https://solpor.org/wp-content/uploads/2020/09/Note-on-Press-Council-of-India-SOLPO-Research.pdf

बेलामा स्वायत्त निकाय बनाउन सकिएन, स्वअनुगमनलाई प्रभावकारी बनाउन सकिएन भने त्यो रिक्तता कतै फौजदारी कानुनले भर्छ, कतै मन्त्रालयले । तसर्थ, दक्षिण एसियामै विशिष्ट स्थानमा रहेको नेपालले फौजदारी कानुन वा सरकारी नियन्त्रणभन्दा पर रहेर स्वतन्त्र र जिम्मेवार पत्रकारिता प्रवर्द्धन गर्ने स्वनियमनको बाटो रोज्नुपर्छ। यसमा सबैभन्दा बढी भूमिका प्रेसकै हुन्छ।

प्रेस स्वतन्त्रतामा एकीकृत अनुगमनको खाँचो

नेपालमा प्रेस स्वतन्त्रताको स्थिति अध्ययन गर्ने संस्थाबीच एउटै समयभित्र पनि फरक फरक तथ्याङ्क रहेको देखिन्छ । अभिलेख गरिएका घटनाहरू हेर्दा प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघकै तथ्याङ्कमा पनि अन्तर देखिन्छ । यो भिन्नताले नेपालमा प्रेस स्वतन्त्रता हननको 'घटना' कसरी परिभाषित गर्ने र अभिलेख कसरी राख्ने भन्नेमा साझा मापदण्डको अभाव देखिन्छ। हननको गणना गर्दा प्रभावित व्यक्ति, सञ्चार गृह वा घटनामध्ये कुनलाई आधार मान्ने भन्नेमा विधिगत एकरूपता देखिँदैन । काउन्सिलकै विगतका प्रतिवेदनहरूमा पनि वर्गीकरणको एकाइ फरक-फरक रहँदै आएको देखिन्छ।

यस्ता छरिएका र अमिल्दा तथ्याङ्कले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा नेपालको वास्तविक स्थिति बुझ्न र नीतिगत सुधार गर्न अलमल सिर्जना गर्छ। त्यसैले, यस्तो अन्योल हटाउन प्रेस काउन्सिल नेपालले पत्रकार महासङ्घ र नागरिक समाजका अनुसन्धान संस्थासँग समन्वय गरी प्रेस स्वतन्त्रता हननको एउटै राष्ट्रिय परिभाषा र एकीकृत अनुगमन प्रणाली निर्माणको नेतृत्व लिन आवश्यक छ।

काउन्सिलको संस्थागत आत्मसमीक्षा

नियामकका रूपमा प्रेस काउन्सिल नेपालले सञ्चार माध्यमलाई मर्यादित र जवाफदेही बनाउन निरन्तर अनुगमन र सहजीकरण गर्दै आएको छ। पछिल्ला १० वर्षको प्रगति तथा कार्यसम्पादन हेर्दा काउन्सिलको नियमनको दायरा, कार्यबोझ र उजुरीको प्रकृतिमा परिवर्तन आएको देखिन्छ। आर्थिक वर्ष २०७३/७४ मा आचारसंहिता उल्लङ्घनतर्फ स्वअनुगमन (१३), उजुरी (४१) र जनगुनासो (११) गरी कुल ६५ वटा निवेदन मात्र दर्ता भएकामा ५० वटा फछर्यौट भएका थिए।

बिचका वर्षहरूमा अनलाइन मिडिया र प्रविधिको विस्तारसँगै यो सङ्ख्या बढ्दै गयो। आर्थिक वर्ष २०८२/८३ सम्म आइपुग्दा काउन्सिलमा परेका आचारसंहिता उल्लङ्घनका

कूल उजुरी नै ३७२ पुगेको छ (जसमध्ये १८० वटा फछर्यौट र १९० वटा प्रक्रियामा रहेका छन्) भने स्वअनुगमनतर्फ ३,२८२ वटा सामग्री अध्ययन गरी १,७९६ वटामा कारबाही वा ध्यानाकर्षण गराइएको छ । पछिल्लो एक दशकमा छापाका अतिरिक्त रेडियो, टेलिभिजन, अनलाइन न्युजपोर्टल र युट्युब तथा सामाजिक सञ्जालको विस्तारसँगै काउन्सिलमा दर्ता हुने आचारसंहिता उल्लङ्घनका उजुरी र स्वअनुगमनको कार्यबोझ करिब ६ गुणाले बढेको देखिन्छ ।

सङ्ख्यात्मक वृद्धिसँगै नियमनको प्रकृति र काउन्सिलको रणनीतिमा समेत परिवर्तन आएको छ । एक दशकअघिसम्म नियमन र कारबाही मूलतः छापा माध्यम (पत्रपत्रिका) र परम्परागत प्रसारण माध्यम (रेडियो तथा टेलिभिजन) मा सीमित हुन्थ्यो । पछिल्लो दशकमा आधारहीन, भ्रामक, असन्तुलित, व्यक्तिगत गोपनीयता हनन गर्ने र चरित्रहत्या हुने सामग्री ह्वात्तै बढेपछि काउन्सिलको अनुगमन डिजिटल मिडियातर्फ बढी केन्द्रित भएको देखिन्छ । काउन्सिलले ध्यानाकर्षण गराउने वा खण्डन सम्प्रेषण गराउने परम्परागत शैलीभन्दा अघि बढेर आचारसंहिताको गम्भीर उल्लङ्घन गर्ने मिडियालाई अवज्ञाकारी/कालोसूचीमा राख्ने काम गर्दै आएको छ । साथै, दर्ता वा सूचीकरण नभएका तर आचारसंहिताको गम्भीर अवज्ञा गर्ने वेबपोर्टल र पेजलाई नेपालभित्र सम्प्रेषण नहुने गरी ब्लक गर्न नेपाल दूरसञ्चार प्राधिकरणमा लेखिपठाउने कडा कारबाही चाल्नुपर्ने परिस्थिति सिर्जना भएको छ ।

काउन्सिलमा रेडियो र टेलिभिजनको २४ सै घण्टा अभिलेखीकरण र अनुगमनका लागि २०७३ पुस ३ गतेदेखि डिजिटल अनुगमन प्रणाली सञ्चालनमा ल्याइएको थियो । यस्तै, पत्रपत्रिका व्यवस्थापनलाई पारदर्शी र प्रविधिमैत्री बनाउन आर्थिक वर्ष २०७६/७७ देखि 'पत्रपत्रिका व्यवस्थापन प्रणाली' लागु गरियो । यो प्रणालीमा आर्थिक वर्ष २०८०/८१ सम्म आइपुग्दा कुल १,२१४ पत्रपत्रिका नियमितरूपमा अर्काइभ भएका छन् । अनलाइन मिडिया सूचीकरण हुनुअघि पत्रकार आचारसंहिताको अभिमुखीकरण तालिम गर्ने नीति कार्यान्वयनमा ल्याइएको छ ।

तर काउन्सिलको बजेट, जनशक्ति र भौतिक स्रोतसाधन भने न्युन छ । हजारौँ अनलाइन, पत्रपत्रिका, रेडियो, टेलिभिजन र सोसल मिडिया प्लाटफर्मको अनुगमन गर्न सीमित जनशक्तिका भरमा काम गर्नुपर्ने बाध्यता छ । अनुगमनलाई निरन्तरता दिन करारका अनुगमनकर्ताको भर पर्नुपरेको छ । काउन्सिलले पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) का साथै बालमैत्री सञ्चार निर्देशिका, अपाङ्गतामैत्री सञ्चार निर्देशिका, लैङ्गिक संवेदनशील सञ्चार निर्देशिका तथा निर्वाचन आचारसंहिता लागु गरी कार्यान्वयन

गराउँदै आएको छ । मिडिया उपभोक्ताको अपेक्षा थेग्न काउन्सिललाई मुस्किल छ । सोसल मिडियादेखि इन्टरनेटका सबै प्लाटफर्ममा काउन्सिलले ध्यान दिनुपर्छ भन्ने दबाब आम उपभोक्ताबाट आउँछ । तर यसका लागि स्पष्ट कानुनी आधार छैन । मिडिया अनुगमनको विशिष्टिकृत निकाय भएकाले यदाकदा विपद्का बेला काउन्सिलले सम्भव भएसम्म सोसल मिडिया पनि अनुगमन गर्छ । तर सधैँ त्यसो गर्न अहिलेकै अवस्थामा काउन्सिलले सक्ने कुरा होइन ।

मिडिया अर्थतन्त्र र श्रमजीवीका सवाल

२०८२ चैत मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सरकारी विज्ञापन, सूचना र सन्देशहरू गोरखापत्र, नेपाल टेलिभिजन र रेडियो नेपालबाट मात्र प्रकाशन प्रसारण गर्ने निर्देशन जारी गर्यो । एकरूपता र मितव्ययिताका नाममा गरिएको निर्णयले निजी क्षेत्रका सञ्चार संस्थालाई प्रत्यक्ष असर पुर्यायो । सरोकारवालाले यसलाई 'आर्थिक नाकाबन्दी' र नागरिकको सूचना पाउने संवैधानिक हकमाथिको हस्तक्षेप भन्दै तीव्र विरोध जनाए । यस्तै २०८३ असारमा मन्त्रिपरिषद्बाट स्वीकृत 'राष्ट्रिय विज्ञापन नीति २०८३' ले डिजिटल प्लाटफर्म, सामाजिक सञ्जाल, कृत्रिम बुद्धिमत्ता, डिपफेक र इन्फ्लुएन्सर मार्केटिङलाई पहिलोपटक औपचारिक नियमनको दायरामा ल्यायो । यो नीतिले समाचारका रूपमा विज्ञापन पस्किने, विज्ञापनको मोलमोलाइमा समाचार छाप्ने वा रोक्ने प्रवृत्ति र प्रायोजित सामग्रीलाई कडाइ गर्ने व्यवस्था गरेको छ ।

विज्ञापनसँग जोडिएर आउँछ- पत्रपत्रिकाको वर्गीकरण । काउन्सिलले अहिले पत्रपत्रिकाको वर्गीकरण जुन उद्देश्यका लागि गरिरहेको छ- त्यो लोककल्याणकारी विज्ञापनका लागि जस्तो देखिन्छ । यदि त्यसो हो भने- त्यो वर्गीकरण पनि कसले गर्ने भन्ने विषयमा स्पष्ट हुनुपर्छ । विज्ञापन बोर्ड र प्रेस काउन्सिलको क्षेत्राधिकार स्पष्ट भएन भने यसले नियमनमा दोहोरोपना सिर्जना गर्छ ।

मिडिया अर्थतन्त्रको अर्को यथार्थ श्रमजीवी पत्रकारको पारिश्रमिक सङ्कट हो । श्रमजीवी पत्रकार ऐन पूर्ण रूपमा पालना नहुँदा महिनौँसम्म पारिश्रमिक नपाउने, बिना सूचना निष्कासनमा पर्ने र पेसागत असुरक्षा बढ्ने क्रम रोकिएको छैन । बिना पारिश्रमिक काम गर्न बाध्य पारिएका पत्रकारबाट निष्पक्ष र नैतिक पत्रकारिताको अपेक्षा गर्नु व्यावहारिक हुँदैन । पारिश्रमिकको अभावले पत्रकारितामा स्व-नियन्त्रण र अनुचित आर्थिक लाभ लिने विकृतिलाई मलजल गर्छ । त्यसैले, श्रमजीवीको आर्थिक सुरक्षा र पारिश्रमिकको सवाल श्रम

विवाद मात्र नभइ सञ्चार माध्यमको स्वतन्त्रता र व्यावसायिक नैतिकतासँग सिधै जोडिएको विषय हो।

संस्थागत स्वायत्तता र भावी कार्यदिशा

प्रेस स्वतन्त्रता र जवाफदेहिता विपरीत अवधारणा होइनन्। यी एउटै प्रक्रियाका दुई अभिन्न पक्ष हुन्। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR) को धारा १९ बारे मानवअधिकार समितिले जारी गरेको सामान्य टिप्पणी नं. ३४ ले भन्छ- पत्रकारिता कुनै विशेष दर्जा, दर्ता वा प्रमाणपत्र होइन, यो आमनागरिक र सार्वजनिक हितका लागि गरिने कार्य र अभ्यास हो।[११] त्यसैले को दर्ता छ वा छैन अथवा कोसँग प्रेस प्रतिनिधिको प्रमाणपत्र छ भन्ने आधारमा भन्दा पनि कसले गरेको काम कस्तो छ, कसको गुणस्तर कस्तो छ भन्ने आधारमा त्यसलाई कस्तो पत्रकारिता भनेर हेर्नुपर्ने अवस्था आएको छ। सञ्चार माध्यमले गर्ने काम र सामग्रीको गुणस्तरका आधारमा मूल्याङ्कन हुनुपर्छ।

प्रस्तावित 'मिडिया काउन्सिल विधेयक, २०८३' ले काउन्सिललाई नियन्त्रणकारी प्रशासनिक अङ्ग होइन, स्वायत्त र व्यावसायिक स्वनियमनकारी संस्थाका रूपमा स्थापित गर्नुपर्छ। यसका लागि काउन्सिलमाथि सरकारी नियन्त्रण वा दोहोरो प्रशासनिक भार सिर्जना गर्ने समानान्तर संरचना खारेज गरी संस्थागत स्वायत्तता जोगाउनु अनिवार्य छ। पदाधिकारी चयन प्रक्रियालाई दलीय भागबन्डाबाट मुक्त राख्नुपर्छ। काउन्सिललाई विज्ञापन र सेवा-सुविधा वर्गीकरण जस्ता प्रशासनिक उल्झनमा फसाउनुको सट्टा नैतिक पत्रकारिता र आचारसंहिताको अनुगमनमा मात्र केन्द्रित गराउनु उपयुक्त हुन्छ।

बदलिँदो राजनीतिक-सामाजिक परिवेश र प्रविधिको विस्तारबिच नेपाली पत्रकारिता आफ्नो निष्पक्षता, जवाफदेहिता र जनविश्वास पुनःस्थापना गर्ने परीक्षामा उभिएको छ। सरकारी नियन्त्रण वा फौजदारी कानुनको साटो स्वतन्त्र र मर्यादित पत्रकारिता प्रवर्धनका लागि स्वायत्त प्रेस काउन्सिल र पेसागत स्वनियमनको बाटो रोज्नु नै उपयुक्त विकल्प हो। श्रमजीवी पत्रकारको पारिश्रमिक तथा पेसागत सुरक्षा, प्रविधिको प्रभावकारी व्यवस्थापन र सामग्रीको गुणस्तरका आधारमा गरिने निष्पक्ष मूल्याङ्कनले मात्रै मिडियाको मर्म जोगाउन सक्छ।

[११] UN Human Rights Committee, General Comment No. 34: Article 19 — Freedoms of opinion and expression, CCPR/C/GC/34, 12 September 2011, para. 44. https://www.refworld.org/legal/general/hrc/2011/en/79729

खण्ड ९

वार्षिक कार्यक्रम र प्रगति

१.१ वार्षिक कार्यक्रम र प्रगति

डिजिटल मिडिया र व्यवस्थापन अन्तरक्रिया

प्रेस काउन्सिल नेपालको आयोजनामा २०८२ साउन २ गते सञ्चार माध्यममा कार्यरत पत्रकार महिलाका लागि 'डिजिटल मिडिया व्यवस्थापन र पत्रकार आचारसहिता'सम्बन्धी अन्तरक्रिया कार्यक्रम भयो।

कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य शन्तराम बिडारीले पत्रकार आचारसंहिताको विषयमा विस्तृत जानकारी गराउनुभएको थियो। प्रेस काउन्सिल नेपालका सदस्य नकुल अर्यालले सहभागीको जिज्ञासाको जवाफ दिँदै काउन्सिलले पत्रकारितालाई व्यावसायिक र मर्यादित बनाउन सहजीकरण गर्ने बताउनुभयो। काउन्सिलका पूर्वसदस्य एवं डब्लुडब्लुजेकी सल्लाहकार शुभेच्छाविन्दु तुलाधरले काउन्सिलले जारी गरेका महिलामैत्री सञ्चार निर्देशिका, अपाङ्गतामैत्री सञ्चार निर्देशिकालगायतको विषयमा जानकारी दिनुभयो। काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसालले युट्युब व्यवस्थापनमा काउन्सिलले काम गरिरहेको जानकारी गराउनुभयो। डब्लुडब्लुजेकी अध्यक्ष रामकला खड्काले पत्रकार आचारसंहिताको पालना गर्दै मर्यादित, उत्तरदायी र व्यावसायिक पत्रकारितालाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो।

प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकारका सवाल र सञ्चार कानुन विषयक छलफल

प्रेस काउन्सिल नेपाल अन्तर्गत रहेको प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित उपसमितिले २०८२ साउन ९ गते प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकारका सवाल र विद्यमान सञ्चार कानुनका विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको थियो। काउन्सिलका सदस्य विजयराज अधिकारीले सहजिकरण गर्नुभएको कार्यक्रममा स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित उपसमितिका संयोजक बालकृष्ण अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा काउन्सिल सदस्य शन्तराम बिडारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो।

छलफलमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्मा, महासङ्घका पूर्व अध्यक्षहरू किशोर नेपाल, शिव गाउँले, सुरेश आचार्य, विष्णु निष्ठुरी, न्यूनतम् पारिश्रमिक निर्धारण समितिका अध्यक्ष संगिता खड्का, विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाइँ, नेपाल पत्रकार महासङ्घका वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, प्रेस सेन्टर नेपालका अध्यक्ष कमल

गिरी, प्रेस चौतारी नेपालका महासचिव हिरामान लामा, नेपाल–अमेरिका पत्रकार सङ्घका पूर्वअध्यक्ष सुरज भण्डारी लगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा वक्ताहरूले काउन्सिलको हालको काम कारबाही, श्रमजीवी पत्रकारका सवाल तथा सङ्घीय संसदमा छलफलका क्रममा रहेको मिडिया काउन्सिल विधेयक तथा अन्य कानुनका सम्बन्धमा सुझाव दिनुभएको थियो।

मिडिया काउन्सिल विधेयक विषयक छलफल

प्रेस काउन्सिल नेपालको आयोजनामा २०८२ साउन १६ गते काउन्सिलको सभाहलमा मिडिया काउन्सिल विधेयक विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। छलफलमा काउन्सिलका पूर्वअध्यक्ष, नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष, वर्तमान उपाध्यक्ष, मिडिया काउन्सिल विधेयकका केही मस्यौदाकार तथा विभिन्न सञ्चार माध्यमका सम्पादक सहभागी हुनुहुन्थ्यो।

छलफलमा काउन्सिल सदस्य विजयराज अधिकारी, मुख्य अधिकृत झबिन्द्र भुसाल, वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनाल, सहप्रशासकीय अधिकृत रामशरण बोहरा, उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँ तथा विभिन्न मिडियाका प्रतिनिधि समेतको सहभागिता रहेको थियो । विधेयकका सम्बन्धमा अध्ययन तथा सुझाव सङ्कलन गर्न काउन्सिल सदस्य बालकृष्ण अधिकारीको संयोजकत्वमा ५ सदस्यीय उपसमिति गठन गरिएको थियो। काउन्सिलका सदस्य पदमराज जोशीले सहजीकरण गर्नुभएको छलफलको संयोजन बालकृष्ण अधिकारीले गर्नुभएको थियो भने काउन्सिल सदस्य भीमलाल श्रेष्ठले स्वागत व्यक्त गर्नुभएको थियो। कार्यक्रममा काउन्सिलका पूर्वअध्यक्ष हरिहर विरही र राजेन्द्र दाहाल, पूर्व कार्यवहाक अध्यक्ष किशोर श्रेष्ठ, नेपाल पत्रकार महासङ्घका पूर्वसभापति तारानाथ दाहाल, पूर्व अध्यक्ष डा. महेन्द्र बिष्ट र नेपाल पत्रकार महासङ्घ उपाध्यक्ष नितु पण्डित, अग्रज पत्रकार बबिता बस्नेत, बाह्रखरी डटकमका प्रधानसम्पादक प्रतीक प्रधान, कान्तिपुर दैनिकका प्रधानसम्पादक उमेश चौहान, इमेज ग्रुपका समाचार प्रमुख जगदीश खरेल, न्युज एजेन्सी नेपालका सम्पादक सविन धमला लगायतको सहभागिता रहेको थियो। वक्ताहरूले मिडिया काउन्सिल विधेयकमा काउन्सिलको पुनर्संरचना, सञ्चारका सबै विधा र क्षेत्रलाई समेट्ने गरी विधेयक आउनुपर्ने बताउनुभयो।

सदस्य-सचिवलाई स्वागत

२०८२ भदौ २२ गते प्रेस काउन्सिल नेपालका सदस्य-सचिव उदयबहादुर रानामगरलाई काउन्सिलमा स्वागत गरियो । उहाँलाई सदस्यहरू कुमारी निमा काफ्ले, पदम राज जोशी, बालकृष्ण अधिकारी, भीमलाल श्रेष्ठ, नकुल अर्याल, शन्तराम बिडारी, मुख्य अधिकृत झबिन्द्र भुसाल, वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनाल, उपप्रशासकीय अधिकृत तथा प्रेस काउन्सिल कर्मचारी सङ्घका अध्यक्ष रहमतुल्ला मियाँले स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा सदस्य पदमराज जोशीले काउन्सिलले अनुभवी सदस्य-सचिव पाएकाले काउन्सिलको गरिमा अझ उच्च हुने विश्वास व्यक्त गर्नुभयो । सदस्य-सचिव रानामगरले पत्रकारिता र आमसञ्चार विषय आफ्नो लागि नयाँ भएकाले सबैबाट सिक्दै अगाडि बढ्ने बताउनुभयो । मुख्य अधिकृत झबिन्द्र भुसालले सहजीकरण गर्नुभएको कार्यक्रममा वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले काउन्सिलको बारेमा जानकारी गराउनुभएको थियो ।

काउन्सिलले मनायो ५६ औँ वार्षिकोत्सव

प्रेस काउन्सिलले नेपालले २०८३ असोज ६ गते ५६ औँ वार्षिकोत्सव मनायो । देशमा विकसित घटनाक्रमलाई मध्यनजर गर्दै अन्य कार्यक्रम स्थगन गर्दै काउन्सिलले सरल तरिकाले वार्षिकोत्सव मनाएको थियो । काउन्सिलका सदस्य नकुल अर्यालको अध्यक्षतामा भएको कार्यक्रममा काउन्सिलको ५० औँ वार्षिक प्रतिवेदन र अङ्ग्रेजी प्रकाशन मिडिया जर्नल सार्वजनिक गरियो । वार्षिकोत्सवका अवसरमा वितरण हुँदै आएका पुरस्कार भने प्रदान गरिएनन् ।

काउन्सिलको वार्षिक प्रगतिको सङ्क्षिप्त विवरण प्रस्तुत गर्दै मुख्य अधिकृत झबिन्द्र भुसालले काउन्सिलका पूर्वाधार, विद्यमान प्रणालीमा सुधार गरेर डिजिटल काउन्सिल बनाउने, काउन्सिल ऐन, सम्बद्ध नियम, विनियम, कार्यविधि निर्देशिका, आचारसंहिता संशोधन, परिमार्जन तथा सङ्घीय संरचनाअनुसार स्थानीय तहसम्म सञ्चार माध्यम, पत्रकारको अध्ययन अनुगमन कार्य अबको कार्यभार रहेको उल्लेख गर्नुभयो ।

कार्यक्रमको अध्यक्षता गर्दै काउन्सिल सदस्य अर्यालले कुनै पनि राजनीतिक परिवर्तन र उपलब्धिमा काउन्सिल कति पनि विचलित नभइ आफ्ना उद्देश्यमा सधैँ क्रियाशील रहँदै आएको र रहिरहने उल्लेख गर्नुभयो । नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले सञ्चार माध्यमले तथ्यबिनाका सामग्री सम्प्रेषण गर्दा क्षति बेहोर्नुपरेको बताउनुभयो । न्यूनतम् पारिश्रमिक निर्धारण समितिका अध्यक्ष संगिता खड्काले अहिलेको परिस्थितिमा

काउन्सिलको महत्व र भूमिका अझै बढेको बताउनुभयो । मधेस मिडिया काउन्सिलका कार्यवाहक अध्यक्ष सुरेशकुमार यादवले प्रादेशिक संरचनालाई सहयोगी निकायको रूपमा बुझिदिन अनुरोध गर्नुभयो । नेपाल बार काउन्सिलका उपाध्यक्ष तेजबहादुर रावलले काउन्सिलका ऐन, नियम, कानुन संशोधनमा सहयोग गर्न तयार रहेको बताउनुभयो ।

प्रेस काउन्सिल नेपाल कर्मचारी सङ्घका अध्यक्ष एवं उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँले कम जनशक्ति हुँदा पनि काउन्सिलले आफ्नो भूमिका प्रभावकारी बनाएर काम गरिरहेको बताउनुभयो । कार्यक्रममा काउन्सिलका सदस्यहरू कुमारी निमा काफ्ले, केशवशरण लामिछाने, पदम राज जोशी, बालकृष्ण अधिकारी, विजयराज अधिकारी, शन्तराम बिडारी, नेपाल पत्रकार महासङ्घकी उपाध्यक्ष नितु पण्डित, कोषाध्यक्ष रामकृष्ण अधिकारीलगायत काउन्सिलका कर्मचारीको सहभागिता रहेको थियो । काउन्सिलका सदस्य सचिव एवं सूचना तथा प्रसारण विभागका महानिर्देशक उदयबहादुर रानामगरको स्वागत मन्तव्य रहेको कार्यक्रमको सहजीकरण काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले गर्नुभएको थियो ।

सञ्चारमन्त्रीलाई स्वागत

२०८२ आश्विन २६ गते सञ्चार तथा सूचना प्रविधि मन्त्री जगदीश खरेललाई काउन्सिलमा स्वागत गरियो । स्वागतका क्रममा बोल्दै मन्त्री खरेलले प्रेस काउन्सिल नेपालको स्वयत्तताको सम्मान गर्दै काउन्सिललाई थप प्रभावकारी बनाउन सरकार तयार रहेको बताउनुभयो । काउन्सिलको तत्काल बढाउन सकिने, साधन-स्रोत बढाउन, विनियमवली संशोधन तथा थप बजेटसम्बन्धी कार्यलाई अर्थ मन्त्रालयसँग समन्वय गरी मन्त्रिपरिषद्मा लैजान आफू तयार रहेको बताउनुभयो ।

काउन्सिल सदस्य कुमारी निमा काफ्लेले काउन्सिल परम्परागतरूपमा नभइ मिडिया क्षेत्रका सबै पक्षलाई हेर्नेगरी आधुनिक काउन्सिलका रूपमा उभिन चाहेकाले यस अभियानमा सहयोग गर्न आग्रह गर्नुभयो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले काउन्सिललाई नीतिगत र प्रशासनिकरूपमा सहयोग गर्न मन्त्रालय तत्पर रहेको बताउनुभयो । काउन्सिल सदस्य बालकृष्ण अधिकारीले काउन्सिलले सक्रितापूर्वक अनुगमन गर्दै आएको बताउनुभयो । कार्यक्रममा काउन्सिलका सदस्यहरू नकुल अर्याल, पदम राज जोशी, भीमलाल श्रेष्ठ, विजयराज अधिकारी, शन्तराम बिडारीले काउन्सिलले यसअघि र जेन्जी आन्दोलनपछि पनि सक्रिय रूपमा भूमिका निर्वाह गरेको प्रष्ट पार्नुभयो ।

काउन्सिलका सदस्य-सचिव उदय बहादुर रानामगरले सहजीकरण गर्नुभएको कार्यक्रममा मुख्य अधिकृत झबिन्द्र भुसालले काउन्सिलले हालसम्म गरेका प्रगति, समस्या, चुनौती र आगामी दिनमा गर्नुपर्ने कार्यका लागि मन्त्रालयले गर्नुपर्ने विभिन्न सहयोगलगायतका विषयमा जानकारी गराउनुभएको थियो । कर्मचारीका सेवा सुविधासम्बन्धी विषय, काम गर्दाका अप्ठ्यारा आदिबारेमा प्रेस काउन्सिल नेपाल कर्मचारी सङ्घका अध्यक्ष एवं उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँले जानकारी गराउनुभएको थियो ।

काउन्सिलको सहयोग

प्रेस काउन्सिल नेपालले जेन्जी प्रदर्शनका समाचार सङ्कलनका क्रममा गोली लागेर घाइते भएका पत्रकारलाई २०८२ आश्विन २९ गते आर्थिक सहयोग हस्तान्तरण गरेको थियो । काउन्सिलका सदस्य भीमलाल श्रेष्ठले कान्तिपुर टेलिभिजनका फोटोपत्रकार श्याम श्रेष्ठ, नयाँपत्रिका दैनिकका दिपेन्द्र ढुङ्गाना र नेपाल प्रेस डटकमका उमेश कार्कीलाई सहयोग रकमको चेक हस्तान्तरण गर्नुभएको थियो । सोही प्रदर्शनका क्रममा गोली लागी घाइते भएका स्वतन्त्र पत्रकार शम्भु दङ्गाल भने अस्वस्थताका कारण उपस्थित हुन सक्नुभएन । यसैबिच काउन्सिलले समाचार सङ्कलनका क्रममा चितवनमा दुर्घटनामा परी गम्भीर घाइते भएका पत्रकार अनिल ढकाल र सुदन पौडेललाई पनि आर्थिक सहयोग प्रदान गरेको थियो ।

"संवाद र सञ्चारमा स्वजागरण" कार्यक्रम

प्रेस काउन्सिल नेपालको आयोजना र जीवन विज्ञानको सहकार्यमा २०८२ कार्तिक २३ गते "संवाद र सञ्चारमा स्वजागरणः सुख, शान्ति र समृद्धिको जागरण" कार्यक्रम सम्पन्न भयो । कार्यक्रमलाई सम्बोधन गर्दै सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले मानिसले आफ्नो जीवनमा आउने दुःख र सङ्घर्षमा पनि खुसी हुन सके जीवनका अधिकांश समय सहज र सुखमय बन्ने बताउनुभयो । "दुःख जीवनभर रहन्छ, तर सुख क्षणभरको हुन्छ । त्यसैले दुःखमा समेत खुसी हुनसक्नु नै जीवनको सबैभन्दा ठुलो उपलब्धि हो । मनमा शान्ति र खुसी हुनु नै जीवनको सुख हो" मन्त्री खरेलले भन्नुभयो ।

कार्यक्रममा जीवन विज्ञानका विशेषज्ञ एलपी भानु शर्माले वर्तमान समयमा नेपालमा बढ्दै गएको मानसिक स्वास्थ्य समस्याप्रति चिन्ता व्यक्त गर्दै उहाँले आफूभित्रको खुसीलाई कसरी उजागर गर्ने भन्ने कुरा बुझ्न जरुरी भएको बताउनुभयो । प्रेस काउन्सिल नेपालका सदस्य पदमराज जोशीको अध्यक्षतामा भएको कार्यक्रम काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत

दीपक खनालले सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्मा, न्यूनतम् पारिश्रमिक निर्धारण समितिका अध्यक्ष संगीता खड्का, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्याल, सहसचिव उदयबहादुर रानामगर काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसाल लगायत कर्मचारीहरू, सञ्चारकर्मी, र जीवन विज्ञानका अभ्यासकर्ता सहभागी हुनुहुन्थ्यो ।

सदस्य-सचिवलाई स्वागत

प्रेस काउन्सिल नेपालका सदस्य-सचिव छबीन्द्र पराजुलीलाई २०८२ कार्तिक २७ गते काउन्सिलमा स्वागत गरिएको थियो । स्वागतका क्रममा सदस्य कुमारी निमा काफ्लेले काउन्सिलले सदस्य-सचिव र काउन्सिलको टिमको सहकार्यबाट परिणाममुखी कार्य हुने विश्वास व्यक्त गर्नुभयो । सदस्य-सचिव पराजुलीले काउन्सिल बलियो भयो भने समाज, सरकार, सञ्चार माध्यम र नागरिक पनि बलियो हुने बताउनुभयो । मुख्य अधिकृत झबिन्द्र भुसालले काउन्सिलको स्थापना, संरचना, काम-कारबाहीका बारेमा जानकारी गराउनुभएको थियो ।

प्रेस स्वतन्त्रता र आचारसंहिता (उपत्यका)

प्रेस काउन्सिल नेपालले सञ्चार माध्यममा प्रेस स्वतन्त्रता र आचारसंहिता पालनाको अवस्थाबारे २०८२ कार्तिक २७ गते नेपाल पत्रकार महासङ्घका काठमाडौँ उपत्यकामा रहेका विभिन्न शाखा र प्रतिष्ठान शाखाका प्रतिनिधिसँग प्रेस स्वतन्त्रता र आचारसंहिता विषयक अन्तरक्रिया भयो । काउन्सिलको प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित उपसमितिको आयोजनामा भएको कार्यक्रममा संयोजक बालकृष्ण अधिकारीले सहजीकरण र सहभागीका जिज्ञासाको जवाफ दिनुभएको थियो । अन्तरक्रियामा सहभागीले श्रमजीवी पत्रकारको पारिश्रमिक समस्या र सामाजिक सुरक्षा समस्या मात्रै नभइ सञ्चार माध्यममा पत्रकार आचारसंहिता पालनाको अवस्था कमजोर भएको बताउनुभयो ।

काउन्सिलका सदस्यहरू नकुल अर्याल, पदम राज जोशी, विजयराज अधिकारी, शन्तराम बिडारीले पत्रकार आचारसंहिताको पालनाबाट नै पत्रकारिताका सबै समस्या समाधान हुने बताउनुभयो । यस्तै नेपाल पत्रकार महासङ्घका वरिष्ठ उपाध्यक्ष दीपक आचार्य श्रमजीवी पत्रकारका समस्या समाधानका लागि महासङ्घले कार्य गरिरहेको बताउनुभयो । काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसालले काउन्सिलबाट भएको प्रेस

स्वतन्त्रता र आचारसंहिता अनुगमनको अवस्थाबारे तथ्याङ्कसहित प्रस्तुत गर्नुभएको थियो।

वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले स्वागत गर्नुभएको कार्यक्रममा सूचना तथा प्रशारण विभागका अधिकृत शान्ति लामा, पत्रकार समिर बलामी, सलोजा दाहाल, शोभा अर्याल, टेनिस रोका, माधव तिवारी, अनिल बोगटी, कृष्ण लिम्बु, सरोज ढुंगेल, सुरेन्द्र शिल्पकार, शंकर खनाल, भगवती तिमल्सेना, हरि भेटवाल, यमन पौडेल, भुषण पोखरेल, रमेश वाग्ले, यशोदा अधिकारी लगायतले आफ्ना धारणा राख्नुभएको थियो।

प्रेस स्वतन्त्रता र आचारसंहिता (महासङ्घ केन्द्रीय पदाधिकारी)

प्रेस काउन्सिल नेपालको आयोजनामा नेपाल पत्रकार महासङ्घका केन्द्रीय पदाधिकारी र सदस्यसँग भएको "प्रेस स्वतन्त्रता र आचारसंहिता" अन्तरक्रियामा बोल्ने वक्ताले पत्रकार आचारसंहितालाई प्रदेश र जिल्ला जिल्लामा प्रचारप्रसार गर्नुपर्ने बताए। २०८२ कार्तिक ३० गते काउन्सिलमा भएको कार्यक्रममा बोल्दै महासङ्घका पदाधिकारी तथा सदस्यले समयानुकूल काउन्सिलको भूमिका फराकिलो बनाउन आवश्यक रहेको बताए।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्माले काउन्सिल र महासङ्घबिच सहकार्य गरेर नै पत्रकार आचारसंहिताको प्रभावकारी कार्यान्वयन हुने प्रष्ट पार्नुभयो । काउन्सिल सदस्यहरू कुमारी निमा काफ्ले, नकुल अर्याल, बालकृष्ण अधिकारी, विजयराज अधिकारी र शन्तराम बिडारीले काउन्सिलले सम्बद्ध सबै पक्षका सुझाव ग्रहण गरेर अगाडि बढ्ने बताउनुभयो । काउन्सिल सदस्य बालकृष्ण अधिकारीले सहजीकरण गर्नुभएको कार्यक्रममा काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसाल, नेपाल पत्रकार महासङ्घका वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, उपाध्यक्ष नितु पण्डितलगायत सहभागी हुनुहुन्थ्यो।

काउन्सिल अध्यक्ष डा. आचार्यद्वारा पदबहाली

प्रेस काउन्सिल नेपालका नवनियुक्त अध्यक्ष डा. कुमार शर्मा आचार्यले २०८२ मङ्सिर २१ गते पदबहाली गर्नुभयो । प्रेस काउन्सिल नेपालको बैठकसम्बन्धी कार्यविधि, २०७१ को २(ङ)अनुसार अध्यक्ष डा. आचार्यले काउन्सिल सदस्यहरूको उपस्थितिमा शपथग्रहण गर्नुभएको थियो । मुलुक सङ्कटपूर्ण अवस्थामा रहेको बेला आफू काउन्सिलको नेतृत्वमा आएको बताउँदै अध्यक्ष डा. आचार्यले मेलमिलापको वातावरण बनाएर सबै पदाधिकारी र कर्मचारीसँग सल्लाहसुझाव लिँदै अगाडि बढ्ने उल्लेख गर्नुभयो।

अध्यक्ष डा. आचार्यलाई स्वागत गर्दै सदस्यहरू कुमारी निमा काफ्ले, शन्तराम बिडारी,

नकुल अर्याल, बालकृष्ण अधिकारी, निर्मला शर्माले नीतिगत निर्णय र विवाद समाधानमा काउन्सिलको भूमिका अझै सशक्त हुने विश्वास व्यक्त गर्नुभयो । मुख्य अधिकृत झबिन्द्र भुसालले सहजीकरण गर्नुभएको कार्यक्रममा काउन्सिल सदस्यहरू केशवशरण लामिछाने, भीमलाल श्रेष्ठ, रामप्रसाद दाहाल, विजयराज अधिकारी, सदस्य-सचिव छबीन्द्र पराजुली, काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनाल, सहप्रशासकीय अधिकृत रामशरण बोहरा, उपप्रशासकीय अधिकृतद्वय राधेश्याम अधिकारी र रहमतुल्ला मियाँलगायत कर्मचारीको उपस्थिति रहेको थियो। वरिष्ठ अधिवक्ता डा. आचार्य २०८२ मङ्सिर १५ गतेको मन्त्रीपरिषद् बैठकको निर्णयबाट काउन्सिल अध्यक्ष मनोनित हुनुभएको थियो।

पूर्वअध्यक्षहरूसँग छलफल

प्रेस काउन्सिल नेपालले पूर्वअध्यक्षहरूसँग समसामयिक विषयमा २०८२ मङ्सिर २९ गते छलफल गरी सुझाव सङ्कलन गरेको छ । काउन्सिल अध्यक्ष डा. कुमार शर्मा आचार्यले पूर्वअध्यक्षहरूका अनुभव र सुझावअनुसार काउन्सिललाई अघि बढाउन चाहेको बताउनुभयो । छलफलमा पूर्व कार्यवाहक अध्यक्ष सोमनाथ घिमिरेले तत्कालीन समयमा सल्लाहकार समितिसमेत गठन गरी समितिको सुझावअनुसार काम गर्ने गरिएको उल्लेख गर्नुभयो । पूर्व कार्यवाहक अध्यक्ष गोपाल बुढाथोकीले काउन्सिल अन्तर्गत रहेको वितरण सम्परीक्षण समितिबाट हुने पत्रपत्रिका वर्गीकरणको मूल्याङ्कनको मापदण्ड समाचारको विषयवस्तुका आधारमा गराउन सुझाव दिनुभयो। काउन्सिलका निवर्तमान अध्यक्ष बालकृष्ण बस्नेतले काउन्सिलले आफ्नो क्षेत्राधिकारभित्रको कार्य गर्न पनि ऐन तत्काल संशोधन हुनु आवश्यक रहेको बताउनुभयो । मुख्य अधिकृत झबिन्द्र भुसालले सहजीकरण गरेको कार्यक्रममा काउन्सिलका सदस्य पदमराज जोशीले धन्यवाद व्यक्त गर्नुभएको थियो।

सहकार्य गर्न सहमति

पत्रकार आचारसंहिता र सूचनाको हक सम्बन्धमा संयुक्तरूपमा अभिमुखीकरण गर्न प्रेस काउन्सिल नेपाल र राष्ट्रिय सूचना आयोगबिच २०८२ पुस १७ गते सहमति भएको छ।

प्रेस काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्यको नेतृत्वमा गएको टोलीबिच राष्ट्रिय सूचना आयोगमा भएको छलफलका दुई बुँदे सहमति भएको हो। सहमतिका क्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्य, प्रमुख सूचना आयुक्त डा. सुरेश आचार्य, आयुक्तहरू गगन विष्ट र दुर्गा भण्डारी पौडेल, काउन्सिलका सदस्य बालकृष्ण

अधिकारी, आयोगका सचिव दीर्घराज मैनाली, सूचना तथा प्रसारण विभागका महानिर्देशक छबीन्द्र पराजुली, प्रेस काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसाल, वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनाल, आयोगका उपसचिवहरू सन्तोष कुमार दाहाल, देवेन्द्र कार्की र प्रेमचन्द अर्याल उपस्थिति हुनुहुन्थ्यो।

काउन्सिल र पिएसबीएनबीच छलफल

प्रेस काउन्सिल नेपाल र सार्वजनिक सेवा प्रसारण नेपाल (पि.एस.बी.एन.) बिच पत्रकार आचारसंहिता, समाचार सम्प्रेषण तथा पत्रकारिताको अभ्यासमा देखिएका चुनौतीलगायतका विषयमा २०८२ पुस १७ गते छलफल भयो। छलफलमा काउन्सिल अध्यक्ष डा. आचार्यले पत्रकार/सञ्चार माध्यमलाई दण्डनात्मक नभइ सुधारात्मक दृष्टिकोण अपनाएर अघि बढाउने धारणा राख्नुभयो। पि.एस.बी.एन.का कार्यकारी अध्यक्ष डा. महेन्द्र विष्टले पि.एस.बी.एन. पत्रकार आचारसंहिता पालनामा प्रतिबद्ध रहेको बताउँदै काउन्सिललाई अझै स्वतन्त्र, स्वायत्त बनाउनमै जोड दिनुपर्ने बताउनुभएको थियो।

काउन्सिलका सदस्य बालकृष्ण अधिकारी, मुख्य अधिकृत झबिन्द्र भुसाल, पि.एस. बी.एन.का प्रमुख प्रशासकीय अधिकृत विष्णुराम न्यौपाने, एन.टि.भी.का समाचार प्रमुख पुष्पहरि क्याम्पा राई र रेडियोका समाचार प्रमुख पवन प्याकुरेल, नेपाल पत्रकार महासङ्घ रेडियो शाखाका अध्यक्ष भूषण पोखरेललगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो। नेपाल पत्रकार महासङ्घ एन.टि.भी. शाखाका अध्यक्ष सुरेन्द्र पौडेलले सहजीकरण गर्नुभएको उक्त कार्यक्रममा काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालसहित पि.एस. बी.एन. का वरिष्ठ अधिकृतहरूको सहभागिता थियो।

अन्तर्राष्ट्रिय सञ्चार माध्यमका पत्रकारसँग छलफल

पत्रकार आचारसंहिता कार्यान्वयनबारे अन्तर्राष्ट्रिय सञ्चार माध्यमका पत्रकारसँग छलफल कार्यक्रम २०८२ पुस २८ गते सम्पन्न भयो। प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्यको प्रमुख आतिथ्यता र काउन्सिलको अन्तर्राष्ट्रिय सम्बन्ध उपसमितिका संयोजक कुमारी निमा काफ्लेको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो।

वरिष्ठ पत्रकार युवराज घिमिरेले आचारसंहिताको महत्व र पत्रकारिताबारे प्रकाश पार्नुभएको उक्त कार्यक्रममा दूरदर्शन र एआईआरका लागि कार्यरत श्वेता सिंह, एएफपीका लागि प्रकाश माथेमा र पावन माथेमा, इन्डिया टुडे समूहका पंकज दास, डब्ल्यूआईओएनकी

सलोनी मुरार्का, चाइना मिडिया ग्रुपकी वर्षा (झाङ युए), प्रेस ट्रस्ट अफ इन्डिया (पीटीआई) का शिरीष बी. प्रधान, निम्जेनका रजनिश भण्डारी तथा एसिया प्यासिफिक डेलीकी सृष्टि काफ्ले लगायतले नेपालमा रिपोर्टिङ गर्दाको जटिलता, आचारसंहिताको पालना विषयमा आआफ्नो धारणा राख्नुभएको थियो।

सूचना तथा प्रसारण विभागका महानिर्देशक तथा प्रेस काउन्सिल नेपालका सदस्य-सचिव छबीन्द्र पराजुली, काउन्सिलका सदस्य भीमलाल श्रेष्ठ र मुख्य अधिकृत झबिन्द्र भुसालले प्रेस काउन्सिल नेपालले गरिरहेको अनुगमन, आचारसंहिता पालनाको अवस्थाबारे जानकारी गराउनुभएको थियो।

छापा माध्यमका सम्पादकसँग प्रेस काउन्सिल

प्रेस काउन्सिल नेपालमा विभिन्न छापा माध्यमका सम्पादकसँग 'पत्रकार आचारसंहिताको कार्यान्वयन, निर्वाचन र मिडियाको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम २०८२ माघ १४ गते सम्पन्न भयो।

कार्यक्रमको अध्यक्षता गर्दै काउन्सिलका अध्यक्ष डा.कुमार शर्मा आचार्यले पत्रकार तथा निर्वाचन आचारसंहितामा प्रतिबद्ध रहन आग्रह गर्दै काउन्सिललाई विगतमा भन्दा फरक ढङ्गले लैजान चाहेको बताउनुभयो। उहाँले पत्रपत्रिका वितरण सम्परीक्षण (वर्गीकरण), पुरस्कार लगायतका विषयलाई व्यवस्थित बनाउन लागिएको जानकारी दिनुभयो।

नागरिक दैनिकका प्रधानसम्पादक गुणराज लुईंटेलले पत्रकार आचारसंहिता, निर्वाचन आचारसंहिता र मिडियाको भूमिका विषयमा आफ्नो प्रस्तुति राख्नुभएको थियो। काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले छापा सञ्चार माध्यमका सामग्रीका पछिल्ला प्रवृत्ति र काउन्सिलमा परेका उजुरीबारे जानकारी गराउनुभयो।

कार्यक्रममा गोरखापत्र राष्ट्रिय दैनिकका प्रधानसम्पादक जुनारबाबु बस्नेत, राजधानी दैनिकका सम्पादक डिल्ली आचार्य, ताजाखबर साप्ताहिकका ईश्वरी वाग्ले, मध्यान्ह दैनिकका जनक नेपाल, आदर्श समाज दैनिकका कृष्ण प्रसाद बास्तोला, विजयपुर साप्ताहिकका सम्पादक गंगा पौडेल बराल, अग्निचक्र मासिकका सम्पादक लक्ष्मीनारायण भट्टराई, तामाकोशी साप्ताहिकका सम्पादक रामचन्द्र बस्नेत, द पब्लिकका सम्पादक बिणा सिन्हा, देश विकास साप्ताहिकका सम्पादक रामकृष्ण पौडेल, नविन सन्देश मासिकका सम्पादक कल्पना शर्मा, पूर्ण मासिकका सम्पादक सम्झना बन, तामाङ डाजाङ मासिकका अर्जुनबहादुर तामाङले आ-आफ्नो धारणाा राख्नुभएको थियो।

काउन्सिलका सदस्य पदमराज जोशीले सहजीकरण गर्नुभएको उक्त कार्यक्रममा काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराले सामाजिक सञ्जालसम्बन्धी अनुगमनका सन्दर्भमा उठेका जिज्ञासाको जवाफ दिनुभएको थियो । काउन्सिलका सदस्यहरू कुमारी निमा काफ्ले, नकुल अर्याल, बालकृष्ण अधिकारी, शन्तराम बिडारी, काउन्सिलका सदस्य सचिव छबीन्द्र पराजुली, मुख्य अधिकृत झबिन्द्र भुसालको उपस्थिति रहेको थियो ।

निर्वाचन आचारसंहितासम्बन्धी छलफल

प्रेस काउन्सिल नेपालको आयोजनामा 'पत्रकार आचारसंहिताको कार्यान्वयन, निर्वाचन र मिडियाको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम २०८२ माघ १५ गते काठमाडौँमा सम्पन्न भयो ।

कार्यक्रमको अध्यक्षता गर्दै काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्यले काउन्सिलले स्वच्छ, निष्पक्ष र स्वतन्त्र भइ काम गरिरहेको बताउनुभयो । काउन्सिलले पत्रकारिताको व्यावसायिक अभ्यासलाई उच्च पेसागत, मर्यादित, जवाफदेही एवं उत्तरदायी बनाउँदै आगामी दिनमा थप सुधारोन्मुख भइ आफ्नो जिम्मेवारी पूरा गर्ने अध्यक्ष आचार्यले प्रतिबद्धता व्यक्त गर्नुभयो । कार्यक्रममा सूचना तथा सञ्चार प्रविधि मन्त्रालय, निर्वाचन आयोग, सूचना तथा प्रसारण विभाग, प्रेस काउन्सिलका सदस्यहरू र विभिन्न अनलाइन मिडियाका सम्पादकको सहभागिता थियो ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले समाचार सम्प्रेषण गर्दा पत्रकार र निर्वाचन आचारसंहिताको पालना गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा सूचना तथा प्रसारण विभागका महानिर्देशक तथा काउन्सिलका सदस्य सचिव छबीन्द्र पराजुलीले सञ्चार माध्यम सूचना प्रवाहको संवाहक भएको बताउँदै सही र सत्य समाचार सम्प्रेषण गरी पत्रकारिताको व्यावसायिक धर्म निर्वाह गर्न पत्रकारलाई आग्रह गर्नुभयो ।

काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले छापा सञ्चार माध्यमका सामग्रीका पछिल्ला प्रवृत्ति र काउन्सिलमा परेका उजुरीबारे जानकारी गराउनुभयो । कार्यक्रममा जसनेपाल डटकमका सम्पादक अरुण बराल, लोकान्तर डटकमका सम्पादक बिमल गौतम, पत्रकार महासङ्घको सचिव प्रकाश धौलकोटी, गोरखापत्र अनलाइनका लक्की चौधरी लगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो । काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराले सामाजिक सञ्जालसम्बन्धी अनुगमन र उजुरी प्रक्रियाबारे जानकारी गराउनुभएको थियो ।

'सुरक्षित इकोसिष्टम र समावेशी नेतृत्व' विषयक अन्तरक्रिया

प्रेस काउन्सिल नेपालले ११६ औँ अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा 'पत्रकार महिलाका लागि सुरक्षित इकोसिस्टम र समावेशी नेतृत्व विषयक अन्तरक्रियात्मक कार्यक्रम २०८२ फागुन २६ गते सम्पन्न गरेको छ । कार्यक्रममा महिला पत्रकारको पेसागत सुरक्षा, समान अवसर, नेतृत्वमा पहुँच र लैङ्गिकमैत्री सञ्चार वातावरण निर्माणका विषयमा सरोकारवालाबिच विस्तृत छलफल गरिएको थियो ।

काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्यले कार्यक्रममा उठेका सुझावप्रति काउन्सिल प्रतिबद्ध रहने बताउँदै महिला पत्रकारसँग सम्बन्धित मुद्दालाई समयसापेक्षरूपमा काउन्सिलको अधिकारक्षेत्रभित्र रहेर सम्बोधन गरिने र काउन्सिलले सञ्चार माध्यम तथा पत्रकारको सीप र क्षमता अभिवृद्धिमा पनि प्राथमिकता दिने बताउनुभयो ।

काउन्सिलका सदस्य सचिव तथा सूचना तथा प्रसारण विभागका महानिर्देशक छबीन्द्र पराजुलीले महिला पत्रकारले आफ्नो क्षमता अभिवृद्धि गर्दै पेसागत विकासमा निरन्तर सक्रिय रहनुपर्नेमा जोड दिनुभयो । काउन्सिल सदस्य कुमारी निमा काफ्लेले अन्तर्राष्ट्रिय महिला दिवसलाई महिलाले आफ्नो अधिकार र उपलब्धिका लागि सक्रिय भएर अघि बढ्नुपर्ने दिनका रूपमा स्मरण गर्दै परम्परागत मिडियाको सिमित दायराबाट बाहिर निस्केर अर्थपूर्ण नेतृत्व स्थापित गर्नुपर्नेमा जोड दिनुभयो । वरिष्ठ पत्रकार बबिता बस्नेतले पत्रकारिता क्षेत्रमा महिला सहभागिता बढाउन र सञ्चार माध्यममा महिलासम्बन्धी सामग्रीको निगरानी गर्न काउन्सिलको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घका अध्यक्ष एवं काउन्सिलका सदस्य निर्मला शर्माले महिला पत्रकारको सङ्ख्या बढ्दै गएको भए पनि नेतृत्व तहमा उनीहरूको उपस्थिति अझै पर्याप्त हुन नसकेको बताउनुभयो । काउन्सिलका सदस्य पदमराज जोशी, न्यूनतम् पारिश्रमिक निर्धारण समितिका अध्यक्ष संगीता खड्का, नेपाल पत्रकार महासङ्घकी उपाध्यक्ष नितु पाण्डित, काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसाल, आचारसंहिता अनुगमन तथा उजुरी महाशाखा प्रमुख रामशरण बोहरा, उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँको सहभागिता रहेको कार्यक्रमको सहजीकरण उपप्रशासकीय अधिकृत सबिता ढकालले गर्नुभएको थियो ।

लेखकहरूसँग छलफल

प्रेस काउन्सिल नेपालको नियमित प्रकाशन संहिता त्रैमासिक जर्नलका लेखकहरूसँग २०८२ चैत्र १ गते छलफल भयो । जर्नलमा समावेश हुनुपर्ने विषयवस्तु, नेपाली पत्रकारिताको

अवस्था, समाधानमा लेखक/पत्रकारको भूमिका र काउन्सिलको प्रकाशनलाई प्रभावकारी बनाउने सम्बन्धमा लेखकहरूले धारणा र सुझाव व्यक्त गर्नुभएको थियो। संहिता, २०८२ पुस अङ्कका संयोजक रहनुभएका काउन्सिल सदस्य कुमारी निमा काफ्लेले अध्यक्षता गर्नुभएको कार्यक्रममा काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्यले संहिता जर्नलका माध्यमबाट नेपालको पत्रकारिताको विश्वसनीयता बढाउने गरी भूमिका खेल्न सकिने बताउनुभयो।

काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसालले सहजीकरण गर्नुभएको कार्यक्रममा सदस्य शन्तराम बिडारीले कतिपय विषयमा लेख लेख्दा लेखकहरूमाथि आक्षेप लाग्ने तथा व्यक्तिगतरूपमा आलोचना सहनुपरेको स्मरण गर्नुभयो। संहिता, २०८२ पुस अङ्कका प्रबन्ध सम्पादक रहनुभएका काउन्सिल सदस्य नकुल अर्यालले संहिताको गरिमा कायम रहने गरी लेखकहरूबाट अनुसन्धानमूलक लेखहरूको सङ्ग्रहित गर्न काउन्सिल प्रतिबद्ध रहेको बताउनुभयो। काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत (प्रवक्ता) दीपक खनालले कतिपय श्रमजीवी पत्रकार र प्रेस स्वतन्त्रताका विषयमा कार्य गर्दा काउन्सिलमाथि नै नकारात्मक प्रहार हुनेगरेको बताउनुभयो। काउन्सिलका उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँले संहिता जर्नलका माध्यमबाट पत्रकार आचारसंहिताको प्रभावकारिता बढाउन सकिने बताउनुभयो। कार्यक्रममा लेखकहरू यम विरही, बिमला तुम्खेवा, सीता न्यौपाने (सारा), राधेश्याम तिमल्सिना (पुकार), लक्की चौधरी, रुद्र खड्का, लक्ष्मीधर गुरागाईं, शर्मिला पण्डित, सुनिल पौडलले संहिता जर्नललाई समयसापेक्ष बनाउन सुझाव दिनुभएको थियो।

सञ्चार सम्बद्ध निकायसँग परामर्श

प्रेस काउन्सिल नेपालको आयोजनामा "प्रदेशस्तरीय सञ्चार सम्बद्ध निकायसँग परामर्श" बैठक २०८३ वैशाख ४ गते सम्पन्न भयो। कार्यक्रममा सातै प्रदेशका सञ्चार सम्बद्ध प्रतिनिधिले पत्रकारिता र सञ्चार माध्यमको हकहितका लागि भइरहेका काम, प्रगति र वर्तमान चुनौतीका विषयमा आ-आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो। काउन्सिलका सदस्य सचिव छबीन्द्र पराजुलीले सञ्चार माध्यम तथा सामाजिक सञ्जालमार्फत भ्रामक सूचना प्रवाह हुने क्रम बढेकाले आम जनमानसमा दुविधा पैदा भएको बताउनुभयो। मधेश प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र कुमार खड्काले मधेश प्रदेशमा पत्रकारिताको हकहितका लागि ऐन तथा नियमावली निर्माण भइ कार्यान्वयनको चरणमा रहेको उल्लेख गर्नुभयो। त्यस्तै, प्राधिकरणका कार्यवाहक अध्यक्ष सुरेश कुमार यादवले प्रदेशमा भएका सुधारका कार्यको चर्चा गर्दै प्रेस काउन्सिलकै आचारसंहिताको ढाँचामा स्थानीय भाषा

सुहाउँदो आचारसंहिता तयार पारिएको बताउनुभयो ।

लुम्बिनी प्रदेशका प्रदेश सचिव विनोद लामिछानेले कानुनी अस्पष्टताका कारण कार्यसम्पादनमा विभिन्न अड्चन आएको बताउँदै सङ्घीय सरकारले कानुन निर्माणमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । गण्डकी प्रदेशकी प्रेस रजिस्ट्रार बिमला भण्डारीले नयाँ मिडिया र सामाजिक सञ्जाललाई परिवर्तनको मुख्य हिस्साका रूपमा स्वीकार्दै यसलाई नियमनको दायरामा ल्याउन आवश्यक बहस हुनुपर्ने धारणा राख्नुभयो । सुदूरपश्चिम प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयकी उपसचिव सविना महर्जनले प्रदेशमा सञ्चार समन्वय समिति गठन भइसकेको र सञ्चारसम्बन्धी कानुन निर्माणको प्रक्रियामा रहेको जानकारी दिनुभयो । बागमती प्रदेशका सञ्चार रजिस्टार रेवतीप्रसाद सापकोटाले सञ्चार माध्यमलाई हेर्ने सत्ताको दृष्टिकोणमा परिवर्तन हुनुपर्ने बताउनुभयो । प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्यले प्रेस काउन्सिल र प्रदेशबिच सल्लाह र सहकार्यका साथ काम हुनुपर्ने बताउनुभयो । काउन्सिलका सदस्य बालकृष्ण अधिकारीले सहजीकरण गर्नुभएको कार्यक्रममा मुख्य अधिकृत झबिन्द्र भुसाल, वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनाल, उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँको सहभागिता रहेको थियो ।

स्तनपान कक्ष र महिलामैत्री शौचालय स्थापना

प्रेस काउन्सिल नेपालमा स्तनपान कक्ष र महिलामैत्री शौचालय २०८३ बैशाख १७ गते स्थापना गरिएको छ । कर्मचारी तथा सेवाग्राही महिलाका लागि सहज होस् भन्ने हेतुले स्तनपान कक्ष र महिलामैत्री शौचालय निर्माण गरिएको छ । काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्यले स्तनपान कक्ष र महिलामैत्री शौचालयको उद्घाटन गर्दै कुनै पनि कार्यस्थल महिलामैत्री हुनुपर्ने न्यूनतम् मापदण्ड काउन्सिलले पनि स्वीकार गरेको बताउनुभयो । काउन्सिलमा कर्मचारी र सेवाग्राहीका लागि महिनावारीका समयमा कुनै असहज नहोस् भन्ने हेतुले प्याड भेण्डिङ मेसिन जडान गरी सञ्चालनमा ल्याइएको छ ।

बिपिआर प्रतिवेदन

२०८३ जेठ १२ गते प्रेस काउन्सिल नेपालको विद्यमान सेवा प्रवाहलाई कसरी बलियो, प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा अध्ययन गर्न गठित कार्यप्रक्रिया पुनर्संरचना कार्यान्वयनसम्बन्धी प्रतिवेदन, २०८३ बुझाइएको छ । काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत (प्रवक्ता) एवं प्रशासन/अनुसन्धान तथा मिडिया प्रवर्धन महाशाखा प्रमुख दीपक

खनालको संयोजकत्वमा गठित कार्यदलले मुख्य अधिकृत झबिन्द्र भुसाललाई उक्त प्रतिवेदन बुझाएको थियो । प्रतिवेदनमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (ओ.एन्ड.एम.सर्भे) गरी काउन्सिलको बोर्ड तथा कर्मचारी संरचनालाई आधुनिक ढाँचाको बनाउनुपर्ने, सबै सेवालाई अनलाइन प्रणालीबाट प्रवाह गर्न सर्वप्रथम काउन्सिलमा एकीकृत अभिलेख तथा डिजिटलाइजेसन प्रणालीको व्यवस्था हुनुपर्ने, तत्कालको संरचनाभित्र रहेर पनि सेवाग्राहीलाई शीघ्र र सहज सेवा प्रदान गर्ने लगायतका कुरा उल्लेख छ ।

कार्यदलमा सहप्रशासकीय अधिकृत (आचारसंहिता अनुगमन तथा उजुरी सुनुवाइ महाशाखा प्रमुख) रामशरण बोहरा, उपप्रशासकीय अधिकृत (नीति, योजना तथा प्रशासन शाखा प्रमुख) रहमतुल्ला मियाँ, उपप्रशासकीय अधिकृत (आचारसंहिता अनुगमन शाखा प्रमुख) सबिता ढकाल, शाखा अधिकृत विष्णु शर्मा लम्साल, शाखा अधिकृत सुवास राई र अनुगमन अधिकृत सञ्चिता घिमिरे सदस्य रहनुभएको थियो ।

एआईको प्रयोगसम्बन्धी कार्यशाला

सूचना प्रविधिको क्षेत्रमा विकास भएको आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को तीव्र विस्तारले सञ्चार क्षेत्रलाई पनि निकै प्रभावित पारेको सन्दर्भलाई मध्यनजर गर्दै नेपाली पत्रकारितामा एआईको नैतिक र जिम्मेवार प्रयोगका लागि मार्गनिर्देशन तय गर्ने उद्देश्यले २०८३ असार ५ गते प्रेस काउन्सिल नेपालमा कार्यशाला सम्पन्न भयो ।

प्रेस काउन्सिल नेपाल र फ्रिडम फोरमको संयुक्त आयोजनामा "नेपाली पत्रकारितामा एआईको नैतिक र जिम्मेवार प्रयोगका लागि इथिकल फ्रेमवर्क" विषयक सम्पादकहरूसँगको कार्यशालामा पत्रकार तथा मिडिया विज्ञ तारानाथ दाहालले "पत्रकारितामा एआईको जिम्मेवार, नैतिक र विश्वसनीय प्रयोग" र पत्रकार जीवन भण्डारीले "नेपाली मिडियामा एआईको प्रयोग र आचारसंहिता" कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुत गर्दै उहाँहरूले विश्वभर पत्रकारितामा एआईको प्रयोग कसरी भइरहेको छ र नेपालको परिवेशमा यसका कस्ता चुनौतीहरू छन् भन्ने विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा काउन्सिलका सदस्य सचिव एवं सूचना तथा प्रसारण विभागका महानिर्देशक छबीन्द्र पराजुलीले एआईको प्रयोगसम्बन्धी ज्ञान पत्रकार, अनुगमनकर्ता र आम नागरिकलाई आवश्यक भइसकेको धारणा राख्नुभयो ।

प्रेस काउन्सिल नेपालका मुख्य अधिकृत झबिन्द्र भुसालले एआई प्रविधि पत्रकारिताका लागि सहयोगी साधन भए पनि यसले मानव चेत र पत्रकारिताको मूल मर्मलाई विस्थापित गर्न

नसक्ने बताउनुभयो । कार्यक्रममा काउन्सिलका उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँले नयाँ प्रविधिलाई अङ्गीकार गर्दा पत्रकारिताको विश्वसनीयता, तथ्यपरकता र जवाफदेहितामा सम्झौता हुन नहुने बताउनुभयो ।

कार्यशालामा दीपक ज्ञवाली, राजेश घिमिरे, जुनारबाबु बस्नेत, डिल्ली आचार्य, रामप्रसाद हुमागाई, भरतराज पोखरेल, अनुजराज ढुंगेल, कुवेर चालिसे, उर्वसी बस्नेत, कृष्णा पौडेल, उपासना घिमिरे, नवराज चालिसे, शिव सत्याल लगायतले अनुभव राख्नुभएको थियो । काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनालले सहजीकरण गर्नुभएको कार्यक्रममा फ्रिडम फोरमका अध्यक्ष हरिविनोद अधिकारीको अध्यक्षतामा भएको थियो ।

आचारसंहिता अभिमुखीकरण

प्रेस काउन्सिल नेपालको आयोजनामा २०८३ असार २९ गते अनलाइनका सञ्चालक/सम्पादकलाई पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रम भयो । कार्यक्रमको अध्यक्षता गर्दै काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसालले पछिल्लो समयमा पत्रकारिता क्षेत्रका गुनासोहरू बढेको, कन्टेन्टहरू कसरी भाइरल बनाउने र भ्युज बढाउने भन्ने होडबाजी भइरहेको भन्दै पत्रकारितालाई उत्तरदायी बनाउन सबै मिलेर सहकार्य गर्नुपर्ने औँल्याउनुभयो ।

स्रोतव्यक्ति वरिष्ठ पत्रकार शिव गाउँलेले पत्रकार आचारसंहिताबारे जानकारी गराउनुभएको थियो । स्रोतव्यक्ति पत्रकार अरुण बरालले विभिन्न निर्देशिकामा रहेका व्यवस्थाबारे जानकारी गराउँदै काउन्सिललाई अल्पसङ्ख्यक-मैत्री सञ्चार निर्देशिका बनाउन सुझाव दिनुभयो ।

उपप्रशासकीय अधिकृत सबिता ढकालले सहजीकरण गर्नुभएको कार्यक्रममा काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनाल, अनुगमन अधिकृत महेन्द्रराज सिंह, शाखा अधिकृत सुवास राई, अनलाइन सञ्चार माध्यमका सम्पादक र सञ्चालकको सहभागिता रहेको थियो ।

यसैगरी मिति २०८३ असार १ गते पत्रकार आचारसंहिता अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता गर्दै काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दीपक खनालले पत्रकार आचारसंहिताको अक्षरस पालना भएमा सञ्चार माध्यमको विश्वसनीयता झनै बढ्ने बताउनुभयो । कार्यक्रमका स्रोतव्यक्ति रत्नराज्य क्याम्पसका उपप्रध्यापक एवं आमसञ्चार र पत्रकारिता विभाग प्रमुख डा.जगत नेपालले पत्रकार आचारसंहिताबारे जानकारी गराउनुभएको थियो । स्रोतव्यक्ति पत्रकार थमन प्रसाद (टिपि)

भुसालले आचारसंहिता पालना भएमा मात्र व्यावसायिक साख जोगिने र कानुनी कारबाही र विवादबाट मुक्त हुन सकिने बताउनुभयो । सहभागीको जिज्ञासा र उठेका प्रश्नको जवाफ काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराले दिनुभएको थियो । काउन्सिलका लेखा अधिकृत सिर्जना घिमिरेले अनलाइन सञ्चार माध्यमले न्युज पोर्टल सञ्चालन गर्दा ध्यान दिनुपर्ने विषयमा प्रकाश पार्नुभएको कार्यक्रमको सहजीकरण शाखा अधिकृत सुवास राईले गर्नुभएको थियो ।

काउन्सिल अध्यक्ष श्रेष्ठद्वारा पदबहाली

प्रेस काउन्सिल नेपालका अध्यक्ष उमेश श्रेष्ठले २०८३ असार २९ गते कार्यभार सम्हाल्नुभयो । कार्यभार सम्हाल्नुअघि अध्यक्ष श्रेष्ठले उपस्थित काउन्सिल सदस्य सामुन्ने शपथ लिनुभएको थियो । शपथग्रहणपश्चात् उहाँले काउन्सिलमा पदबहाली गर्नुभयो । अध्यक्ष श्रेष्ठलाई काउन्सिल सदस्य निर्मला शर्मा, सदस्यसचिव छबीन्द्र पराजुली, मुख्य अधिकृत झबिन्द्र भुसाल, वितरण सम्परीक्षण समितिका सदस्य सन्तोष खड्का, वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनाल, सहप्रशासकीय अधिकृत रामशरण बोहरा, पत्रकारद्वय उज्ज्वल आचार्य र जन्मदेव जैसी, उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँसहित कर्मचारीले स्वागत गर्नुभएको थियो ।

नेपाली भाषाको पहिलो ब्लग "माइसंसारका" संस्थापक तथा "नेपाल फ्याक्टचेक"का सम्पादक रहनुभएका श्रेष्ठलाई सूचना तथा सञ्चार मन्त्रालयको सिफारिसमा २०८३ असार २४ गतेको मन्त्रिपरिषद् बैठकले काउन्सिल अध्यक्ष मनोनयन गर्ने निर्णय गरेको थियो । सञ्चार क्षेत्रमा "सालोक्य" उपनामले समेत परिचित उहाँसँग पत्रकारितामा दुई दशक बढीको कार्यअनुभव रहेको छ । वि.सं. २०३३ सालमा जन्मिनुभएका श्रेष्ठले आमसञ्चार तथा पत्रकारिता विषयमा स्नातकोत्तर तह उत्तीर्ण गर्नुभएको छ । श्रेष्ठले नयाँ सडक दैनिक, स्पेसटाइम दैनिक, सिटी टाइम्स, च्यानल नेपाल, एभिन्युज टेलिभिजन, नागरिकन्युज डटकम, अन्नपूर्णपोस्ट डटकम र पहिलोपोस्ट डटकममा काम गरिसक्नुभएको छ । उहाँ सेन्टर फर मिडिया रिसर्च (सीएमआर) नेपालका संस्थापक सदस्य हुनुहुन्छ । श्रेष्ठसँग सीएमआर जर्नालिज्म एकेडेमीमार्फत सञ्चारकर्मीका लागि तथ्याङ्क पत्रकारिता, तथ्यजाँच (फ्याक्ट चेक) र डिजिटल सुरक्षासम्बन्धी तालिम सहजकर्ताको अनुभवसमेत रहेको छ ।

साहित्यिक पत्रकारसँग अन्तर्क्रिया

प्रेस काउन्सिल नेपालको आयोजनामा २०८३ असार ३१ गते साहित्यिक पत्रकारसँग पत्रकार आचारसंहिता विषयक अन्तरक्रिया काठमाडौँमा सम्पन्न भयो । काउन्सिलका अध्यक्ष उमेश श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल साहित्यिक पत्रकार सङ्घका महासचिव तथा काउन्सिलका पूर्व सदस्य चेतनाथ धमलाले कार्यपत्र प्रस्तुत गर्दै छापामाध्यम सङ्कटमा परिरहेको बेलामा साहित्यिक पत्रिकाको अवस्था नाजुक रहेको हुनाले साहित्यिक पत्रकारिताको विकासका लागि सबै क्षेत्रबाट पहल हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल साहित्यिक पत्रकार सङ्घका अध्यक्ष मोहन दुवाल, वितरण सम्परीक्षण समितिका सदस्य सन्तोष खड्का, प्रा.डा.शैलेन्द्रप्रकाश नेपाल, नेपाल साहित्यिक पत्रकार सङ्घका वरिष्ठ उपाध्यक्ष एवं शिवपुरी सन्देश मासिकका सम्पादक वियोगी बुढाथोकी, निवर्तमान प्राज्ञ परिषद् सदस्य नेपाल प्रज्ञा प्रतिष्ठान तथा वैजयन्ती मासिककी सम्पादक हंसवती कुर्मी, प्रवीण जोशी, राज बल राई, विमल भौकाजी, आलोक चालिसे, पुष्प घिमिरे, पदम राई, गणेश राई बाम्बुले लगायतका साहित्यिकारको सहभागिता रहेको थियो । काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसालले स्वागत गर्नुभएको कार्यक्रमको सहजिकरण काउन्सिलका उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँले गर्नुभएको थियो ।

पत्रकार आचारसंहिता जागरण कार्यक्रम

नवलपरासी (पूर्व)

पत्रकार आचारसंहिता जागरण कार्यक्रमले मिडियाप्रति जनविश्वास वृद्धि गर्नुका साथै पत्रकार आचारसंहिताको पालना गर्दा पत्रकार तथा सञ्चार माध्यम विश्वसनीय, जिम्मेवार र समाजप्रति उत्तरदायी बन्ने भएकोले प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता जागरण कार्यक्रम गर्दै आइरहेको छ । यसै सन्दर्भमा काउन्सिलको आयोजना तथा नेपाल पत्रकार महासङ्घ नवलपरासी (पूर्व) शाखाको संयोजनमा २०८२ पुस २ गते कावासोतीमा "पत्रकार आचारसंहिता जागरण कार्यक्रम" भयो ।

काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्यको प्रमुख आतिथ्यमा भएको कार्यक्रमको अध्यक्षता महासङ्घ नवलपरासी (पूर्व)का अध्यक्ष श्रीराम सिग्देलले गर्नुभएको थियो । काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराले पत्रकार आचारसंहितासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको कार्यक्रममा काउन्सिल सदस्य शन्तराम बिडारी, शाखा अधिकृत

सुवास राई, पत्रकार महासङ्घ जिल्ला शाखाका सदस्यहरू र विभिन्न सञ्चार माध्यमका पत्रकारको सहभागिता रहेको थियो ।

कपिलवस्तु

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ कपिलवस्तु शाखाको संयोजनमा २०८२ पुस ३ गते तौलिहवामा "पत्रकार आचारसंहिता जागरण कार्यक्रम" सम्पन्न भएको थियो । काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्यको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घ कपिलवस्तु शाखाका अध्यक्ष डिलाराम सिग्देलको अध्यक्षता रहेको थियो । कार्यक्रममा महिला उपाध्यक्ष पार्वती पाण्डेले स्वागत गर्नुभएको थियो भने शाखाका सचिव हरि अधिकारी सहजिकरण गर्नुभएको थियो । काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराले पत्रकार आचारसंहितासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा काउन्सिल सदस्य शान्तराम बिडारी, शाखा अधिकृत सुवास राई, उक्त नेपाल पत्रकार महासङ्घ कपिलवस्तु शाखाका कार्यसमितिका सदस्यहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत पत्रकारको उपस्थिति रहेको थियो । अन्तरक्रियामा सहभागी पत्रकारले विशेष गरी सामाजिक सञ्जालको विकृति रोक्ने सम्बन्धमा काउन्सिलको भूमिका, आचारसंहिता पालना, पत्रपत्रिका वर्गीकरणबाट मर्का परेका विषय, पत्रकारले पाउने सहुलियत लगायतका विषयमा जिज्ञासा राख्नुभएको थियो । जिज्ञासाको जवाफ काउन्सिलका अध्यक्ष डा. आचार्य र सदस्य बिडारीले दिनुभएको थियो ।

दाङ

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ दाङ शाखाको संयोजनमा २०८२ पुस ४ गते दाङमा "पत्रकार आचारसंहिता जागरण कार्यक्रम" सम्पन्न भएको थियो । प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्य, सदस्य शन्तराम बिडारी, काउन्सिलका सहप्रशासकीय अधिकृत श्री रामशरण बोहरा, शाखा अधिकृत सुवास राईको सहभागिता रहेको कार्यक्रम नेपाल पत्रकार महासङ्घ दाङ शाखाका अध्यक्ष सन्तोष सुवेदीको अध्यक्षतामा भएको थियो ।

काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराले सहभागी पत्रकारलाई पत्रकार आचारसंहिताको विद्यामान व्यवस्थाको बारेमा अभिमुखीकरण गर्नुभएको थियो । कार्यक्रममा सहभागीको प्रश्नको जवाफ दिँदै काउन्सिलका अध्यक्ष डा. आचार्य र सदस्य

बिडारीले काउन्सिलले नियमनकारी भूमिकामा भन्दा बढी काउन्सिलले सहजीकरण गर्ने रणनीति लिएको हुँदा पत्रकार तथा सञ्चार माध्यमले काउन्सिलसँग खुलेर आफ्नो समस्या राख्न र पत्रकार आचारसंहिताको पालनामा हेल्चक्र्याइँ नगर्न आग्रह गर्नुभयो । कार्यक्रम काउन्सिलका शाखा अधिकृत सुवास राई, नेपाल पत्रकार महासङ्घ दाङ शाखाका कार्यसमितिका सदस्यहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत पत्रकारको उपस्थिति रहेको थियो । यसैबिच नेपाल पत्रकार महासङ्घ, दाङ शाखाको ३३ औँ वार्षिकोत्सवको अवसर दाङमा महासङ्घ शाखाले २०८२ पुस ४ गते प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्यलाई सम्मान गरेको थियो ।

रुपन्देही

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ रुपन्देही शाखाको संयोजनामा २०८२ पुस ५ गते बुटवलमा 'पत्रकार आचारसंहिता जागरण कार्यक्रम' सम्पन्न भएको थियो । काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमको अध्यक्षता नेपाल पत्रकार महासङ्घ रुपन्देही शाखाका अध्यक्ष दिनेश पाण्डेले गर्नुभएको थियो । कार्यक्रममा काउन्सिलका सदस्य शन्तराम बिडारी, नेपाल पत्रकार महासङ्घ केन्द्रीय सदस्य रामराज पोखरेल, दैनिकीका सम्पादक तथा बरिष्ठ पत्रकार डा. बालकृष्ण चापागाइँ, काउन्सिलका शाखा अधिकृत सुवास राई र सञ्चार गृहमा आबद्ध पत्रकारको उपस्थिति रहेको थियो ।

कार्यक्रममा काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराले पत्रकार आचारसंहितासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुका साथै काउन्सिलका सन्दर्भमा उठेका प्रश्नको जवाफ दिनुभएको थियो । पत्रकार महासङ्घ रुपन्देही शाखाका सचिव सि.पि. खनालले सञ्चालन गर्नुभएको कार्यक्रममा महासङ्घका उपाध्यक्ष रामप्रसाद आचार्यले स्वागत गर्नुभएको थियो ।

चितवन

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ चितवन शाखाको संयोजनामा २०८२ पुस ६ गते भरतपुरमा "पत्रकार आचारसंहिता जागरण कार्यक्रम" सम्पन्न भयो । नेपाल पत्रकार महासङ्घ चितवन शाखाका अध्यक्ष बसन्त पराजुलीले कार्यक्रमको अध्यक्षता गर्नुभएको थियो भने प्रमुख अतिथि काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्य

हुनुहुन्थ्यो । काउन्सिलका सदस्य शन्तराम बिडारी र जिल्लाका विभिन्न पत्रकार सम्बद्ध सङ्घ सङ्गठनका प्रमुखहरू सहभागी हुनुभएको कार्यक्रममा काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराले पत्रकार आचारसंहितासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा काउन्सिल अध्यक्ष डा. आचार्यले समग्र पत्रकारिताको विकासका लागि आफू प्रतिबद्ध रहेको विचार व्यक्त गर्नुभएको थियो । कार्यक्रममा वक्ताहरूले काउन्सिलद्वारा उपलब्ध गराइने सहयोग तथा सहुलियतलाई सहज बनाउने व्यवस्था गर्न आग्रह गर्नुभएको थियो।

बाँके

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ बाँके शाखाको संयोजनामा २०८२ माघ १९ गते नेपालगञ्जमा पत्रकार आचारसंहिता जागरण विषयक अन्तरक्रिया कार्यक्रम भयो । नेपाल पत्रकार महासङ्घ बाँके शाखाका अध्यक्ष नवीन गिरीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सहजिकरण कृष्ण ओलीले गर्नुभएको थियो। कार्यक्रममा पत्रकार आचारसंहिताको अवस्था, काउन्सिलको अनुगमन, उजुरी एवं कार्यान्वयनको अवस्था र निर्वाचन आचारसंहिताको बारेमा उपप्रशासकीय अधिकृत सबिता ढकालले जानकारी गराउनुभएको थियो। काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्यले सहमागीको प्रश्नको उत्तर दिँदै पत्रकार आचारसंहिता पालनामा हेल्चक्र्याइँ गर्न नहुने विचार राख्नुभयो । कार्यक्रममा नेपाल पत्रकार महासङ्घ लुम्बिनी प्रदेशका अध्यक्ष शुक्रऋषि चौलागाई, पूर्वअध्यक्ष निरजकुमार गौतम, कृष्ण अधिकारी, डा. डक्टप्रसाद धिताल, आरिफ अन्सारी, अछरी पोखरेल, कमल खत्री, वीरेन्द्र जैसी, विजय मल्ल, समिरमान श्रेष्ठ, रविन्द्र घिमिरे र सञ्चारकर्मीको सहभागिता रहेको थियो।

सिन्धुपलाञ्चोक

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ सिन्धुलाञ्चोक शाखाको संयोजनामा २०८२ फागुन ५ गते चौतारामा "पत्रकार आचारसंहिता जागरण कार्यक्रम" सम्पन्न भएको थियो। नेपाल पत्रकार महासङ्घ सिन्धुपाञ्चोक शाखाका अध्यक्ष ध्रुब दंगालको अध्यक्षतामा भएको कार्यक्रममा जिल्लाका विभिन्न सञ्चार माध्यममा आबद्ध सम्पादक/पत्रकारको सहभागिता रहेको थियो । काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्यले समग्र पत्रकारिताको विकासको सम्बन्धमा काउन्सिलले खेल्ने भूमिकाका

बारेमा स्पष्ट पार्नुभएको थियो । कार्यक्रममा काउन्सिलका सहप्रशासकीय अधिकृत रामशरण बोहराले पत्रकार आचारसंहितासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासङ्घका महासचिव रामप्रसाद दाहालले पत्रकार आचारसंहिताको पालना गर्न सबै सरोकारवालासँग आग्रह गर्नुभयो ।

निर्वाचन आचारसंहिता र मिडिया

धादिङः

निर्वाचन आचारसंहिता पालनामा मिडिया जागरण गराइ सोको प्रभावको उचित सम्बोधन गरी काम/कारबाही के/कसरी गर्ने भन्ने सन्दर्भमा प्रेस काउन्सिल नेपालले विभिन्न कार्यक्रम आयोजना गऱ्यो । यसै सन्दर्भमा २०८२ माघ १८ गते धादिङबेशीमा निर्वाचन आचारसंहिता र मिडिया विषयक अन्तरक्रिया भयो । प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ धादिङ शाखाको संयोजनमा भएको कार्यक्रममा प्रेस काउन्सिल नेपालका अध्यक्ष डा. कुमार शर्मा आचार्यको अध्यक्षता रहेको थियो । कार्यक्रममा काउन्सिल सदस्य केशवशरण लामिछानेले निर्वाचन आचासंहिता र पत्रकार आचारसंहितासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । अन्तरक्रियामा सहभागी पत्रकार र सञ्चारकर्मीले विशेष गरी ठूला साना अनलाइन र सामाजिक सञ्जालको अनुगमनमा देखिएको भिन्नता, निर्वाचन आचारसंहिता र पत्रकार आचारसंहिता कार्यान्वयनमा पत्रकारले सामना गर्नुपरेको आचारसंहिता पालनाको अवस्था, पत्रपत्रिका वर्गीकरणका सम्बन्धमा जिज्ञासा राख्नुभएको थियो ।

काउन्सिल सदस्य भीमलाल श्रेष्ठ, नकुल अर्याल, पदमराज जोसी, शन्तराम बिडारी, विजयराज अधिकारीले समेत आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थिथो । कार्यक्रममा काउन्सिलका सदस्यहरू निर्मला शर्मा, कुमारी निमा काफ्ले, केशवशरण लामिछाने, शान्तराम बिडारी, नकुल अर्याल, पदमराज जोशी, बालकृष्ण अधिकारी, भीमलाल श्रेष्ठ, रामप्रसाद दाहाल, विजयराज अधिकारी, सदस्य-सचिव छबीन्द्र पराजुली, मुख्य अधिकृत झबिन्द्र भुसाल, वरिष्ठ प्रशासकीय अधिकृत दीपक खनाल, सहप्रशासकीय अधिकृत रामशरण बोहरा, सहायकस्तर पाँचौँ गोमा खनाल, सहायकस्तर पाँचौँ कमला सारु मगर, सहायकस्तर चौँथो विनोद वुढा मगरलगायत कर्मचारी तथा धादिङका प्रमुख जिल्ला अधिकारी विजयराज सुवेदी, प्रहरी उपरीक्षक सुमित खड्का, कारागार प्रशासक इन्द्र बहादुर खतिवडा, नीलकण्ठ

बहुमुखी क्याम्पसका उपप्राध्यापक डा. मोहनबहादुर कडेल, नेपाल पत्रकार महासङ्घ धादिङ शाखाका अध्यक्ष सीताराम अधिकारी र विभिन्न सरकारी निकायका प्रतिनिधि र सञ्चार माध्यममा कार्यरत पत्रकारको सहभागिता रहेको थियो ।

सिन्धुली

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ, सिन्धुली शाखाको संयोजनमा सिन्धुलीमा २०८३ फागुन ६ गते निर्वाचन आचारसंहिता र मिडिया विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । नेपाल पत्रकार महासङ्घ सिन्धुली शाखाका अध्यक्ष बाबुराम देवकोटाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा काउन्सिलका सदस्यहरू रामप्रसाद दाहाल, शन्तराम बिडारी, सिन्धुलीका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, प्रहरी उपरीक्षक लालध्वज सुवेदी, जिल्ला निर्वाचन कार्यालयका प्रतिनिधि ईश्वरनाथ मिश्र, सिन्धुली बार एसोसिएसनका सचिव शुक्रराज थिङ्, नेपाल पत्रकार महासङ्घ सिन्धुली शाखाका सचिव प्रेमनाथ मैनाली, नेपाल प्रेस युनियनका अध्यक्ष वरुण लामिछाने, प्रेस चौतारीका अध्यक्ष वाइपि विनय, काउन्सिल कर्मचारीहरू श्रवणकुमार दास, प्रकाश बस्याल र विभिन्न सरकारी निकायका प्रतिनिधि र सञ्चार माध्यममा कार्यरत पत्रकारको उपस्थिति रहेको थियो ।

सप्तरी

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ, सप्तरी शाखाको संयोजनमा राजविराजमा २०८३ फागुन ७ गते निर्वाचन आचारसंहिता र मिडिया विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । नेपाल पत्रकार महासङ्घ सप्तरी शाखाका अध्यक्ष श्रवण देवको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्यहरू रामप्रसाद दाहाल, शन्तराम बिडारी, सप्तरीका प्रमुख जिल्ला अधिकारी देवराज पोखरेल, प्रहरी प्रमुख गौतमकुमार केसी, जिल्ला निर्वाचन कार्यालयका प्रतिनिधि रमेश कुमार जोशी, नेपाली सेनाका सोवितबहादुर चन्द र काउन्सिल कर्मचारीहरू श्रवणकुमार दास, प्रकाश बस्याल, विभिन्न सरकारी निकायका प्रतिनिधि र सञ्चार माध्यममा कार्यरत पत्रकारको उपस्थिति रहेको थियो । कार्यक्रममा वक्ताहरूले आधिकारिक रूपमा दर्ता भइ सञ्चालनमा रहेका सञ्चार माध्यमलाई मात्र मान्यता दिनुपर्ने कुरामा जोड दिनुभएको थियो ।

सर्लाही

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ, सर्लाही शाखाको संयोजनमा मलङ्गवामा २०८३ फागुन ८ गते निर्वाचन आचारसंहिता र मिडिया विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। नेपाल पत्रकार महासङ्घ सर्लाही शाखाका अध्यक्ष ओम प्रकाश ठाकुरको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य रामप्रसाद दाहाल, सर्लाहीका प्रमुख जिल्ला अधिकारी राज कडरिया, प्रहरी प्रमुख योगेद्र कुमार खड्का, जिल्ला निर्वाचन अधिकृत, नेपाली सेनाका अमृत बहादुर खत्री, काउन्सिल कर्मचारीहरू श्रवण कुमार दास र प्रकाश बस्याल, विभिन्न सरकारी निकायका प्रतिनिधिहरू र सञ्चार माध्यमका पत्रकारको उपस्थिति रहेको थियो । काउन्सिलका सदस्य शन्तराम बिडारीले कार्यपत्र प्रस्तुत गर्नुभएको थिअन्तरक्रियामा मूलधार तथा स्वरोजगारमूलक अनलाइन र सामाजिक सञ्जालको अनुगमनमा देखिएको भिन्नता, निर्वाचन आचारसंहिता र पत्रकार आचारसंहिता कार्यान्वयनमा पत्रकारूले सामना गर्नुपरेका समस्याहरू, पत्रकारितासँगै राजनीतिमा संलग्न व्यक्तिप्रति काउन्सिल तथा पत्रकार महासङ्घको धारणा, आचारसंहिता पालनाको अवस्था, पत्रपत्रिका वर्गीकरणबाट परेको असर तथा पत्रकारले पाउने सहुलियतलगायतका विषयमा छलफल भएको थियो।

मकवानपुर

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ मकवानपुर शाखाको संयोजनमा मकवानपुरको हेटौंडामा २०८३ फागुन ९ गते निर्वाचन आचारसंहिता र मिडिया विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । नेपाल पत्रकार महासङ्घ मकवानपुर शाखाका अध्यक्ष बालकृष्ण अधिकारीको अध्यक्षता गर्नुभएको कार्यक्रममा काउन्सिलका सदस्य रामप्रसाद दाहाल, जिल्ला निर्वाचन कार्यालयका प्रतिनिधि ताराप्रसाद आचार्य, निर्वाचन सहायक प्रतिनिधि राम खरेल, प्रेस काउन्सिल नेपालका सदस्य शन्तराम बिडारी, काउन्सिल कर्मचारीहरू श्रवणकुमार दास र प्रकाश बस्यालको उपस्थिति रहेको थियो । कार्यक्रमका वक्ताहरूले निर्वाचन आचारसंहिताको पूर्णपालना गर्न सबैलाई आह्वान गर्नुभएको थियो।

सुर्खेत

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ सुर्खेत शाखाको संयोजनमा वीरेन्द्रनगरमा २०८३ फागुन ११ गते निर्वाचन आचारसंहिता र मिडिया विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । नेपाल पत्रकार महासङ्घ सुर्खेत शाखाकी उपाध्यक्ष सिर्जना बुढाथोकीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य कुमारी निमा काफ्लेले काउन्सिलले नियमनकारी भूमिकामा भन्दा बढी सहजीकरण गर्ने रणनीति लिएको भन्दै पत्रकार आचारसंहिताको पालनामा हेल्चेक्र्याइँ नगर्न सुझाव दिनुभयो । नेपाल पत्रकार महासङ्घको सुर्खेत जिल्लाका सचिवले सञ्चालन गर्नुभएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घका वरिष्ठ उपाध्यक्ष दिपक आचार्य, नेपाल पत्रकार महासङ्घका कर्णाली प्रदेश अध्यक्ष बिष्णु शर्मा, काउन्सिलका कर्मचारी ताराकुमारी पाण्डे लगायतले धारणा राख्नुभएको थियो ।

दैलेख

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ दैलेख शाखाको संयोजनमा दैलेखमा २०८३ फागुन १२ गते निर्वाचन आचारसंहिता र मिडिया विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । नेपाल पत्रकार महासङ्घ दैलेख शाखाका अध्यक्ष अमर सुनारको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा जिल्ला न्यायाधीश एवं मुख्य निर्वाचन अधिकृत कुलप्रसाद पाण्डे, प्रमुख जिल्ला अधिकारी आनन्द सारु, जिल्ला प्रहरी कार्यालयका प्रमुख गणेश बहादुर बराल र दैलेखका पत्रकार तथा मिडियाकर्मीको उपस्थिति रहेको थियो ।

गोरखा

प्रेस काउन्सिल नेपालको आयोजनामा "निर्वाचन आचारसंहिता र मिडिया" विषयक अन्तरक्रिया कार्यक्रम २०८२ फागुन १३ गते गोरखामा सम्पन्न भयो । प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ गोरखा शाखाको संयोजनमा भएको कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य विजयराज अधिकारीले विषयवस्तुमाथि प्रकाश पार्नुभएको थियो । नेपाल पत्रकार महासङ्घ गोरखा शाखाका अध्यक्ष नरेन्द्र ढकालले सहजीकरण गर्नुभएको कार्यक्रममा काउन्सिलको ऐन, नियम, विनियम, निर्देशिका, मापदण्ड र निर्वाचनसम्बन्धी आचारसंहिताका बारेमा

उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । यसैगरी गोरखाको निर्वाचन तयारी र निर्वाचन आचारसंहिताको बारेमा निर्वाचन अधिकृत टेकबहादुर कोइरालाले जानकारी गराउनुभएको थियो ।

प्रेस काउन्सिल नेपालका सदस्य भीमलाल श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रमुख अतिथि जिल्ला न्यायाधीश एवं मुख्य निर्वाचन अधिकृत विष्णुप्रसाद गौतमले सबै मिलेर आसन्न निर्वाचन सम्पन्न गर्नु आ-आफ्नोतर्फबाट महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो । कार्यक्रमका गोरखाका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठलगायतले धारणा राख्नुभएको थियो ।

स्याङ्जा

प्रेस काउन्सिल नेपालको आयोजना र नेपाल पत्रकार महासङ्घ स्याङ्जा शाखाको संयोजनमा "निर्वाचन आचारसंहिता र मिडिया" विषयक अन्तरक्रिया २०८२ फागुन १४ गते वालिङमा सम्पन्न भयो । प्रेस काउन्सिल नेपालका सदस्य केशवशरण लामिछानेले कार्यपत्र प्रस्तुत गर्दै निर्वाचनका बेला पत्रकार तथा सञ्चार माध्यमले पालना गर्नुपर्ने पत्रकार आचारसंहिताका बारेमा जानकारी गराउनुभएको थियो । कार्यक्रमका जिल्ला न्यायाधीश एवं मुख्य निर्वाचन अधिकृत उपेन्द्र गौतमले समग्र देशभरी निष्पक्ष र भयरहित तरिकाबाट निर्वाचन सम्पन्न गर्न सबैले सहयोग गर्नुपर्ने बताउनुभयो ।

काउन्सिलका सदस्य भीमलाल श्रेष्ठले अध्यक्षता गर्नुभएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्याल, सहायक प्रमुख जिल्ला अधिकारी प्रेम सुवेदी, नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश सदस्य श्रीकृष्ण सिग्देल, नेपाल पत्रकार महासङ्घ स्याङ्जा शाखाका अध्यक्ष प्रदीप कोइराला, सहायक निर्वाचन अधिकृत रामप्रसाद पन्थी, रेडियो आँधीखोलाका स्टेशन म्यानेजर लोककान्त बगाले, गोरखापत्र दैनिकका प्रतिनिधि राधाकृष्ण दुवेलगायत सहभागी हुनुहुन्थ्यो । कार्यक्रममा उठेका प्रश्नहरूमाथि काउन्सिलका सदस्य विजयराज अधिकारी तथा काउन्सिलका उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँले जवाफ दिनुभएको थियो ।

पाल्पा

प्रेस काउन्सिल नेपालको आयोजना र नेपाल पत्रकार महासङ्घ पाल्पा शाखाको संयोजनमा भएको 'निर्वाचन आचारसंहिता र मिडिया' विषयक अन्तरक्रिया कार्यक्रम २०८२ फागुन १५ गते तानसेनमा सम्पन्न भयो । कार्यक्रममा काउन्सिलका सदस्य केशवशरण लामिछानेले निर्वाचन आचारसंहिताभित्र रहेर समाचार प्रकाशन र प्रसारण गर्न आग्रह गर्नुभयो । जिल्ला न्यायाधिश तथा मुख्य निर्वाचन अधिकृत हरिप्रसाद शर्मा उपाध्यायले आचारसंहिता पालनामा सबै पक्ष सचेत देखिएको बताउनुभयो । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बिनु बज्राचार्य कुवँर, सहायक निर्वाचन अधिकृत केशव पराजुली, अनुगमन अधिकृत ऋषिराम सुवेदी, निर्वाचन अनुगमन अधिकृत, कोष तथा लेखा नियन्त्रण कार्यालय पाल्पाका प्रमुख, नेपाल पत्रकार महासङ्घ पाल्पाका उपाध्यक्ष मुक्ति न्यौपाने, पाल्पा समाचारपत्र दैनिकका सम्पादक यज्ञमूर्ति तिमिल्सिना, कान्तिपुर दैनिकका संवाददाता माधव अर्याल, करुवा अर्धसाप्ताहिकका सम्पादक कृष्ण कार्कीलगायतले सुझाव दिनुभएको थियो ।

काउन्सिलका सदस्य भीमलाल श्रेष्ठले काउन्सिलले देशभर नै मिडिया आचारसंहिता अनुगमन कार्यलाई तीव्र पारेको कुरा बताउनुभयो । पाल्पाका सहायक प्रमुख जिल्ला अधिकारी एवं निर्वाचन आचारसंहिता अनुगमन अधिकृत ऋषिराम सुवेदी, नेपाल पत्रकार महासङ्घ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, काउन्सिलका उपप्रशासकीय अधिकृत तथा प्रशासन शाखा प्रमुख रहमतुल्ला मियाँले बोल्नुभएको थियो । प्रेस काउन्सिलका सदस्य विजयराज अधिकारीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घ पाल्पाका सचिव रामचन्द्र रायमाझीले सहजिकरण गर्नुभएको थियो ।

डडेल्धुरा

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रपकार महासङ्घ डडेल्धुरा शाखाको संयोजनमा २०८२ फागुन १५ गते डडेल्धुरामा निर्वाचन आचारसंहिता र मिडिया विषयक अन्तरक्रिया गरिएको थियो । डडेल्धुराका मुख्य निर्वाचन अधिकृत तथा जिल्ला न्यायाधीश अरुणकुमार कोइरालाले निर्वाचन आचारसंहिता उल्लंघनका छिटपुट घटना देखिए पनि समयमै सचेत गराएर सुधार गरिएको स्पस्ट पार्नुभयो । प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद कोइरालाले तथ्यपरक पत्रकारिताको खाँचो रहेको

औँल्याउनु भयो । काउन्सिलका सदस्य पदमराज जोशीको सभापतित्वमा भएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घ डडेल्धुराका अध्यक्ष हिक्मतबहादुर सिंह, उत्तर बिष्ट, बरुण पनेरु, लक्ष्मी कुमारी ऐर लगायतले सुझाव दिदैं निर्वाचन आचारसंहिता पालनातर्फ ध्यान दिन जरुरी रहेको बताउनुभयो । डडेल्धुराका प्रहरी नायव निरीक्षक बरुण बहादुर सिंह, सहायक प्रमुख जिल्ला अधिकारी अमर बहादुर वली, सशस्त्र प्रहरी निरीक्षक योगेन्द्र भण्डारी र काउन्सिलका हजारी सिं महतालगायतको उपस्थिति रहेको थियो ।

रुपन्देही

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ रुपन्देही शाखाको संयोजनमा बुटवलमा "निर्वाचन आचारसंहिता र मिडिया" विषयक अन्तरक्रिया कार्यक्रम २०८२ फागुन १७ गते सम्पन्न भयो । नेपाल पत्रकार महासङ्घ रुपन्देही शाखाका सचिव सिपी खनालले सहजीकरण गर्नुभएको कार्यक्रममा नेपाल पत्रकार महासङ्घ रुपन्देही शाखा अध्यक्ष दिनेश पाण्डेले स्वागत गर्नुभएको थियो । काउन्सिलका सदस्य भीमलाल श्रेष्ठले "निर्वाचन आचारसंहिता र मिडिया" विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको कार्यक्रममा जिल्ला न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत अशोककुमार बस्नेत, प्रमुख जिल्ला अधिकारी माधव पोखरेल, संविधानसभा सदस्य तथा नेपाल पत्रकार महासङ्घ रुपन्देहीका पूर्व अध्यक्ष बिनोद पहाडी, नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य रामराज पोखरेल, नेपाल पत्रकार महासङ्घ रुपन्देहीका पूर्वअध्यक्ष एवं दैनिकी दैनिक सम्पादक डा. बालकृष्ण चापागाइँ, जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी उपरीक्षक जनकबहादुर शाही, जिल्ला निर्वाचन अधिकृत कल्पना अर्याल, सशस्त्र प्रहरी उपरीक्षक, सशस्त्र प्रहरी बल रुपन्देहीका नवराज बोहरा लगायतले विचार राख्दै आचारसंहितामा पालना गर्न जोड दिनुभएको थियो ।

छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ प्रेस काउन्सिल नेपालका सदस्य केशवशरण लामिछाने र काउन्सिलका उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँले दिनुभएको थियो भने काउन्सिलका सदस्य विजयराज अधिकारीको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो ।

नवलपरासी (पश्चिम)

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रकार महासङ्घ नवलपरासी (पश्चिम) शाखाको संयोजनमा २०८२ फागुन १७ गते परासीमा 'निर्वाचन आचारसंहिता तथा मिडियाको भूमिका'बारे अन्तरक्रिया सम्पन्न भयो । अन्तरक्रिया कार्यक्रममा प्रेस काउन्सिल नेपालका सदस्य भीमलाल श्रेष्ठले 'निर्वाचन आचारसंहिता तथा मिडियाको भूमिका' विषयक कार्यपत्र प्रस्तुत गर्दै मिडियाकै जस्तै नाम राखेर सञ्चालन गरिएका व्यक्तिगत पृष्ठहरूले समाचार शैलीमा सामग्री सार्वजनिक गर्दा भ्रम फैलिएको बताउनुभयो ।

जिल्ला न्यायाधिश एवं मुख्य निर्वाचन अधिकृत डा.राजेन्द्रकुमार आचार्यले निर्वाचनको समयमा पत्रकारको भूमिका अझ बढी जिम्मेवार र संवेदशील हुने उल्लेख गर्नुभयो । नेपाल पत्रकार महासङ्घ नवलपरासी पश्चिमका अध्यक्ष केशव पराजुलीले स्वागत मन्त्यव्य व्यक्त गर्नुभएको कार्यक्रममा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कमल सापकोटा, सहायक प्रमुख जिल्ला अधिकारी, पोषणराज भण्डारी, जिल्ला निर्वाचन कार्यालयका अधिकृत सुजाता खत्री, प्रहरी नायव उपरीक्षक वीरदत्त पन्त, न्युज २४ टिभीका प्रतिनिधि नारायण सुवेदी, नेपाल पत्रकार महासङ्घ नवलपरासी शाखाका सहसचिव इन्दु रेग्मी, परासीपत्र दैनिकका सम्पादक हरि शर्मा, सञ्चारिका समूहकी जिल्ला अध्यक्ष विष्णु खनाललगायतले निर्वाचनका समयमा पत्रकारले पालना गर्नुपर्ने आचारसंहिता र पेसागत जिम्मेवारीका बारे धारणा राख्नुभएको थियो ।

नेपाल पत्रकार महासङ्घ नवलपरासी पश्चिम शाखाका सचिव अनिल यादवले सहजीकरण गर्नुभएको कार्यक्रममा काउन्सिलका सदस्य केशवशरण लामिछाने र काउन्सिलका उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँले कार्यक्रममा उठेका प्रश्नहरूमाथि जवाफ दिनुभएको थियो । कार्यक्रम प्रेस काउन्सिल नेपालका सदस्य विजयराज अधिकारीको अध्यक्षतामा सम्पन्न भएको थियो ।

बैतडी

प्रेस काउन्सिल नेपालको आयोजना तथा नेपाल पत्रपकार महासङ्घ बैतडी शाखाको संयोजनमा २०८२ फागुन १७ गते बैतडीमा निर्वाचन आचारसंहिता र मिडिया विषयक अन्तरक्रिया सम्पन्न भएको थियो । कार्यक्रममा मुख्य निर्वाचन अधिकृत तिर्थराज भट्ट, प्रमुख जिल्ला अधिकारी कृष्ण थापा, नेपाल पत्रकार महासङ्घ बैतडीका

अध्यक्ष नरी बडुलगायतले बोल्नुभएको थियो । काउन्सिलसँग सम्बन्धित गुनासाको जवाफ काउन्सिलका सदस्य पदमराज जोशीले दिनुभएको थियो । कार्यक्रममा बैतडी जिल्लाका प्रहरी नायव उपरीक्षक, दिपक कुमार राई, राष्ट्रिय अनुसन्धानका प्रमुख देवेन्द्र कुमार थापा, प्रेस काउन्सिल नेपालका हजारी सिं महताको पनि उपस्थिति थियो ।

प्रशिक्षक प्रशिक्षण कार्यक्रम

नेपाल पत्रकार महासङ्घ कोशी प्रदेश आयोजना, आन्तरिक मामला तथा कानुन मन्त्रालय कोशी प्रदेशको सहयोग र प्रेस काउन्सिल नेपालको सहकार्यमा कोशी प्रदेश तथा जिल्ला स्तरीय पत्रकार आचारसंहितासम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम २०८२ फागुन ८ र ९ गते कोशी प्रदेशको विराटगरमा सम्पन्न भयो । कार्यक्रममा काउन्सिलका तर्फबाट निर्वाचन रिपोर्टिङबारे सदस्य नकुल अर्यालले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । यसैगरी निर्वाचन आचारसंहिता र मिडिया विषयक कार्यपत्र काउन्सिलका उपप्रशासकीय अधिकृत रहमतुल्ला मियाँले प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा निर्वाचन आयोग, नेपालका पदाधिकारीको उपस्थिति रहेको थियो । कार्यक्रमको उद्घाटन नेपाल पत्रकार महासङ्घ कोशी प्रदेशका अध्यक्ष भरत खड्काको अध्यक्षतामा सम्पन्न भएको थियो भने आन्तरिक मामिला तथा कानुन मन्त्रालयका मन्त्री इन्द्रमणी पराजुलीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । २०८३ फागुन २ गतेदेखि ८ गतेसम्मको कोशी प्रदेशको अनुगमन प्रेस काउन्सिल नेपालका सदस्य नकुल अर्यालले गर्नुभयो । कोशी प्रदेशका सञ्चार माध्यम र पत्रकारको निर्वाचन आचारसहिंता सन्दर्भको त्यसको पालना र अन्य सुझावहरू संकलन गरिएको थियो ।

मौन अवधिमा सञ्चार माध्यम

प्रतिनिधिसभा निर्वाचनको पूर्वसन्ध्यामा "मौन अवधि र मिडिया" विषयक अन्तरक्रिया कार्यक्रम २०८२ फागुन १७ गते काठमाडौँ सम्पन्न भयो । अनलाइन पत्रकार सङ्घको संयोजनमा भएको उक्त अन्तरक्रियामा निर्वाचनको मौन अवधिमा सञ्चार माध्यमले के गर्न हुने के गर्न नहुने एवं सञ्चार माध्यमको भूमिका कस्तो रहने भन्ने विषयमा छलफल भयो । छलफललाई सम्बोधन गर्दै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री प्रा.डा. कुमार इङ्नामले मतदातालाई अवाञ्छित तरिकाले प्रभावित पार्नेगरी कुनै पनि सामग्री तथा सङ्केत विषयवस्तु सम्प्रेषण नगर्न सञ्चार माध्यमलाई आग्रह गर्नुभयो ।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले मौन अवधि निर्वाचनको शुन्य समय भएको भन्दै राष्ट्रपतिबाट निर्वाचनको घोषणा भएबाट नै सञ्चार माध्यमले सकारात्मक भूमिका खेलेको बताउनुभयो । उहाँले मौनअवधिपूर्व सम्प्रेषण भएका दलपक्षीय सामग्री एवं प्रचारात्मक सामग्री सेयर हुनेतर्फ सचेत गराउनुभयो ।

काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्यले मौन अवधि झन् संवेदनशील समय भएकाले सञ्चार माध्यमको दायित्व स्वतः बढ्ने हुनाले समाचार सम्प्रेषणमा गम्भीर हुनुपर्ने उल्लेख गर्नुभयो । नेपाल पत्रकार महासङ्घका अध्यक्ष एवं काउन्सिल सदस्य निर्मला शर्माले निर्वाचनको पूर्वसन्ध्यामा डिजिटल प्लेटफर्ममार्फत पर्नसक्ने भूराजनीतिक असरका विषयमा पनि सञ्चार माध्यम सजग रहनुपर्ने उल्लेख गर्नुभयो । कार्यपत्र प्रस्तुत गर्दै वरिष्ठ पत्रकार प्राध्यापक रामकृष्ण रेग्मीले मौन अवधिको आचारसंहिता पूर्णपालना हुनैपर्ने जिकिर गर्नुभयो ।

कार्यक्रममा पत्रकार बैरागी जेठा, चुडामणि कोइराला, केपी ढुंगाना, धनबहादुर मगर, पवित्रा सुनार, भीम आत्रेय, सुसन धमला, नवराज चालिसे, अनुपराज ढुंगेल, राजिव तिमिल्सेना, विद्यार्थी अन्जना शाही शर्मा, प्रकाश कपाली लगायतले जिज्ञासा राख्नुभएको थियो । जिज्ञासाको जवाफ काउन्सिल सदस्य नकुल अर्यालले दिनुभएको थियो ।

स्वागत गर्दै काउन्सिल सदस्य बालकृष्ण अधिकारीले संवैधानिक सङ्कटका बेला घोषित निर्वाचनले लोकतन्त्रको रक्षा गर्ने र यस्तो निर्वाचन पूर्ण सफल बनाउन सञ्चार माध्यमको सबैभन्दा महत्वपूर्ण भूमिका हुने उल्लेख गर्नुभयो । काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्यको अध्यक्षतामा भएको कार्यक्रमको पहिलो सत्रको सहजीकरण काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसालले गर्नुभएको थियो भने दोस्रो सत्रको सहजीकरण काउन्सिलका सदस्य शन्तराम बिडारीले गर्नुभएको थियो । सूचना तथा प्रसारण विभागका महानिर्देशक एवं काउन्सिलका सदस्य-सचिव छबीन्द्र पराजुलीले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो । दोस्रो सत्रको समापन अनलाइन पत्रकार सङ्घका अध्यक्ष शिव सत्यालले गर्नुभएको थियो ।

जेनजी आन्दोलनसँग सम्बन्धित समाचार

प्रेस काउन्सिल नेपालले 'जेनजी आन्दोलनसँग सम्बन्धित समाचार प्रकाशन/प्रसारण गर्दा पत्रकार आचारसंहिताको दृष्टिकोणबाट के कस्तो रह्यो भनी प्रवृतिगत अध्ययन' सम्बन्धी आमसञ्चार माध्यमसँगको छलफल कार्यक्रम २०८२ चैत ३ गते सम्पन्न भएको थियो । काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्यले जेन्जी आन्दोलनका बेला नेपाली मिडियाले

संयमता अपनाउँदा कम क्षति भएको कुरा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा युवराज घिमिरे (सम्पादक, देशसञ्चार डटकम), जुनारबाबु बस्नेत (प्रधानसम्पादक, गोरखापत्र दैनिक), पुष्पहरि क्याम्पा राई (निर्देशक, नेपाल टेलिभिजन), नवराज मैनाली (ब्यूरो प्रमुख, नयाँ पत्रिका दैनिक), अनिल बोगटी (समाचार संयोजक, रेडियो कान्तिपुर), काउन्सिलका सदस्यहरू बालकृष्ण अधिकारी, शन्तराम बिडारी, नकुल अर्याल, काउन्सिलका मुख्य अधिकृत झबिन्द्र भुसाल लगायतको सहाभागिता रहेको थियो ।

कार्यक्रममा पत्रकार र सञ्चार माध्यममा भएका आक्रमण र पत्रकारको कार्यवातावरण पेसागत सुरक्षा, समस्या, सुधारका सम्भावना र पत्रकार आचारसंहिता पालनालगायतका विषयमा सरोकारवालाबिच छलफल गरिएको थियो । वक्ताहरूले जेनजी आन्दोलनसँग सम्बन्धित समाचार प्रकाशन/प्रसारणको सन्दर्भमा सञ्चार माध्यमले आचारसंहिता पालना गरी अपेक्षाकृत जिम्मेवार र परिपक्व भूमिका निर्वाह गरेको धारणा व्यक्त गर्नुभएको थियो ।

मिडिया/पत्रपत्रिकाको बजार अनुगमन

यो वर्ष गोरखा, दोलखा, रामेछाप, सिन्धुली, म्याग्दी, मुस्ताङ, चितवन, कपिलवस्त, नवलपरासी (पूर्व), पर्वत, दार्चुला, बैतडी, बझाङ, मकवानपुर, बारा, पर्सा, कास्की, बाग्लुङ, तनहुँ, सुनसरी, मोरङ, धनुषा, महोत्तरी, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, लमजुङ, उदयपुर, इलाम, झापा, पाँचथर, रुपन्देही, सिरहा, सप्तरी, काठमाडौँ, ललितपुर, कैलाली, अर्घाखाँची, धादिङ, बाँके, बर्दिया, रौतहट गरी ४१ जिल्लाका मिडिया र पत्रपत्रिकाको बजार अनुगमन गरिएको थियो ।

अनुगमनका क्रममा प्राप्त समस्या/सुझाव

- मिडिया बचाउन कठिन अवस्था रहेकाले पत्रकारिता पेसा नै सङ्कटमा भएकाले सबै पक्षले यसतर्फ ध्यान दिनुपर्ने ।
- केही मिडिया आर्थिक सङ्कटका कारणले बन्द हुने अवस्थामा रहेको ।
- प्रदेश सरकारबाट लोक कल्याणकारी विज्ञापन नियमिति रुपमा प्राप्त नभएकोले सबै सञ्चार माध्यमलाई समानुपातिक प्रणाली लागु गरी विज्ञापनको सुनिश्चिता हुनुपर्ने ।
- प्रायः सबै सञ्चार माध्यमको अवस्था दयनीय रहेकाले केन्द्रीय सरकारले मिडिया बचाउने कानुन बनाउनुपर्ने । विशेषतः साना लगानीका मिडियालाई बचाउन काउन्सिलले पनि प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने ।

- सरकारले प्रेस कुण्ठित गर्ने कानुन बनाउन नहुने।
- कसैको विरुद्धमा उजुरी पर्दैमा काउन्सिलले पत्र काटिहाल्न नहुने।
- न्यू मिडियालाई व्यवस्थित बताउन जरुरी रहेको।
- पत्रकारको योग्यताको परिक्षा आवश्यक भएको।
- पत्रपत्रिकाको विक्री हुन छाडेपछि स्टेसनरीहरुले पत्रपत्रिकाहरु राख्न छाडेको। सित्तैमा राखिदिनु पऱ्यो भन्दा पनि नराख्ने अवस्था सिर्जना भएको।
- अधिकांश पत्रिकाको कार्यालय नभएको र पत्रकारले समयमा तलब नपाएको अवस्था।
- पत्रकारलाई पत्रकार आचारसंहिता सम्बन्धी अभिमुखिकरण तालिम आयोजना गर्नुपर्ने।
- कुनै जिल्लामा पत्रपत्रिका छाप्ने प्रेस नभएको अर्को जिल्लामा लानुपर्ने भएकोले आर्थिक भार बढ्ने।
- लोक कल्याणकारी विज्ञापन रकम बढाउनु पर्ने।
- अनलाईनलाई पनि काउन्सिलले वर्गीकरण गर्नुपर्ने।
- पत्रपत्रिकाको वर्गीकरण नतिजा समयमै प्रकाशित गरी धेरै समयसम्म एउटै स्तरमा राख्ने प्रवृत्तिलाई परिवर्तन गर्नुपर्ने।
- काउन्सिलको अभिलेख प्रणालीलाई सुधार हुनुपर्ने।
- काउन्सिलले प्रादेशिक कार्यालय स्थापना गर्नुपर्ने।
- विद्युत महसुल धेरै भएकोले एफएम रेडियोहरु सञ्चालनमा बढी खर्च आउने गरेको।

काउन्सिलसँग कलेज कार्यक्रम

पत्रकारिता तथा आमसञ्चार विषय अध्ययन गर्दै गरेका विभिन्न विद्यालय/कलेजका विद्यार्थीले आफ्नो प्रयोगात्मक शैक्षिक भ्रमण कार्यक्रमअन्तर्गत प्रेस काउन्सिल नेपालको अवलोकन भ्रमण गर्ने तथा अन्तरक्रियात्मक कार्यक्रममा सहभागिता जनाउने गरे। यस आर्थिक वर्षमा ८ वटा विद्यालय तथा कलेजका विद्यार्थीले काउन्सिलको अवलोकन गरे। साथै २०८२ साउन १४ गते सेन्ट जेभियर्स कलेज, २०८२ मङ्सिर २४ गते पाठशाला नेपाल, २०८२ पुस ८ गते जिपि कोइराला मेमोरियल कलेज, २०८२ पुस २० गते जनकल्याण मा.वि., २०८२ फागुन ४ गते, सेन्ट जेभियर्स कलेज, २०८२ फागुन १३ गते पशुपति कलेज, २०८२ चैत्र १५ गते रत्नराज्य क्याम्पस, २०८३ असार ३ गते ख्वप कलेज, २०८३ असार २४ गते काठमाडौँ स्कुल अफ ल विद्यार्थीसँग पत्रकार आचारसंहितासम्बन्धी अभिमुखीकरण गरियो।

१.१.५ प्रकाशन

आ.व. २०८२/८३ मा प्रेस काउन्सिल नेपालको ५० औँ वार्षिक प्रतिवेदन प्रकाशन भयो। यस्तै, संहिता त्रैमासिक ६६औँ, ६७औँ, ६८औँ र ६९औँ अङ्क र अङ्ग्रेजी भाषाको 'मिडिया इयर बुक'को चौथो अङ्क प्रकाशन भयो। ५० औँ वार्षिक प्रतिवेदन र इयर बुक काउन्सिलको ५६ औँ वार्षिकोत्सव २०८२ असोज ६ गते सार्वजनिक गरिएको थियो। प्रेस काउन्सिल नेपालको कानुन सङ्ग्रह, २०८३ र प्रतिनिधि सभा निर्वाचन, २०८२ सम्बन्धी प्रतिवेदन प्रकाशित गरियो।

१.१.७ पत्रपत्रिका वर्गीकरण

वितरण सम्परीक्षण समितिमार्फत प्रत्येक वर्ष पत्रपत्रिका सम्परीक्षण (वर्गीकरण) हुँदै आएको छ। त्यसलाई पुनरालोकन समिति बनाइ काउन्सिलले अन्तिम रूप दिने गर्दै आएको छ। प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० मा रहेको वितरण सम्परीक्षण समितिको सिफारिस र काउन्सिलको निर्णयानुसार यसवर्ष आ.व. २०७९/८० को पत्रपत्रिका सम्परीक्षण (वर्गीकरण)को नतिजा सार्वजनिक भयो। आ.व. २०८०/८१ को पत्रपत्रिका सम्परीक्षण (वर्गीकरण)को नतिजा प्रकाशनका लागि कार्य सम्पादन भइरहेको छ। आ.व. २०७९/८० को वर्गीकरणसम्बन्धी विस्तृत विवरण खण्ड ४ मा समावेश छ।

१.१.८ पदपूर्ति

यस वर्षमा उपप्रशासकीय अधिकृत साँतौँ तह बढुवा पद संख्या १ को लागि विज्ञापन गरी आवश्यक प्रक्रिया अगाडी बढाइएको र सहायकस्तर चौथो पद एकको पदपूर्तिको लागि लोकसेवा आयोगबाट लिखित परीक्षा सञ्चालन भयो भने करार (कर्मचारी) नियुक्तिसम्बन्धी मापदण्ड अनुसार आ.व. २०८२/०८३ को असार मसान्तसम्मका लागि मिडिया अनुगमनकर्ता, हलुका सवारी चालक, कार्यालय सहयोगी, कुचीकार र माली गरेर जम्मा १७ जना सेवा करारमा पदपूर्ति गरिएको छ।

१.१.१० सिस्टम अपडेट

काउन्सिलमा सञ्चार माध्यमको अभिलेख र अनुगमन प्रयोजनका लागि केही सिस्टम सञ्चालित छन्। पत्रपत्रिका प्रकाशनको अभिलेख गर्ने पुस्तकालय प्रणाली, पत्रपत्रिका व्यवस्थापन प्रणाली (पिडिएफ सिस्टम) अनलाइन रेडियो अनुगमन सिस्टम, अनलाइन

मिडिया अनुगमन सिस्टम सञ्चालित छन् । टेलिभिजन अभिलेख र अनुगमन सिस्टममा गत वर्षदेखि समस्या आइ मर्मतसम्भारसहित अन्य विकल्पका बारेमा छलफल भइरहेको छ । सबै सिस्टमहरू नियमित सञ्चालित छन् । प्रत्येक वर्ष यी सिस्टमलाई समयानुकूल अपडेट गर्नुपर्नेमा बजेट अभावका कारण सो हुनसकेको छैन । तर नियमित सञ्चालनका लागि वार्षिक मर्मत-सम्झौता (AMC) गरी काम हुँदैआएको छ । आर्थिक कारोबारका लागि एकाउन्टेड सिस्टममार्फत कार्य हुँदै आएको छ ।

काउन्सिलका प्रमुख निर्णय र कार्यान्वयन अवस्था

बैठक सङ्ख्या: १६

- २०८२ साउन १२ गतेको बैठकबाट राष्ट्रिय सभाबाट पारित भइ प्रतिनिधि सभाको शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छलफलमा रहेको मिडिया काउन्सिल विधेयकका सन्दर्भमा सुझाव दिन मिडिया काउन्सिल विधेयकबारे अध्ययन तथा सुझाव तयारी उपसमिति गठन गर्ने ।
- २०८२ साउन २३ गतेको बैठकबाट मिडिया काउन्सिल विधेयकबारे अध्ययन तथा सुझाव तयारी उपसमितिबाट प्राप्त सुझावलाई पारित गरी प्रतिनिधि सभाका सभामुख राष्ट्रिय अध्यक्ष र प्रतिनिध सभा अन्तर्गतको शिक्षा, स्वाथ्य तथा प्रविधिका सभापति र सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई उपलब्ध गराइने ।
- २०८२ असोज २ गतेको बैठकबाट भदौ २३ र २४ गतेको जेन्जी आन्दोलनका क्रममा भएको धनजनको क्षति पत्रकार र सञ्चार माध्यममाथि भएको प्रहार आगजनी र यससम्बन्धी सञ्चार माध्ययममा सम्प्रेषण भएको, उक्त आन्दोलनको क्रममा मृत्युवरण गरेका सम्पूर्ण व्यक्तिप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गरियो । आन्दोलनका क्रममा घाइते पत्रकार लगायत नागरिकको शीघ्र स्वास्थलाभको कामना गरियो । प्रेस काउन्सिल नेपालको ५६ औँ वार्षिकोत्सव कार्यक्रम र ५० औँ वार्षिक प्रतिवेदन काउन्सिलको सभा हलमा सम्पन्न गर्ने ।
- २०८२ असोज १२ गतेको बैठकबाट जेन्जी आन्दोलनका क्रममा गोली लागेर घाइते भएका ६ जना पत्रकारलाई पत्रकार कल्याणकोषबाट उपचार सहयोग उपलब्ध गराउने ।
- २०८२ मङ्सिर १४ गतेको बैठकबाट आ.व. २०७९/८० को पत्रपत्रिका वितरण

सम्परीक्षण समितिको प्रतिवेदन उपर छलफल भइ वर्गीकरण नतिजा वितरण सम्परीक्षणको मापदण्डमा उल्लेख भएअनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बुझाइ सो अनुसारको सार्वजनिक गर्ने। त्यस्तै सार्वजनिक भएको वर्गीकरणको नतिजामा चित्त नबुझे पुनर्योग/पूनःमूल्याङ्कनको लागि आधार प्रमाणसहित निवेदन दिन सूचना प्रकाशन गर्ने।

- २०८२ मङ्सिर १४ गतेको बैठकबाट आ.व. २०७९/८० को पत्रपत्रिका वर्गीकरण पुनरावलोकन समितिबाट नतिजा पुनरावलोकन गरी पेस भएको प्रतिवेदन पत्रपत्रिका वर्गिकरणको अन्तिम नतिजा तयार गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाउने।
- २०८२ माघ १७ गतेको बैठकबाट निर्वाचन आयोग नेपालसँग निर्वाचन आचारसंहिता अनुगमनको लागि ७ वटा प्रदेशका प्रमुख सहरमा निर्वाचन आचारसंहिता र मिडिया विषयक कार्यक्रम गर्ने।
- २०८२ फागुन १० गतेको बैठकबाट निर्वाचनको समयमा आचारसंहिता पालना सम्बन्धमा पत्रकार र सञ्चारमाध्यमसँग कोशी प्रेदशमा मोरङ र सुनसरी, मधेष प्रदेशमा सप्तरी र सर्लाही, बागमती प्रदेशमा सिन्धुली र मकवानपुर, गण्डकी प्रदेशमा गोरखा र स्याङ्जा, लुम्बिनी प्रदेशमा पाल्पा र नवलपरासी (पश्चिम) कर्णाली प्रदेशमा सुर्खेत र दैलेख, सुदूरपश्चिमको डडेलधुरा र बैतडीमा निर्वाचन आचारसंहिता र मिडिया विषयक अन्तरक्रिया कार्यक्रम गर्ने।

१.१३ सूचना/प्रेस विज्ञप्ति/अपिल

सूचना

- २०८२/०५/१७ - खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको लिखित नतिजा प्रकाशनसम्बन्धी।
- २०८२/०६/०६ - कार्यालय बिदा हुनेसम्बन्धी।
- २०८३/०६/२२ - सूचना प्रविधि सिप परीक्षण र अन्तर्वतासम्बन्धी।
- २०८३/०६/३१ - मिडिया अनुगमनकर्ता करारको छोटो सूची प्रकाशन एवं परीक्षा कार्यक्रम सम्बन्धी।

- २०८३/०६/३१ - २/०८१/८२ को अन्तिम नतिजा प्रकाशनसम्बन्धी ।
- २०८३/०६/३१ - ३/०८१/८२ को अन्तिम नतिजा प्रकाशनसम्बन्धी ।
- २०८३/०६/३१ - नियुक्तिका लागि सम्पर्क राख्न आउने सम्बन्धी ।
- २०८३/०७/१२ - स्वत: प्रकाशनसम्बन्धी ।
- २०८३/०७/१३ - पत्रिकाको अभिलेख (हार्डकपी तथा पिडिएफ दुवै) अद्यावधिक गर्नेसम्बन्धी ।
- २०८३/०७/१३ - अनलाइन सञ्चार माध्यमको सूचीकरण नहुनेसम्बन्धी ।
- २०८३/०७/१७ - नतिजा प्रकाशन सम्बन्धमा ।
- २०८३/०८/१२ - लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा ऐक्यबद्धतासम्बन्धी ।
- २०८२/०८/१५ - आ.व. २०७९/८० को पत्रपत्रिका वर्गीकरणको प्रारम्भिक नतिजासम्बन्धी ।
- २०८२/०८/१५ - पत्रपत्रिका वर्गीकरण नतिजा पुनर्योग पुनरावलोकनका लागि निवेदन दिनेसम्बन्धी ।
- २०८२/०९/१६ - पत्रपत्रिका वर्गीकरण नतिजा पुनर्योग/पुनरावलोकनका प्राप्त पत्रपत्रिकाको नामावली ।
- २०८२/१०/०६ - सेवा करारमा कर्मचारी भर्नाका लागि छोटो सूचिसहित परीक्षा कार्यक्रमसम्बन्धी ।
- २०८२/१०/०९ - आ.व. २०८१/८२ को पत्रपत्रिका वर्गिकरणका लागि आवेदन फारम भर्नेसम्बन्धी ।
- २०८२/१०/०९ - वि.न. ५/०८२/८३ कुचिकार (सेवा करार) पदको अन्तिम नतिजा प्रकाशनसम्बन्धी ।
- २०८२/१०/०९ - वि.न. ४/०८२/८३ कार्यालय सहयोगि (सेवा करार) पदको अन्तिम नतिजा प्रकाशनसम्बन्धी ।
- २०८२/१०/०९ - वि.न. ३/०८२/८३ हलुका सवारी चालक (सेवा करार) पदको अन्तिम नतिजा प्रकाशनसम्बन्धी ।
- २०८२/१०/०९- वि.न. २/०८२/८३ मिडियाअनुगानकर्ता (सेवा करार) पदको अन्तिम नतिजा प्रकाशनसम्बन्धी ।

- २०८२/१०/१५ - पत्रिकाको अभिलेख नियमित अद्यावधिक गर्नेसम्बन्धी ।
- ०८२/११/०४- पत्रपत्रिकाको वर्गिकरणको म्याद सम्बन्धी ।
- २०८३/०१/०३- पत्रकारिता पुरस्कार कार्यविधि संशोधन/ परिमार्जनका लागि सल्लाह सुझाव माग गरिएको सम्बन्धी ।
- २०८३/०१/११ – खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षा विज्ञापन का.स.मूका आधारमा हुने बढुवासम्बन्धी ।
- २०८३/०१/३१ – आ.व. २०८२/८३ मा अवज्ञाकारी कालोसूचीमा रहेका सञ्चार माध्यमहरूसम्बन्धी ।
- २०८३/०३/०३ – मौजुदासूची दर्ता गर्नेसम्बन्धी ।
- २०८३/०३/०३ – वि.न. ०१/०८२/८३ (मधेशी) सहायकस्तर चौँथो तहका लागि स्विकृत नामावली ।
- २०८३/०३/०३ – लिखित परीक्षाका कार्याक्रम/ प्रवेशपत्र वितरणसम्बन्धी ।
- २०८३/०३/०९- पत्रपिकाको अभिलेख नियमित अद्यावधिक गराउनेसम्बन्धी ।
- २०८३/०३/२६ - छपाइ र वितरणको एकिन सङ्ख्या उपलब्ध गराउनेसम्बन्धी ।
- २०८२/०३/२९ - विभिन्न निर्णयसहित काउन्सिल बैठक सम्पन्न भएको सम्बन्धमा ।

अपिल

- २०८२/०४/०१ - आफ्नो क्षेत्राधिकार प्रति स्पष्ट सम्बन्धमा ।
- २०८२/०४/०९ - विभिन्न सन्दर्भमा काउन्सिलमा छलफल सम्बन्धमा ।
- २०८२/०४/13 - मिडिया काउन्सिलसम्बन्धी कानुनलाई परामर्श/ धारणा दिने सम्बन्धमा ।
- २०८२/०४/१६ - विज्ञहरूको सुझाव लिएको सम्बन्धमा ।
- २०८२/०४/१८ - आचारसंहिता पालना सम्बन्धमा ।
- २०८२/०४/१८ - प्रेस स्वतन्त्रता हननका ९४ घटना सम्बन्धमा ।
- २०८२/०६/१२ - घाइते पत्रकारलाई सहयोग सम्बन्धमा ।

- २०८२/०६/२४ - फोकल पर्सन सम्बन्धमा ।
- २०८२/०७/१३ - आचारसंहिता विपरीतको कार्य नगर्न आग्रह सम्बन्धमा ।
- २०८२/0७/2३ - प्रेस स्वतन्त्रता हननका ५९ घटना सम्बन्धमा ।
- २०८२/०८/०१ - आचारसंहिता पालना गर्न आह्वान सम्बन्धमा ।
- २०८२/०८/१० - आचारसंहिता प्रतिकूल सामग्री सम्प्रेषण गर्ने ४८ सामाजिक सञ्जाललाई कारबाही
- २०९२/०८/२२ - प्रेस काउन्सिल नेपालकव गम्भिर ध्यानाकर्षण सम्बन्धमा ।
- २०८२/०९/२८ - प्रेस स्वतन्त्रता हननका १२१ घटना सम्बन्धमा ।
- २०८२/१०/०७ - निर्वाचनका समयमा पत्रकार आचारसंहिता पालना सम्बन्धमा ।
- २०८२/१०/२२ - काउन्सिको धादिङ बैठकका निर्णय सम्बन्धमा ।
- २०८२/११/०१ - प्रेस काउन्सिल नेपालको अपिल सम्बन्धमा ।
- २०८२/११/०४ - पत्रकार आचारसंहिता र निर्वाचन आचारसंहिता पालना सम्बन्धमा ।
- २०८२/११/११ - निर्वाचन अवधिमा निष्पक्ष एवम उत्तरदायी बन्न आग्रह सम्बन्धमा ।
- २०८२/११/१२ - पेसागत मर्यादामा रही कर्तव्य पालना गर्न अपिल सम्बन्धमा ।
- २०८२/११/१४ - प्रतिनिधि सभा निर्वाचनमा भ्रामक, असन्तुलित सामग्री सम्प्रेक्षण सम्बन्धि ध्यानकर्षण सम्बन्धमा ।
- २०८२/११/१७ - प्रतिनिधि सभा सदस्य निर्वाचनको चुनावी विश्लेषण, विशेष रिपोर्ट मत विश्लेषण लगाएत आचारसंहिता प्रतिकूल सम्प्रेषणप्रति काउन्सिलको गम्भिर ध्यानाकर्षण सम्बन्धमा ।
- २०८२/११/१८ - मौन अवधिमा आचारसंहिता पालनाका सन्दर्भमा प्रेस काउन्सिल नेपालको अपिल सम्बन्धमा ।
- २०८२/११/२० - स्वच्छ निर्वाचनको वातावरण बनाउन भूमिका खेल्ने सबै सञ्चार माध्यम एवं पत्रकारप्रति धन्यवाद ज्ञापन सम्बन्धमा ।
- २०८२/१२/१५ - प्रेस स्वतन्त्रताको निर्वाध उपयोग गर्ने वातावरण निर्माण गर्न/ गराउन काउन्सिलसम्बन्धित पक्षलाई आग्रह सम्बन्धमा ।

- २०८३/०१/१० - सरकारी निकायहरूमा क्यामरा, बुम लिएर गइ भिडियो खिच्ने । कर्मचारीलाई आनावश्यक हैरानी दिनेजस्ता प्रवृत्ति प्रति ध्यानाकर्षण सम्बन्धमा ।
- २०८३/०१/२२ - प्रेस स्वतन्त्रतासम्बन्धी १२० घटना सम्बन्धमा ।
- २०८३/०२/१३ - स्व अनुगमनको क्रममा देखिएको प्रवृत्ति उपर काउन्सिलको ध्यानाकर्षण सम्बन्धमा ।
- २०८३/०३/०८ - पत्रकार आचारसंहिता प्रतिकूल सम्प्रेषित प्रति काउन्सिलको ध्यानाकर्षण सम्बन्धमा ।

शोक वक्तव्य/शोक बिदा

- **२०८२/०९/२८** - काउन्सिलका पूर्व सदस्य होमनाथ दाहालको निधनमा शोक वक्तव्य ।

१.२ आर्थिक स्थिति

प्रेस काउन्सिल नेपालको दैनिक प्रशासन सञ्चालन एवं कार्यक्रम सम्पादन गर्नको लागि अधिकांश बजेट नेपाल सरकारबाट उपलब्ध हुने गरेको छ। आर्थिक वर्ष २०८२/८३ मा चालु बजेट शीर्षकमा ४ करोड ५० लाख बजेट निकासा भएको थियो। आ.व २०८२/८३ असार महिना सम्मको विनियोजित तथा खर्च विवरण देहायबमोजिम रहेको छ।

आर्थिक वर्ष २०८२/८३ को बजेट र खर्च

प्रेस काउन्सिल नेपाल
आर्थिक वर्ष २०८२/८३ को बजेट बाँडफाँड
बजेट बिनियोजन ४५०००००००

	२०८२/८३ बजेट बाँडफाँड	**साउन देखि असार मसान्त सम्मको जम्मा खर्च**	**बाँकी**
तलब (दरबन्दी अनुसार)	२०,२८४,५९०.००	९,०९९,६८०.०५	१,१८४,९०९.९५
मिडिया अनुगमनकर्ता (जनशक्ति खर्च)	४,०६३,४१०.००	,१२७,५६४.७३	९३५,८४५.२७
सञ्चार महशुल	१,२५०,०००.००	१,२३४,५५०.४०	१५,४४९.६०
कार्यालयसम्बन्धी खर्च (मस लन्द,पत्रपत्रिका,विज्ञापन,छ पाई,सेवा अन्य)	१,६००,०००.००	१,५९९,६३१.५३	३६८.४७
भ्रमण खर्च	१,४००,०००.००	१,३९९,९९९.२७	०.७३
महङ्गी भत्ता	१,०३२,०००.००	१,०३१,९९९.२९	०.७१
बैठक भत्ता र परिवहन (बोर्ड, उपसमिति/समिति र कार्यदल)	३,०००,०००.००	२,७७२,१८४.५१	२२७,८१५.४९
पोशाक(दरबन्दी अनुसार)	४३०,०००.००	२७०,०००.००	१६०,०००.००
औषधी उपचार सुविधा (कर्मचारी)	६०,०००.००	–	६०,०००.००
इन्धन	९००,०००.००	४८३,४६४.९३	४१६,५३५.०७
पानी तथा बिजुली महशुल	८००,०००.००	७९१,१६७.०७	८,८३२.९३

	२०८२/८३ बजेट बाँडफाँड	साउन देखि असार मसान्त सम्मको जम्मा खर्च	बाँकी
मर्मत तथा सम्भार (गाडि, मेशिनरी औजार र अन्य)	१,०००,०००.००	९९९,९१९.४९	८०.५१
परामर्श तथा सेवाशुल्क (गाडी, बीमा, कानुन र ले.प. सहित)	१,२००,०००.००	१,०४६,५८२.९७	१५३,४१७.०३
विविध खर्च	७१०,०००.००	७१०,०००.००	–
सिस्टम अपग्रेड तथा अन्य मर्मतसम्भार र सुरक्षा AMC	१,४००,०००.००	१,२५६,५३४.०२	१४३,४६५.९८
संहिता जर्नल, वार्षिक प्रतिवेदन र अन्य प्रकाशन	१,५००,०००.००	१,४९१,०७४.६४	८,९२५.३६
पदपुर्ति कार्यक्रम (समिति बैठक भत्ता, लोकसेवालाई)	५००,०००.००	५००,०००.००	–
वार्षिकोत्सव समारोह र विधागत पुरस्कार	१,४००,०००.००	१९०,६६०.००	१,२०९,३४०.००
कर्मचारी अवकाश कोष वृद्धी	१,२००,०००.००	१,२००,०००.००	–
आचारसंहिता जागरण कार्यक्रम जिल्ला स्तरिय (साझेदारी)	५००,०००.००	४८५,८७८.९१	१४,१२१.०९
अध्ययन तथा अनुसन्धान (बोर्ड समिति)	२७०,०००.००	२५६,९९५.००	१३,००५.००
अभिमुखिकरण कक्षा सञ्चालन	१००,०००.००	१००,०००.००	–
पत्रपत्रिका वितरण सम्परिक्षण	१००,०००.००	९४,७००.००	५,३००.००
काउन्सिल र विभिन्न सङ्घसंस्थासँगको छलफल कार्यक्रम	३००,०००.००	२८१,४१३.८०	१८,५८६.२०
जम्मा रकम	**४५,०००,०००.००**	**४०,४२४,०००.६१**	**४,५७५,९९९.३९**

आम्दानी खर्चको पछिल्लो आठ वर्षको विवरण

२०७५/७६ निकासा रू. ४७९०० (हजारमा) खर्च रू. ४१२५० (हजारमा)
२०७६/७७ निकासा रू. ५१९०० (हजारमा) खर्च रू. ३८६०४ (हजारमा)
२०७७/७८ निकासा रू. ५०४०० (हजारमा) खर्च रू. ३९९४७ (हजारमा)
२०७८/७९ निकासा रू.४६९०० (हजारमा) खर्च रू. ४२१४६ (हजारमा)
२०७९/८० निकासा रू.४६८०० (हजारमा) खर्च रू. ३९९७५ (हजारमा)
२०८०/८१ निकासा रू.४८४०० (हजारमा) खर्च रू. ४३२५० (हजारमा)
२०८१/८२ निकासा रू. ४५००० (हजारमा) खर्च रू. ४११४८ (हजारमा)
२०८२/८३ निकासा रू.४५००० (हजारमा) खर्च रू. ४०४२४ (हजारमा)

२.२ विभिन्न प्रयोजनका खाता र रकमको अवस्था

कर्मचारी अवकाश कोष

कर्मचारी अवकाशपश्चात्को सुविधा भुक्तानीको लागि कर्मचारी अवकाश कोष खाता रहेको छ। आ.व. २०८२ असार मसान्तसम्म मुद्दतीमा ६ करोड ७७ लाख ८७ हजार रहेको छ। उक्त कोष बाट १७ लाख ४१ हजार ७ सय ३७ रुपैया ७२ पैसा ब्याज आम्दानी प्राप्त भएकोमा आर्थिक वर्ष २०८३/०८२ मा कर्मचारी राधेश्याम अधिकारी रू.५९ लाख २९ हजार २ सय ७ रुपैया ६४ पैसा, बिमला भुसाल रू.१६ हजार ४ सय ५१ रुपैँया ३१ पैसा र शान्त भुसाललाई र ९ हजार ८ सय ७० रुपैयाँ ५७ पैसा गरि जम्मा रू. ५९ लाख ५५ हजार ५ सय २९ रुपैँया ५२ पैसा अवकास रकम भुक्तानी गरिएको छ।

उक्त कोषमा असार मसान्तसम्म बाँकी रकम रू.७ करोड ११ लाख २९ हजार ८६ रुपैयाँ ०३ पैसा रहेको छ। प्रत्येक वर्ष वार्षिक बजेटबाट विनियोजित साथै कोषबाट प्राप्त ब्याजबाट कोष वृद्धि हुँदै आएको छ। मुद्दती खाताको प्राप्त ब्याज रकम र मुद्दतीमा रहेको रकमबाट कर्मचारी विनियममा व्यवस्था भएअनुसार कर्मचारी अवकाश हुँदा त्यस्ता कर्मचारीहरूलाई सुविधाहरू उपलब्ध हुने गरेको छ।

कर्मचारी सापटी कोष

सापटी कोषमा रहेको रकमबाट प्रेस काउन्सिल कर्मचारी विनियमावलीमा व्यवस्था भएअनुसार ६ महिने, १ वर्षे र ३ वर्षे तलब सापटी उपलब्ध हुने गरेको थियो।

उक्त सापटी सुविधा प्रयोगबापत विनियमावलीमा उल्लेख भएअनुसार कर्मचारीबाट सयकडा ३ प्रतिशतका दरले ब्याज लिइने गरिएको छ । यस कोषबाट २०८३ असार मसान्तसम्म रू.४१ लाख ३६ हजार २ सय ४३ रुपैयाँ ३२ पैसा कर्मचारीलाई तलब सापटीस्वरूप उपलब्ध गराइएको छ । कर्मचारी विनियमावलीअनुसार दिइएको सापटी रकम सम्बन्धित कर्मचारीको तलबबाट नियमानुसार प्रत्येक महिना कट्टा गरी असुल गर्ने व्यवस्था छ ।

यस कोषमा गत वर्ष रू.९४ लाख ७८ हजार ३ सय ९३ रुपैयाँ १२ पैसा रहेकोमा यो वर्ष रू. ९४ लाख ७ सय १७ रुपैयाँ ३७ पैसा रहेको छ ।

प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार कोष

प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार वितरण गर्नका लागि स्थापित अक्षय कोषको रकम रू. ३५ लाख रहेको छ । मुद्दती खातामा राखिएको सो रकमको ब्याजबाट पुरस्कार वितरण गर्ने गरिएको छ । आ.व.२०६७/६८ बाट पुरस्कारको राशि रू. १ लाख कायम गरिएकोमा आ.व. २०७३/७४ बाट रू. १ लाख पाँच हजार र आ.व. २०७५/७६ बाट रू. १ लाख ५१ हजार कायम गरिएको छ । आ.व. २०८२/८३ को ब्याज आम्दानी रू.९४ हजार ५ सय ७० रुपैयाँ १६ पैसा रहेको छ । यो कोषमा हाल रु. ३९ लाख ८८ हजार ४ सय ४९ रुपैयाँ २७ पैसा मौज्दात रहेको छ ।

प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार कोष

प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार वितरण गर्नका लागि २०७३ सालमा स्थापित अक्षयकोषको रकम रू. २६ लाख रहेको थियो । मुद्दती खातामा राखिएको सो रकमको प्राप्त ब्याजबाट पुरस्कार वितरण गर्ने गरिएको छ । आ.व २०७५/७६ बाट सो पुरस्कार स्थापना गरी वितरण गरिएको सो पुरस्कारको राशि रू. १ लाख ५ हजार कायम गरिएकोमा आ.व. २०७७/७८ देखि पुरस्कारको पुँजी वृद्धि गरी रू. २८ लाख र पुरस्कार राशि रू. १ लाख १० हजार पुऱ्याइएको छ । उक्त कोषको चल्ती खातामा आ.व. २०८२/८३ को ब्याज आम्दानी रू. ६५ हजार ६ सय २९ रुपैयाँ ८८ पैसा रहेको छ । असार मसान्तसम्म रू. ३२ लाख ८७ हजार ८ सय २६ रुपैयाँ ७६ पैसा मौज्दात रहेको छ ।

प्रेस काउन्सिल पुरस्कार अक्षय कोष

आर्थिक वर्ष २०७८/७९ बाट प्रेस काउन्सिल नेपालले प्रदान गरिने पुरस्कारको

निरन्तरतालाई मध्यनजर गर्दै छुट्टै पुरस्कार कोष स्थापना गर्ने उद्देश्यले रू. १० लाखबाट स्थापित पुरस्कार अक्षयकोषलाई वृद्धि गर्दै हाल रू.४० लाख पुऱ्याइ मुद्दती खातामा राखिएको छ । उक्त मुद्दती खाताबाट आर्थिक वर्ष २०८२/८३ मा ९७ हजार २ सय ४ रुपैया ९ पैसा ब्याज रहेको छ । असार मसान्त सम्म रु. ५३ लाख १० हजार २ सय १७ रुपैयाँ ५१ पैसा मौज्दात रहेको छ ।

योगदानमा आधारित कर्मचारी अवकास कोष

लामो समयसम्म करारमा कार्यरत कर्मचारीहरू करार समाप्तपछि घर जाने समयमा केही सुविधा होस् भन्ने उद्देश्यका लागि आर्थिक वर्ष २०७८/७९ मा योगदानमा आधारित कर्मचारी अवकाश कोष खाता खोली रू. ८ लाख मुद्दती खातामा राखिएको छ । उक्त मुद्दती खातामा राखिएको रकमबाट आ.व. २०८२/८३ मा रू. १९ हजार ४ सय ९६ रुपैयाँ ४३ पैसा ब्याज सहित चल्ती खातामा जम्मा रू. २ लाख ७२ हजार ७ सय ७३ रुपैँया ९६ पैसा रहेको छ । उक्त कोषको मुद्दती र चल्ती खातामा आ.व. २०८२/८३ को ब्याज आम्दानी समेत गरी रु. १० लाख ७२ हजार ७ सय ७३ रुपैयाँ ९६ पैसा मौज्दात रहेको छ ।

पत्रकार कल्याण कोष

यो कोषबाट उपसमितिको निर्णयानुसार स्वास्थ्योपचार गराउनुपर्ने पत्रकारलाई नेपाल पत्रकार महासङ्घ (केन्द्रीय कार्यालय)को सिफारिससहित तोकिएको कागजातका आधारमा कार्यविधिको अधिनमा रही औषधोपचार सुविधा प्रदान हुँदै आएको छ । औषधोपचार सुविधा उपलब्ध गराउने प्रयोजनका निमित्त काउन्सिलले २०५२ सालमा पत्रकार कल्याण कोष नामक एउटा छुट्टै अक्षय कोष स्थापना गरेको छ । रू. १० लाखबाट प्रारम्भ भएको अक्षय कोषको रकम हाल रू. १ करोड ४ लाख मुद्दती पुगेको छ । सो कोषबाट आर्जित ब्याज रकमबाट बिरामी पत्रकारलाई सहयोग गरिन्छ । रोगको अवस्था हेरी रकम सिफारिस गर्न पत्रकार कल्याण कोष उपसमिति गठन गरिएको छ ।

पत्रकार कल्याण कोषमा आ. व. २०८२/८३ मा रू. २ लाख ६४ हजार ८ सय ७८ रुपैँया ०५ पैसा ब्याज आम्दानी भएको छ । उक्त आम्दानीबाट यस आर्थिक वर्ष २० जना पत्रकारलाई स्वास्थोपचारका लागि रू. २ लाख ३३ हजार आर्थिक सहयोग प्रदान गरिएको छ । कोष स्थापनादेखि हालसम्म ७७४ जना बिरामी पत्रकारलाई रू.८२ लाख ४९ हजार १ सय ५६ रुपैँया ०९ पैसा औषधिपचार सुविधा प्रदान गरिएको छ । यस वर्षको अन्त्यसम्म कोषमा रू. १ करोड ६ लाख १६ हजार ३ सय ६० रुपैँया ०९ पैसा मौज्दात रहेको छ ।

मिडिया विकास कोष

मिडियालाई स्वतन्त्र, आधुनिकीकरण तथा व्यावसायिकरण बनाइ नेपाली पत्रकारिता क्षेत्रको समुचित विकासका लागि मोफसलका सञ्चार माध्यमको गुणात्मकतामा अभिवृद्धि गर्न र आत्मनिर्भर बनाउन नेपाल सरकार र डेनमार्क सरकारको संयुक्त सहयोगमा सन् १९९५ को अक्टुबर (वि.सं.२०५२ असोज)मा मिडिया विकास कोष स्थापना भएको हो।

मोफसलका पत्रपत्रिकाले भोग्नुपरेका विविध समस्याको प्रारम्भिक निराकरणमा सहयोग पुर्याउनु नै मिडिया विकास कोषको उद्देश्य रहेको छ।

मिडिया विकास कोषमा नेपाल सरकारबाट प्राप्त रू. १ करोड ५० लाखसहित डेनिस सरकारबाट प्राप्त रू. १ करोड ७५ लाख र ब्याजबाट खोलेको मुद्दतीसमेत जम्मा रू. ४ करोड ७४ लाख को कोष रहेको छ। यस आ.व. २०८२/८३ मा रू.१३ लाख ८३ हजार २ सय ८६ रुपैँया १७ पैसा ब्याज प्राप्त भएको छ।

यस आ.व.मा रेडियो स्थापना अनुदानतर्फ नेपाली मिडिया नेटर्वक प्रा.लि.लाई रू. १ लाख ५० हजार रुपैँया अनुदान प्रदान गरिएको छ। सोधपत्र लेखन छात्रवृत्तिबापत रू. ५० हजार जम्मा रू.२ लाख खर्च भएको छ। मिडिया विकास कोषको २०८२ साउनदेखि २०८३ असार मसान्तसम्म भुक्तानी गरिएको अनुदान खर्च विवरण छुट्टै रहेको छ।

प्रेस क्लिपिङ सेवा

आर्थिक वर्ष २०८२/८३ मा प्रेस क्लिपिङ सेवा प्रदान गरेबापत ग्राहकबाट रू. १६ लाख १४ हजार ९ सय ६७ रुपैँया आम्दानी भएको छ। यस सेवाको कोषबाट यो वर्ष रू. ६३ हजार १ सय ९ रूपैयाँ २३ पैसा ब्याज प्राप्त भएको छ। यस आर्थिक वर्षमा प्रेस क्लिपिङतर्फ पारिश्रमिक, इन्धन, मसलन्द खरिद, सेवा शुल्कसमेत जम्मा रू.१९ लाख ९७ हजार ६ सय २६ रुपैँया २२ पैसा खर्च भएको छ। आ.व.को असार मसान्तमा यसअन्तर्गत रू.३६ लाख ७९ हजार १ सय ८४ रूपैयाँ ३८ पैसा बचत रहेको छ।

खण्ड २

अनुगमन र कारबाही

२.१ आचारसंहिता अनुगमन

काउन्सिलले पत्रकार आचारसंहिता नियमित अनुगमन गर्ने, आचारसंहितासम्बन्धी उजुरी लिने र आवश्यकताअनुसार कारबाही गर्ने गर्दै आएको छ । यस वर्ष आचारसंहितासम्बन्धी उजुरी, जनगुनासो र कारबाहीको विवरण निम्नानुसार रहेको छ-

उजुरीतर्फ

क्र. सं.	विवरण	सङ्ख्या	फछर्यौट	प्रक्रियामा रहेको	कैफियत
१	आ.व. २०८२/८३ दर्ता भएको	३७०	२०८	१६२	
२	आ.व. २०८१/८२ दर्ता भइ प्रक्रियामा रहेका	१३८	१३८	-	
३	आ.व. २०८०/८१ मा दर्ता भइ प्रक्रियामा रहेका	३	३	-	
४	आ.व. २०८२/८३ मा प्राप्त जनगुनासो	२७	-	२७	

सञ्चार माध्यमले पत्रकार आचारसंहिता उल्लङ्घन गरेको भन्दै आ.व. २०८२/८३ मा कुल ३७० उजुरी दर्ता भएका छन् । जसमध्ये २०८ वटा यसै आ.व.मा फछर्यौट भएका छन् भने १६२ वटा उजुरी प्रक्रियामा रहेका छन् । त्यस्तै प्राप्त जनुगुनासोअन्तर्गत यस आ.व. मा हेलोसरकार लगायतबाट कुल २७ वटा जनगुनासो दर्ता भएकोमा सबै प्रक्रियामा रहेका छन् ।

त्यसैगरी आ.व. २०८१/८२ मा प्रक्रियामा रहेका कुल १३८ वटा र आ.व. २०८०/८१ मा दर्ता भएका ३ वटा उजुरी यस आर्थिक वर्षमा फछर्यौट भएका छन् । यस आ.व.मा कुल ४ वटा सञ्चार माध्यमलाई अवज्ञाकारी/कालोसूचीमा राखी कारबाही भएको छ । जसमध्ये २ वटालाई प्रेस पास निलम्बनको सिफारिस गरिएको छ ।

संस्थागत उजुरी	व्यक्तिगत उजुरी		अन्य
	महिला	पुरुष	
९९	५६	२१५	-
९९	२७१		-
३७०			

यस आ.व.का उजुरी दर्ताको स्थितिलाई हेर्दा कुल ३७० उजुरीमध्ये ९९ वटा संस्थागत उजुरी रहेका छन् भने २७१ वटा व्यक्तिगत उजुरी रहेका छन्। जसमध्ये ५६ वटा महिला र २१५ वटा पुरुषका उजुरी रहेका छन्।

उजुरीमध्ये उजुरीका किसिमलाई नियाल्दा सत्यता नभएको, भ्रामक, असन्तुलित २२७, चरित्रहत्या, मानहानी, गालीबेइज्जति १२२, वीभत्स तस्बिर १, सामाजिक सद्भाव प्रतिकूल ४, हुबहु प्रकाशन २, पोष्ट डिलट १, अन्य पेसागत, गोपनीयता र पत्रकारविरुद्ध) १३ वटा रहेका छन्।

स्वअनुगमनतर्फ

प्रेस काउन्सिल नेपालले सञ्चार माध्यममा सम्प्रेषित सामग्रीउपरको उजुरी लिने मात्र नभइ पछिल्ला केही वर्षदेखि सञ्चार माध्यममा आएका सामग्रीको स्वअनुगमनलाई पनि तीव्रता दिँदै आइरहेको छ। यो एक नियमित प्रक्रियाकै रूपमा लिइ सार्वजनिक जवाफदेहीता र व्यवसायिक पत्रकारिताबिच सन्तुलन कायम गर्ने संयन्त्रका रूपमा अगाडि बढाउँदै आएको छ। काउन्सिलले नियमित अनुगमनका अलवा काउन्सिलले घटना विशेषमा आधारित रही समय समयमा विशेष अनुगन पनि गर्दै आइरहेको छ।

स्वअनुगमनको क्रममा देखिएका सामग्रीलाई मिडियामा आएका सामग्री र मिडियाजस्तै झल्कोदिने गरी दर्ता नभइ सञ्चालित प्लेटफर्ममा आएका सामग्री गरी छुट्याइ सोहीअनुसार अभिलेखीकरण गरिरहेको छ। स्वअनुगमनका क्रममा आचारसंहिता प्रतिकूल सामग्रीउपरको कारबाही प्रक्रिया अगाडि बढाउँदा उल्लङ्घनको प्रकृतिका आधारमा फोनमार्फत ध्यानाकर्षण, सचेत एवं निर्देशन र गम्भीर प्रकृतिको देखिएमा सम्बन्धित मिडियालाई लिखित पत्राचार, सम्बन्धित निकायमा पत्राचार गर्ने र सामान्य प्रकृतिको देखिएको अवस्थामा नोटिसमा राखी अनुगमन गर्ने गरिएको छ।

वार्षिक स्वअनुगमन विवरण

स्वअनुगमन सामग्री संख्या			मिडिया / गैरमिडिया			सम्प्रेषित सामग्री उपरको कारबाही			
मिडियाबाट सम्प्रेषण भएका	गैरमिडिया बाट सम्प्रेषित	कुल सामग्री संख्या	मिडिया	गैरमिडिया	कुल मिडिया / गैरमिडिया	फोन मार्फत निर्देशन	पत्राचार	साइबरमा पत्राचार	आचारसंहिता प्रतिकूल देखिएकालाई अभिलेख गरिएको
१९३९	५९९	३२८२	१४२९	५९०	२०१९	३६५	४५५	११७	२३४५

यस आ.व. २०८२/८३ कुल ३२८२ सामग्रीको अनुगमन भएको छ। जसमा १४२९ मिडियाका १९३९ सामग्री र ५९० गैर मिडियाका ५९९ वटा सामग्री रहेका छन्। अनुगमन भएकामध्ये पत्रकार आचारसंहिता उल्लङ्घन भएका ९३७ सामग्रीमध्ये ३६५ वटा सामग्रीलाई टेलिफोनमार्फत ध्यानाकर्षण/सचेत/निर्देशन दिइएको थियो भने ४५५ वटा सामग्रीको हकमा पत्रमार्फत निर्देशन/सचेत गराइएको छ।

दर्ता नभइ, मिडियाको झल्को दिनेगरी सञ्चालित तर कुनै पनि सम्पर्क ठेगाना नभएका सामाजिक सञ्जालका ११७ सामग्रीका विषयमा नेपाल प्रहरी साइबर ब्युरोमा पत्राचार भएको छ। स्वअनुगमन भएका तर आचारसंहिताको दृष्टिकोणबाट प्रतिकूल नदेखिएका २३४५ वटा सामग्रीलाई अभिलेखीकरण गरिएको छ।

२.२ प्रतिनिधिसभा सदस्य निर्वाचनमा सञ्चार माध्यमको अनुगमन

निर्वाचनको सफलताको लागि मिडियाको भूमिका महत्वपूर्ण हुन्छ। राजनीतिक दल एवं उम्मेदवारको सकारात्मक वा नकारात्मक छवि निर्माण तथा प्रचार-प्रसारमा मिडियाले निर्णायक प्रभाव पार्न सक्ने सम्भावना रहन्छ। निर्वाचनमा मिडियाको सम्बन्ध एवं सोको परिचालनलाई अभिन्न, अपरिहार्य सूचकको रूपमा लिइन्छ। निर्वाचन अवधिमा निश्चित राजनीतिक पार्टी एवं उम्मेदवारको सकारात्मक छवि प्रबर्धन गर्न मिडियाको प्रयोग हुन्छ। मिडियाका सामग्रीले मतदाताका बिचमा उम्मेदवारका पक्षमा राजनीतिक जनमत सिर्जना गर्नसक्ने अपेक्षा गरिएको हुन्छ।

यसै क्रममा गलत नियतले राजनीतिक दलको जनमत सिर्जना गर्ने क्रममा अर्को कुनै राजनीतिक दलप्रति दुष्प्रचार गर्ने, घृणास्पद अभिव्यक्ति दिने, गलत सूचना सम्प्रेषण हुने खतरा पनि त्यत्तिकै रहन्छ। निर्वाचनकै समयमा दुष्प्रचार, मतदातालाई भ्रम पार्ने अभिप्रायले मिडियाको प्रयोग र मतदातालाई लक्षित गरी प्रायोजित सामग्री सम्प्रेषण गर्ने र भ्रम फैलाउने कार्य हुनसक्ने हुँदा मिडियाको अनुगमन अत्यन्तै आवश्यक रहेको छ। अहिले त झन् न्यू मिडिया तथा डिजिटल मिडिया एवं सामाजिक सञ्जालको प्रयोगले झनै भ्रमपूर्ण, गलत सूचना, दुष्प्रचार गरेर मतलाई आफूतर्फ आकर्षित गर्ने अभिप्रायले मिडियाको दुरूपयोग हुनसक्ने अवस्था रहेको हुँदा काउन्सिलले निर्वाचन आयोगसँग सम्झौता समेतका आधारमा

२०८२ फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा निर्वाचन आचारसंहिताको विशेष अनुगमन गरिएको थियो ।

विशेष अनुगमन निर्वाचन आयोगद्वारा निर्वाचन आचारसंहिता लागु गरिएको दिन (२०८२ माघ ४ गतेदेखि फागुन २५ गते सम्म)लाई आधार मानेर गरिएको थियो । सीमित स्रोत, साधनका बाबजुद विषयगत अनुगमनका साथै वस्तुगत अनुगमनसमेत गरिएको छ । सबै पत्रपत्रिका, एफएम रेडियो, टेलिभिजन र अनलाइन सञ्चार माध्यमको अनुगमन गर्न सम्भव नभएको अवस्थामा नमुना छनोट गरी अनुगमन गरिएको छ । विगतमाझैँ यस निर्वाचनमा पनि पत्रकार र मिडियाले प्रयोग गर्ने सामाजिक सञ्जालको प्रवृत्तिगत विश्लेषण (Trend Analysys)को अनुगमनसमेत गरिएको थियो ।

क) आचारसंहिता उल्लङ्घन र कारबाही

प्रतिनिधिसभा सदस्य निर्वाचनमा आमसञ्चार माध्यमको अनुगमनका क्रममा निर्वाचन आचारसंहिता, २०८२ परिच्छेद २ को दफा ४ र परिच्छेद ७ को दफा २५ को मर्म र भावनाविपरीत अर्थात् आचारसंहिताप्रतिकूल सामग्री सम्प्रेषण भएका केही तथ्यहरू पाइएको छ । आचारसंहिताप्रतिकूल सामग्री सम्प्रेषण गर्ने सञ्चार माध्यमलाई तत्कालै सामग्रीको प्रकृतिअनुसार कारबाही प्रक्रिया अवलम्बन गरी नियमित प्रतिवेदनमा समावेश गरिएको छ । निर्वाचन आचारसहिता लागु भएदेखि २०८२ फागुन २५ गतेसम्म गरिएको अनुगमनमा सञ्चार माध्यम, वेबपोर्टल, पत्रकारका सामाजिक सञ्जालको सङ्ख्यात्मक अवस्था र उल्लङ्घनको प्रकृतिअनुसार कारबाहीको तथ्याङ्कीय एवं विश्लेषणात्मक विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

पत्रकार आचारसंहिता र निर्वाचन आचारसंहिता अनुकूल/प्रतिकूल सञ्चार माध्यम र त्यसका सामाजिक सञ्जाल एवं अन्य सामाजिक सञ्जालबाट सम्प्रेषित सामग्री

माघ ४ देखि फागुन २५ गतेसम्म

	मिडिया र सामग्री		मिडिया र सामग्री		पत्रकार/सञ्चारकर्मी र सामाजिक सञ्जाल सम्प्रेषित सामग्री		जम्मा	
	मिडिया सङ्ख्या	सामग्री सङ्ख्या	गैरमिडिया सङ्ख्या	सामग्री सङ्ख्या	पत्रकार	मिडिया सङ्ख्या	सामग्री सङ्ख्या	मिडिया/ गैरमिडिया सङ्ख्या
फोनमार्फत निर्देशन /सचेत	४९	१८३	०	०	२	२	५१	१८५
पत्राचार	७९	२९७	१	१	३	२५	८३	३२३
साइबरमा पत्राचार	०	०	१०	४२	०	०	१०	४२
नोटिसमा राखिएको	२२०	४३५	६३	७२	४६	६१	३२८	५६८
जम्मा	३४८	९१५	७३	११५	५१	८८	४७२	१११८

आचारसंहिताप्रतिकूल सामग्री अनुगमन गर्दा सञ्चार माध्यम अर्थात् यहाँ मिडिया भनिएको छ। मिडिया र गैर मिडिया (दर्ता नभएका) मा आएका समेत अनुगमनको दायरामा रहेका छन्। कुल १११८ सामग्रीमध्ये ९१५ मिडिया सम्वद्ध, ११५ गैरमिडिया र ८८ वटा पत्रकार/सञ्चारकर्मीले सामाजिक सञ्जालमा सम्प्रेषित सामग्री रहेका छन्। उल्लिखित सामग्री ३४८ वटा मिडिया, ७३ गैरमिडिया र ५१ जना पत्रकार/सञ्चारकर्मीबाट सम्प्रेषित भएका थिए। अर्थात् मिडिया, गैरमिडिया र पत्रकारसञ्चारकर्मी गरी ४७२ वटा माध्यमका १११८ सामग्री अनुगमन गरिएको थियो।

अनुगमनबाट आचारसंहिताप्रतिकूल देखिएका सामग्रीको हकमा तत्काल कारबाही अघि बढाइएको थियो। उल्लङ्घनको प्रकृतिअनुसार केहीलाई फोनमार्फत निर्देशन दिइ सुधार गर्न भनिएको थियो भने कतिपयलाई पत्राचार एवं स्पष्टीकरण सोधिएको थियो।

तालिकामा उल्लिखित तथ्याङ्कअनुसार यो अवधिमा १८५ सामग्रीको लागि तत्काल फोन गरी ध्यानाकर्षण गराउँदै सुधारका लागि निर्देशन गरिएको थियो भने ३२३ वटा सामग्रीको हकमा पत्राचार गरिएको थियो । यसरी पत्राचार गर्दा यो अवधिमा कुल ८३ वटा मिडिया/गैरमिडिया र सञ्चारकर्मी पत्राचार भएको र कतिपयलाई पुनः पत्राचार समेत हुँदा कुल ११३ वटा पत्र-व्यवहार भएका थिए ।

यस्तै मिडियाको रूपमा दर्ता नभएका सम्पर्क स्थापित हुनसक्ने अवस्था नभएका अनलाइन पोर्टल तथा मिडियोको झल्को दिने किसिमका ७३ वटा सामाजिक सञ्जालका ११५ सामग्री अनुगमन गरिएकोमा १० वटा सामाजिक सञ्जालबाट सम्प्रेषित ४२ वटा सामग्रीउपर थप अध्ययन, अनुसन्धान र कारबाहीका लागि नेपाल प्रहरी, साइबरब्युरोमा पत्राचार गरिएको छ ।

यस अवधिमा निर्वाचन आयोगबाट मिडियाका सामग्री आचारसंहिताबमोजिम अनुसन्धान गरी कारबाहीको लागि काउन्सिलमा ९ वटा उजुरीसहित ३४ वटा पत्र प्राप्त भएको थियो । सो उजुरीलाई समेत कारबाहीको दायरामा ल्याइएको छ । यस अवधिमा निर्वाचन आयोगबाट समेत प्राप्त उजुरीसहित २५ वटा मिडिया, ३ जना पत्रकार विरुद्ध गरी कुल २८ वटा उजुरी दर्ता भएको थियो ।

यस्तै मौन अवधिमा समेत आचारसंहिता उल्लङ्घनका केही सामग्री देखिएका छन । यो अवधिमा १३ वटा मिडियामा १५ वटा सामग्रीउपर कारबाही गरी तत्काल सुधार गर्न निर्देशन दिइएको थियो ।

यसैगरी अनुगमनका क्रममा ५१ जना पत्रकारद्वारा सामाजिक सञ्जालमार्फत सम्प्रेषित ८८ सामग्रीमा पत्रकार आचारसंहिता एवं निर्वाचन आचारसंहिता आकर्षित भएको देखिएको थियो । उक्त विषयमा ३ जना पत्रकार/सञ्चारकर्मीद्वारा सम्प्रेषित २५ सामग्रीउपर निर्देशन एवं सचेत गराइ पत्राचार भएको र २ जनाबाट सम्प्रषित २ वटा सामग्रीका बारेमा मौखिक ध्यानाकर्षण/निर्देशनपश्चात् स्थगन भएको थियो भने ४६ जनाबाट सम्प्रेषित ६१ वटा सामग्रीलाई नोटिसमा लिइएको थियो ।

काउन्सिलले कारबाहीपश्चात् सुधार भए नभएको समेत अनुगमन गरेको थियो । यसरी अनुगमन हुँदा केही सञ्चार माध्यमले तत्काल निर्देशन पालना गरेको नदेखिएकाले

काउन्सिलको निर्णयानुसार आचारसंहिता उल्लङ्घनकर्ताको रूपमा अभिलेख गरी वर्गीकरण हुने सञ्चार माध्यमको हकमा आचारसंहितावापत नकारात्मक ५ अङ्क प्रदान गरिएको छ।

ख) अनुगमनका क्रममा मुख्य रूपमा देखिएका उल्लङ्घनका घटना एवं प्रवृत्ति

प्रतिनिधिसभा सदस्य निर्वाचनमा आमसञ्चार माध्यमको अनुगमनका क्रममा केही सञ्चार माध्यमले सर्वेक्षणको रूपमा विश्लेषण भन्दै कुनै दलको कुनै उम्मेदवारले जित्नेछन् भनी नतिजा नै घोषणा भइसकेको झैँ गरी सामग्री सम्प्रेषण गरेको पाइयो। खासगरी सेतोपाटी डटकम (www.setopati.com) बाट २०८२ फागुन ३ गते "चितवन-३ मा सोविता गौतमले जित्नेछिन् निर्वाचन, रेनु दाहाल दोस्रो" शीर्षकमा सर्वेक्षणरूपी सामग्री सम्प्रेषण भएको र काउन्सिलसँगको छलफल एवं पत्राचारपछि उक्त सामग्रीमा शीर्षक सम्पादन गरिएको पाइयो। उक्त माध्यमबाट निरन्तररूपमा मत विश्लेषण भनी निरन्तर सामग्री सम्प्रेषण गरेको विषयमा काउन्सिलले पटकपटक स्पष्टीकरण सोध्ने र सच्याउन निर्देशन दिँदा अवज्ञा गरी मौन अवधिको अघिल्लो दिनसम्म त्यसप्रकारका सामग्री सम्प्रेषण थियो। उक्त अनलाइनका तर्फबाट सर्वेक्षण गर्न पाउनुपर्ने जिकिरसहित सर्वोच्च अदालतमा रिट समेत दर्ता भएको थियो। यसैगरी लोकान्तर डटकम लगायतका अन्य अनलाइन मिडियाबाट पनि निर्वाचन विश्लेषणरूपी सामग्री सम्प्रेषण भएका थिए। यसपटकको निर्वाचनमा सञ्चार माध्यमले सम्प्रेषण गर्ने सामग्रीको मुख्य प्रवृत्ति र प्रकृति देहायअनुसार रहेको थियो

- निर्वाचनसँग सम्बन्धित समाचार, लेख, विज्ञापनलगायतका सामग्रीलाई प्राथमिकताका साथ सम्प्रेषण गर्ने गरेको।
- यो निर्वाचनमा यसअघि जस्तो एक राजनीतिक दल/नेताले अर्को दल नेतालाई नकारात्मक तरिकाले चित्रण गर्ने, गालीगलौजपूर्ण अभिव्यक्ति दिने र त्यसलाई सञ्चार माध्यमले लाइभ वा रेकर्डका रूपमा जस्ताको तस्तै सम्प्रेषण गर्ने प्रवृत्ति प्रायः देखिएन। अधिकांश दलले चुनावी वृहत आमसभाको आयोजना नगरेको कारण पनि यसो हुन गएको।
- सामाजिक सञ्जालमा एआईको प्रयोग गरी नेताहरूका विभिन्न भिडियो सम्प्रेषण भएको, जसले आम मानिसमा भ्रम सिर्जना गरेको।
- निर्वाचन तथा मतदातालाई प्रभाव पार्ने किसिमबाट 'चुनावी विश्लेषण', 'विशेष रिपोर्ट', 'सर्वेक्षण' भनी मत सर्वेक्षणको शैलीमा राजनीतिक दल र उम्मेदवारको नाम नै

किटान गरी 'जित्नेछन्', 'यो उम्मेदवार त्यो भन्दा धेरै अगाडि', 'नयाँतिर आकर्षित', '...यसको लहर छ, यसको छैन', 'डेन्जर जोनमा' भनी नागरिकको मनोभावनालाई असर पार्ने, आम मतदाता दिग्भ्रमित हुने, मत प्रभावित हुने, मतदाताको गोपनीयता भङ्ग हुने गरी सामग्री सम्प्रेषण गर्ने गरेको।

- केही सञ्चार माध्यम, पत्रकार तथा सामाजिक सञ्जालका प्रयोगकर्ताबाट 'यो वा त्यो पार्टीको उम्मेदवारले जित्ने', 'कसलाई भोट दिनुहुन्छ ?' भनी सोध्ने र 'यसलाई भोट दिन्छु' भनी अभिव्यक्त गरिएका सामग्रीलाई मतदाताको गोपनीयता भङ्ग हुनेगरी सम्प्रेषण गर्ने गरेको।
- मतदातालाई अन्तर्वार्ता वा प्रश्न सोध्ने क्रममा कसको माहौल राम्रो छ भनी उत्तर दिन बाध्य पार्ने खालको प्रश्न सोध्ने र मताधिकारसम्बन्धी अभिव्यक्त धारणा सार्वजनिक गर्ने व्यवहार देखाएको।
- मिडियाको आवरणमा सञ्चालित सामाजिक सञ्जाल (विशेषगरी युट्युब च्यानल/फेसबुक पेज/रिल)बाट निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले, निर्वाचनमा भाग लिएका राजनीतिक दल तथा उम्मेदवारलाई नकारात्मक असर पुऱ्याउने किसिमले होच्याउने, दुष्प्रचार गर्ने, अपमान गर्ने, मिथ्या, गलत, भ्रामक एवं द्वैषपूर्ण सूचना प्रवाह र भ्रामक टिकाटिप्पणीसहित असन्तुलित सामग्री सम्प्रेषण भएको,
- निर्वाचन मितिको सम्मुखमा विदेशी सञ्चार माध्यम (बिबिसी) बाट डकुमेन्ट्रीको नाममा निर्वाचनलाई प्रभाव पार्ने किसिमबाट सामग्री सम्प्रेषण भएको र उक्त डकुमेन्ट्रीलाई थप विश्लेषण गर्दै नेपालका कतिपय सञ्चार माध्यम र सोका सामाजिक सञ्जालबाट समेत पुनः प्रकाशन/प्रसारण/सम्प्रेषण गर्ने प्रवृत्ति देखिएको।

२०८२/८३ सालमा दर्ता भइ फछर्यौट भएका उजुरीहरूको विवरण

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
१	बुटवल उपमहानगरपालिका	शान्तिनेपाल डटकम	Shantinepal.com मिसन भण्डाफोर नामक फेसबुक पेज, टिकटक, युट्युबबाट पटक पटक भ्रामक र एकपक्षीय सामग्री सम्प्रेषण गरेको भनी २०८२ साउन ९ गते उजुरी परेको।	सञ्चार माध्यमबाट क्षमायाचनासहित उक्त सामग्री सम्पादन गरी काउन्सिललाई जानकारी गराएपछि २०८२ असोज ५ गतेको निर्णयानुसार आगामी दिनमा यस्ता क्रियाकलाप नदोहोऱ्याउनेतर्फ सचेत गराइ उजुरी फछर्यौट।
२	विवेक चौधरी	ललितखबर डटकम	"ट्राफिक प्रहरीले चालकको गाडीको चाबी खोस्न नपाउने" शीर्षकमा अदालतको आदेशलाई उल्टो व्याख्या गरी भ्रम फैलाउने सामग्री सम्प्रेषण भएको भनी २०८२ साउन ९ गते उजुरी परेको।	सञ्चार माध्यमबाट क्षमायाचनासहित गल्ती सच्याएपछि २०८२ पुस २० गतेको निर्णयानुसार आगामी दिनमा समाचारको सत्यता र तथ्यगत परीक्षणका विषयमा सजग गराइ फछर्यौट।
३	मा. शरद सिंह भण्डारीको निजी सचिवालय	मोटिभेटन्युज डटकम	'जर्मनी पुग्छ श्रम मन्त्रीको घुस रकम' शीर्षक राखी सम्प्रेषित भिडियो सामाग्री गलत, कपोलकल्पित, झुठो रहेको भनी २०८२ साउन १५ गते उजुरी परेको।	सञ्चार माध्यमबाट सामग्री हटाइ क्षमायाचनासहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ फागुन ८ गतेको निर्णयानुसार फछर्यौट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
४	विष्णु विश्वकर्मा	रातोमसी डटकम	"विप्लवका पत्रकारको नक्कली नोट र लागुऔषधको गोदाम" शीर्षकको सामग्रीमा घटनासँग असम्बन्धित व्यक्तिको तस्बिर प्रयोग भएको भनी २०८२ श्रावण ४ गते उजुरी परेको।	सञ्चार माध्यमबाट खण्डन प्रकाशन गरी क्षमायाचनासहित पेस भएको जवाफ उजुरकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ फागुन २९ गतेको निर्णयानुसार फछ्यौंट।
५	नितेशकुमार गुप्ता	नेपालपाना डटकम	प्रमाण र आधिकारिक भनाइबिना विभिन्न शीर्षकमा सम्प्रेषित सामग्रीले नेपाली काङ्ग्रेस मधेश प्रदेशका सभापति कृष्णप्रसाद यादवका विषयमा भ्रम सिर्जना गरेको भनी २०८२ साउन ५ गते उजुरी परेको।	सञ्चार माध्यमबाट खण्डन प्रकाशन गरी आचारसंहिता पालनामा प्रतिबद्धतासहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया नआएपछि २०८२ फागुन २९ गतेको निर्णयानुसार फछ्यौंट।
६	गोमा कटुवाल	नमस्तेखोटाङ डटकमको फेसबुक पेज	बालिकालाई यौन दुर्व्यवहार गरेको अभियोगमा पक्राउ शीर्षकको सामग्रीका विषयमा २०८२ साउन ९ गते उजुरी परेको।	असावधानीवस पोष्ट भएको भनी सामग्री हटाएको देखिएको विषय उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ फागुन २९ गतेको निर्णयानुसार आगामी दिनमा अदालतमा विचाराधीन विषय र तथ्यगत पुष्ट्याईंबेगर सामग्री सम्प्रेषण नगर्न/नगराउन सचेत गराइ उजुरी फछ्यौंट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
७	पदमराज भट्ट	गुडटिभी युट्युब च्यानल र साफापेज डटकमको फेसबुक पेज	गुडटिभी युट्युब च्यानल र साझापेज डटकमको फेसबुक पेजबाट आफ्नो चरित्रहत्या हुनेगरी सामग्री सम्प्रेषण भएको भनी २०८२ साउन ८ गते उजुरी परेको।	दुवै सञ्चार माध्यमबाट खण्डन प्रकाशन गरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ फागुन २९ गतेको निर्णयानुसार फछर्यौट।
८	श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	दृष्टिन्युज डटकम	"एनजीओलाई परीक्षा लिने छुट जापान जाने कामदारसँग करोडौँ असुली ?" शीर्षकमा भ्रामक तथ्यहीन र मिथ्या सामग्री सम्प्रेषण भएको भनी २०८२ साउन ९ गते उजुरी परेको।	सञ्चार माध्यमले मन्त्रालयको ध्यानाकर्षणपछि सामग्रीको वास्तविकता छानबिन भइरहेको भनी पेस गरेको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ फागुन २९ को निर्णयानुसार आगामी दिनमा सत्य तथ्य परीक्षण र सन्तुलन कायम गर्न सचेत गराइ फछर्यौट।
९	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	नेपालबहस डटकम	'भिजिट भिसाबाट रोकिएपछि व्यक्तिगत श्रम स्वीकृतिमार्फत मानव तस्करीको नयाँ जालो' शीर्षकमा कपोलकल्पित, भ्रामक, तथ्यहीन सामग्री सम्प्रेषण भएको भनी २०८२ असार २२ गते उजुरी परेको।	सम्बन्धित मिडियाबाट पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ फागुन २९ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई आगामी दिनमा सत्य/तथ्य परीक्षण गरी सन्तुलन कायम गर्न सचेत गराइ फर्छ्यौट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
१०	पुष्पाञ्जली आमा गस्ती समूह	दक्षखबर डटकम, फटाफटनेपाल, न्युजकारोबार डटकम, सेतोखबर डटकम र सोको फेसबुक पेज	उल्लिखित सञ्चार माध्यमहरूबाट 'पुष्पाञ्जली आमा समूहले सुरक्षाको नाममा चलायो अवैध धन्दा, स्थानीय आकोशित' शीर्षकमा आधिकारिक स्रोत/प्रमाणबिना आत्मसम्मानमाथि प्रहार गर्ने सामग्री सम्प्रेषण भएको भनी २०८२ जेठ २८ गते र साउन ९ गते उजुरी परेको।	सञ्चार माध्यमहरूबाट असावधानीबस पोष्ट भएको भनी क्षमायाचनासहित सामग्री हटाइ पेस गरेको जवाफ उजुरीकर्तालाईँ जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ फागुन २९ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई आगामी दिनमा सत्य/तथ्य परीक्षणबेगर सन्तुलन कायम नगरी सम्प्रेषण नगर्न/नगराउन सचेत गराइ फछर्यौट।
११	पुष्पाञ्जली आमा गस्ती समूह	इखबरनेट डटकम	'पुष्पाञ्जली आमा समूहले सुरक्षाको नाममा चलायो अवैध धन्दा, स्थानीय आकोशित' शीर्षकमा आधिकारिक स्रोत/प्रमाणविना आत्मसम्मानमाथि प्रहार गर्ने सामग्री सम्प्रेषण भएको भनी २०८२ साउन ९ गते उजुरी परेको।	सञ्चार माध्यमबाट क्षमायाचनासहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ फागुन २९ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई आगामी दिनमा सत्य/तथ्य परीक्षणबेगर सन्तुलन कायम नगरी सम्प्रेषण नगर्न/नगराउन सचेत गराइ फछर्यौट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
१२	स्वस्ती शर्मा (HOPE FERTILITY AND DIAGNOSTIC PRIVATE LTD)	माउन्टेन टेलिभिजन	माउन्टेन टेलिभिजनमा कार्यरत पत्रकार/ सञ्चारकर्मी/क्यामेरामेन हूँ भन्दै ३ जनाले जबरजस्ती क्लिनिकभित्र आइ उपचारको लाइनमा बसेका बिरामी र चिकित्सकलक्षित 'हामी सबैलाई थुनिदिन सक्छौं' भन्दै बिरामीको उपचारमा बाधा पुऱ्याएको भनी २०८२ साउन ९ गते उजुरी परेको।	सञ्चार माध्यमबाट क्षमायाचनासहित प्राप्त जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ फागुन २९ गतेको निर्णायानुसार सञ्चार माध्यमलाई व्यक्तिगत गोपनीयतामा ख्याल गर्न र सामग्री सम्प्रेषण गर्दा सावधानी अपनाउन निर्देशन दिइ फछर्यौट।
१३	कमल लामिछाने	सूर्यखबर डटकम	सूर्यखबर डटकमका प्रधान सम्पादक बाबुराम आचार्यले 'टेलिफोनमार्फत अभद्र व्यवहार गरेको' भनी २०८२ साउन ९ गते उजुरी परेको।	काउन्सिलको पत्राचारपछि सञ्चार माध्यमबाट पत्रकार आचारसंहिताभन्दा बाहिर रहेर पत्रकारिता नगर्ने प्रतिबद्धतासहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइ २०८२ फागुन २९ गतेको निर्णयानुसार फछर्यौट।
१४	सडक डिभिजन काठमाडौं	देशदर्पण साप्ताहिक	देशदर्पण साप्ताहिकका सम्पादकले सडक डिभिजन काठमाडौं कार्यालय परिसरमा अभद्र व्यवहार गरेको भनी २०८२ साउन ०९ गते उजुरी परेको।	काउन्सिलको पत्राचारपछि सञ्चार माध्यमबाट पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइ २०८२ फागुन २९ गतेको निर्णयानुसार फछर्यौट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
१५	सिडी भुसाल	अनलाइनखबर डटकम	'मेडिकल काउन्सिलको लेटरप्याड दुरुपयोग गरी डाक्टरी लाइसेन्स परीक्षा पास' शीर्षकको सामग्रीबाट चरित्रहत्या/मानहानी भएको भनी २०८२ साउन ११ गते उजुरी परेको।	पटक पटकको पत्राचारपछि सञ्चार माध्यमबाट खण्डन प्रकाशित गर्न मनासिब नदेखिएको भनी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराइ २०८२ फागुन २९ गतेको निर्णयानुसार फछर्यौंट।
१६	राजकुमार बराल	चकपथ डटकम	'मिटर ब्याजीका नाइके राजकुमार बराल पक्राउ' शीर्षकमा मिडिया ट्रायल गर्ने नियतबाट तथ्य/प्रमाणबिनाको सामग्री सम्प्रेषण गरेको भनी २०८२ साउन ११ गते उजुरी परेको।	सञ्चार माध्यमबाट सम्प्रेषण भएको खण्डनसहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ फागुन २९ गतेको निर्णयानुसार फछर्यौंट।
१७	राजकुमार बराल	खोजमिसनन्युज डटकम	'मिटर ब्याजीका नाइके राजकुमार बराल पक्राउ' शीर्षकमा मिडिया ट्रायल गर्ने नियतबाट तथ्य/प्रमाणबिनाको सामग्री सम्प्रेषण गरेको भनी २०८२ साउन ११ गते उजुरी परेको।	सञ्चार माध्यमबाट सम्प्रेषण भएको खण्डनसहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ फागुन २९ गतेको निर्णयानुसार फछर्यौंट।
१८	राजकुमार बराल	प्राइम टाइम्स टेलिभिजन	फेसबुक पेज 'Prime Times HD' बाट 'मिटर ब्याजका नाइके राजकुमार बराल पक्राउ' शीर्षकमा सम्प्रेषित सामग्रीले आफ्नो मानमर्दन गरेको भनी २०८२ साउन ११ गते उजुरी परेको।	पटक पटकको पत्राचारपछि सञ्चार माध्यमबाट सम्प्रेषित खण्डनसहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ फागुन २९ गतेको निर्णयानुसार फछर्यौंट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
१९	श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	नव जनप्रहार	नव जनप्रहार साप्ताहिक र फेसबुकपेज 'नव जनप्रहार-New NawaJanaprahar' बाट 'वैदेशिक रोजगार विभागमा अख्तियार कहिले पस्ने व्यक्तिगत शाखामा मात्रै मासिक दुई करोड घुस संकलन' शीर्षकमा सम्प्रेषित सामग्री कपोलकल्पित, भ्रामक र तथ्यहीन रहेको भनी २०८२ साउन ११ गते उजुरी परेको।	एकपक्षीय सामग्री सम्प्रेषण भएको विषयमा काउन्सिलको पत्रानुसार प्राप्त जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ फागुन २९ गतेको निर्णयानुसार फछर्यौट।
२०	महिला मानव अधिकार रक्षक सञ्जाल समेत ६ वटा संस्था	टकनेपालटिभी डटकम	'बर्दिवासमा यौन कियाकलापको आरोपमा पाँच जना पक्राउ, मुख्य नाइके पासवान फरार' शीर्षकमा व्यक्तिको पहिचान खुल्ने गरी नाम र फोटोसहित गोपनीयता हनन् हुने गरी सामग्री सम्प्रेषण भएको भनी २०८२ साउन ९ गते उजुरी परेको।	काउन्सिलको पटकपटकको पत्राचारपछि पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ चैत २४ गतेको निर्णयानुसार फछर्यौट।
२१	सहारा एनिमल केयर	संगालोखबर डटकम र हाम्रो विराटनगर डटकम	'विराटनगरमा कुकुर बन्ध्याकरण गर्दा सहाराको गम्भीर लापरबाही' र 'विराटनगर महानगरले भ्रम फैलाएको' शीर्षकमा झुठा सामग्री सम्प्रेषण भएको भनी २०८२ साउन ६ गते उजुरी परेको।	सञ्चार माध्यमबाट प्रकाशित तस्बिर हटाइ प्रकाशित खण्डनसहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ चैत २४ को निर्णयानुसार फछर्यौट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
२२	एभरेष्ट हस्पिटल प्रा.लि	सिधाकुरा डटकम	मिडियाको युट्युब च्यानलबाट 'मृतकका परिवारप्रति मेडिकल काउन्सिलको बदनियत! न्याय खोज्दै भौतारिँदै सुवास', 'जब भगवान् सँगै भरोसा टुट्यो...' लगायत शीर्षकमा न्यायिक निकायमा विचाराधीन मुद्दालाई प्रभावित पार्ने गरी सामग्री सम्प्रेषण भएको भनी २०८२ साउन ०९ गते उजुरी परेको।	सञ्चार माध्यमबाट पीडित र प्रमाणबाट समाचार प्रसारण गर्ने संवैधानिक अधिकार रहेको भनी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ चैत २४ गतेको निर्णयानुसार अदालतमा विचाराधीन विषय र वैयक्तिक गोपनीयता प्रतिकूलका सामग्री सम्प्रेषण नगर्न सचेत गराइ फछर्यौंट।
२३	अबुल हुसेन अन्सारी	पर्दाफास डटकम	पर्दाफास डटकमको अङ्ग्रेजी संस्करण इपर्दाफासबाट 'Cross-Border Conversion Racket Busted: Nepal's Role Under Scanner in Chhangur Baba Terror-Funding Peobe' शीर्षकमा कुनै एक धार्मिक समुदायको शान्ति सुरक्षामा खलल पुऱ्याउने किसिमबाट सामग्री सम्प्रेषण भएको भनी २०८२ साउन ११ गते उजुरी परेको।	सञ्चार माध्यमबाट समाचारका कारण परेको असरप्रति क्षमायाचनासहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ चैत २४ गतेको निर्णयानुसार धार्मिक/साम्प्रदायिक विषयमा सामग्री सम्प्रेषण गर्दा सजगता अपनाउन सचेत गराइ फछर्यौंट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
२४	रेणु अधिकारी (मौनता)	नेपालफेस डटकम	'टोखा नगरपालिकामा आफ्नै हात जगन्नाथ नगरगानमा मेयरकै श्रीमती प्रथम, मेयर र प्रमुख प्रशासकीय अधिकृतकै मिलेमतोमा श्रृङ्खलाबद्ध भ्रष्टाचार' शीर्षकमा चरित्रमा आँच आउने झुटो समाचार सम्प्रेषण भएको भनी २०८२ भदौ ५ गते उजुरी परेको।	प्रकाशित खण्डनप्रति उजुरीकर्ताको चित्त नबुझेपछि सञ्चार माध्यमलाई आगामी दिनमा तथ्यगत आधार/प्रमाणको परीक्षण र सन्तुलनको ख्याल गरी सामग्री सम्प्रेषण गर्ने/गराउनेतर्फ सचेत गराइ २०८२ चैत २४ को निर्णयानुसार फछर्यौंट।
२५	सागर जोशी	जनआस्था डटकम	'देशको सूचना तानेर कसले विदेशीलाई दिँदैछन्?' शीर्षकको समाचारमा सूचना बेच्ने गम्भीर आरोप लगाइ सामाजिक व्यक्तिगत नागरिक अधिकारमा गम्भीर आघात पुऱ्याएको भनी २०८२ भदौ १७ गते उजुरी परेको।	प्रकाशित खण्डनप्रति उजुरीकर्ताले चित्त नबुझाएपछि सञ्चार माध्यमलाई समाचार सम्प्रेषणपूर्व सम्बन्धित पक्षको भनाइलाई स्थान दिनु सञ्चार माध्यमको कर्तव्य भएको विषय ध्यानाकर्षण गराइ २०८२ चैत २४ गतेको निर्णयानुसार फछर्यौंट।
२६	मनिष भट्ट (Fly Nepa Inc)	युएसखबर डटकम र फेसबुक पेज US Khabar Online	'गायिका कला लम्सालमाथि आयोजकको दादागिरी, अमेरिकामा बिरामीले थला पर्दा व्हील चियरमा राखेर नेपाल पठाइयो' शीर्षकको सामग्रीबारे २०८२ भदौ २९ गते उजुरी परेको।	काउन्सिलको ताकेतापछि सञ्चार माध्यमबाट प्रकाशित खण्डनसहितको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८२ चैत २४ गतेको निर्णयानुसार फछर्यौंट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
२७	बेनामे	पारस मण्डल, आवरप्रदेश डटकम	आवरप्रदेश डटकम (ourpradesh.com) सञ्चालक/प्रधान सम्पादक पारस मण्डलले डर, त्रास, धम्की दिइ पेसागत आचरणविपरीत रकम असुल्ने गरेको भनी २०८२ असोज ९ गते बेनामे उजुरी परेको।	आचरणविपरीतका क्रियाकलाप देखिएका विषयमा काउन्सिलसँगको कुराकानीमा पत्रकारले आत्मसमीक्षा गरेको र गैरपेसागत आचरण/कियाकलाप पुनरावृत्ति भएमा प्रचलित कानुन/आचारसंहिता बमोजिम कारबाही हुनेतर्फ सचेत गराइएको विषय उजुरीकर्तालाई जानकारी गराइ २०८२ चैत २४ 'को निर्णयानुसार फछ्यौंट।
२८	जियालाल शाह / हासिम अन्सारी	युथअफबीरगंज डटकमको फेसबुक पेज	युथअफबीरगंज डटकमको फेसबुक पेज 'Youths of Birgunj : Y.O.B', 'Saurav Shah' बाट विभिन्न मितिमा पोष्ट भएका सामग्रीहरू भ्रामक तस्बिरसहित चरित्रहत्या हुने किसिमबाट सम्प्रेषण भएको भनी २०८२ साउन १६ र २०८२ असोज ३० गते उजुरी परेको।	सञ्चार माध्यमबाट पेस भएको जवाफ उजुरीकर्ताद्वयलाई चित्त नबुझेपछि आगामी दिनमा एकपक्षीय/पूर्वाग्रही सामग्री सम्प्रेषण भएमा प्रचलित कानुन, पत्रकार आचारसंहिताबमोजिम कारबाही हुनेतर्फ सचेत गराइएको विषय उजुरीकर्तालाई जानकारी गराइ २०८२ चैत २४ गतेको निर्णयानुसार फछ्यौंट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
२९	राजा झा	रासस	२०८२ कार्तिक ८ गते अनुमतिबेगर कपि गरेर रासस‌बाट महेन्द्रनगर, धनुषा बाइलाइन राखी सामग्री सम्प्रेषण भएको भनी २०८२ कार्तिक १८ गते उजुरी परेको।	सामग्री हुबहुबारे पटकपटकको ताकेतापछि रासस‌बाट सोविषयमा समाचारदाता र सम्पादकलाई सचेत गराइएको भनी पेस भएको जवाफ उजुरीकर्तालाई चित्त नबुझेपछि सञ्चार माध्यमलाई आगामी दिनमा यस्ता कार्य नदोहोर्याउन ध्यानाकर्षण गराएको विषय उजुरीकर्तालाई जानकारी गराइ २०८२ चैत २४ को निर्णयानुसार फछर्यौट।
३०	मनोजकुमार केसी	फरकप्रेस डटकम	'कमाण्डर खोज्दा बिदामा, पदका लागि तिगडम' शीर्षकमा भूठा, भ्रमपूर्ण सूचना/समाचार प्रकाशन गरिएको भनी २०८२ कात्तिक २८ गते उजुरी परेको।	दर्ता/सूचीकरण बिनै सामग्री सम्प्रेषण भएको विषयमा सचेत गराइएपछि सामग्री स्थगन गरेकाले २०८२ चैत २४ को निर्णयानुसार आचारसंहिता पालनामा सचेत गराइ फछर्यौट।
३१	मनोजकुमार केसी	रिपब्लिका दैनिक डटकम	'गुण्डुमा एमालेका अध्यक्ष ओलीसँग एआईजीपी के.सी.द्वारा दुई घण्टा भेट' शीर्षकमा मनोमानी ढङ्गबाट फोटो राखी झुठ्ठा, भ्रमपूर्ण सामग्री सम्प्रेषण गरेको भनी २०८२ कार्तिक २८ गते उजुरी परेको।	पटकपटक असन्तुलित सामग्री सम्प्रेषण भएको विषयमा २०८२ चैत २४ को निर्णयानुसार नियमित अनुगमनमा राखी आगामी दिनमा एकपक्षीय/पूर्वाग्रहीसामग्रीसम्प्रेषण भए आचारसंहिताबमोजिम कारबाही हुनेतर्फ सचेत गराइएको विषय उजुरीकर्तालाई जानकारी दिइ फछर्यौट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
३२	कृतु सुनार	नेपालफेस डटकम	'फेरी मौलाउँदै नेटवर्किङ कारोबार, अर्बजन कम्पनीबाट करोडौं ठगी' शीर्षकमा 'एकपक्षीय, व्यक्तिगत गोपनीयता उल्लङ्घन हुनेगरी सामग्री सम्प्रेषण भएको भनी २०८२ मङ्सिर १ गते उजुरी परेको।	सञ्चार माध्यममा प्रकाशित खण्डन उजुरीकर्तालाई चित्त नबुझेपछि २०८२ चैत २४ गतेको निर्णयानुसार तथ्यगत आधार/प्रमाण एवं परीक्षण/पुष्ट्याइँबेगर सामग्री सम्प्रेषण नगर्न/नगराउन सचेत गराइ फछर्यौंट।
	सुदिप सुनार	नेपालफेस डटकम	'फेरी मौलाउँदै नेटवर्किङ कारोबार, अर्बजन कम्पनीबाट करोडौं ठगी' शीर्षकमा भ्रामक सामग्री सम्प्रेषण गरी चरित्रहत्या गरेको भनी २०८२ मङसिर ५ गते उजुरी परेको।	सञ्चार माध्यममा प्रकाशित खण्डन उजुरीकर्तालाई चित्त नबुझेपछि तथ्यगत परीक्षणबेगर सामग्री सम्प्रेषण नगर्न सचेत गराइ २०८२ चैत २४ को निर्णयानुसार फछर्यौंट।
३४	सुदिप आले	जनरक्षा डटकम	'स्वीफ्ट एचआर मेनेजमेन्टका सञ्चालक सुदिप आलेको ठगी धन्दा भण्डाफोर' शीर्षकमा व्यक्तिगत फोटो, राहदानी र विवरण अनुमतिविना प्रयोग गरी सामग्री सम्प्रेषण भएको भनी २०८२ मङसिर ११ गते उजुरी परेको।	काउन्सिलको पत्राचार अटेरी गरी खण्डनको प्रतिखण्डन प्रकाशित गरेकाले सञ्चार माध्यमलाई गोपनीयता प्रतिकूलका सामग्री सम्प्रेषण नगर्न/नगराउन सचेत गराएको विषय उजुरीकर्तालाई जानकारी गराइ २०८२ चैत २४ गतेको निर्णयानुसार फछर्यौंट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
३५	विवेक चौधरी	रुटिन अफ नेपाल बन्द सामाजिक सञ्जाल	टिकटक र इन्स्टाग्रामबाट 'अब Driving License, मापसे र अरु सबै "ट्राफिक चेकिङ्गको बेला ट्राफिक प्रहरीले चाबी खोस्न नपाउने" भन्दै उच्च अदालत पाटनले निर्देशनात्मक आदेश जारी गरेको छ।' क्याप्सनसहितको सामग्रीबारे २०८२ पुस १७ गते उजुरी परेको।	सञ्चार माध्यमबाट पेस भएको जवाफमा उजुरीकर्ताले चित्त नबुझाएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई आगामी दिनमा अदालतको आदेशको गलत व्याख्या गरी अन्य अर्थ लाग्ने किसिमबाट सामग्री सम्प्रेषण नगर्न/नगराउन सचेत गराइ फछर्यौट।
३६	क्यान महासङ्घ	जनआस्था डटकम	'क्यान महासङ्घमा भ्रष्टाचारको चर्चा, खाता रोक्काको सम्भावना' शीर्षकमा आधिकारिक कागजात/निर्णय/आदेश वा प्रामाणिक स्रोतको आधारविना सामग्री सम्पेषण भएको भनी २०८२ पुस २८ गते उजुरी परेको।	सञ्चार माध्यमबाट प्रकाशित खण्डनसहित पेस भएको जवाफमा उजुरीकर्ताले चित्त नबुझाएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार तथ्यगत परीक्षण गरी सन्तुलित सामग्री सम्प्रेषण गर्नेतर्फ सञ्चार माध्यमलाई ध्यानाकर्षण गराइ उजुरीकर्तालाई समेत सोको जानकारी दिएर १ महिनापछि स्वतः फछर्यौट हुनेगरी तामेलीमा ।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
३७	सुमितकुमार पुन	नेपालआवाज डटकम, समयअनलाइन डटकम	मिडियाको युट्युब च्यानल नेपाल आवाज (Nepal Aawaj) बाट 'छिमेकीको श्रीमती उडाउनलाई विदेश बाट छुट्टि श्रीमति कुटपिट गरि फरार...' शीर्षकमा आफ्नो श्रीमतीको तस्बिर परपुरुषसँग राखी भिडियो सामग्री सम्प्रेषण भएको भनी २०८२ माघ ०२ गते उजुरी परेको।	एकपक्षीय र चरित्रहत्या हुने किसिमको सामग्री हटाउन काउन्सिलले दिएको निर्देशन पालना भएको विषय उजुरीकर्तालाई जानकारी गराउँदा थप प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई सचेत गराइ फछर्यौट।
३८	राजपुरा पछाई	कान्तिपथ डटकम	'नाम नलिइएको स्टाटसमा पनि आक्रोश: पत्रकार विकलाई प्रहरी खेलाडीको धम्की' शीर्षकमा एकपक्षीय सामग्री सम्प्रेषण भएको भनी २०८२ माघ ४ गते उजुरी परेको।	पटक पटकको पत्राचारपछि सञ्चार माध्यमले सामग्री हटाइ क्षमायाचनासहित स्पष्टीकरण दिएको विषय उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार फछर्यौट।
३९	धिरेन्द्रसिंह साउँद	न्युज २४ टेलिभिजन	मिडियाको युट्युब च्यानल (News24 Nepal) बाट '३७ लाख ऋण नतिरेको भन्दै एनएमबी बैंकले २ करोडको घर ५८ लाखमा लिलामी गरिदियो, पीडितको सडकमा बास' शीर्षकको सामग्री अदालतको फैसला भन्दा फरक र भ्रामक रहेको भनी २०८२ माघ ४ गते उजुरी परेको।	पटकपटकको पत्राचारपछि सञ्चार माध्यमले सामग्री एकपक्षीय नरहेको भन्ने दाबीसहित पेस गरेको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ को निर्णयानुसार सञ्चार माध्यमलाई अदालतसँग जोडिएका विषयमा तथ्यगत पुष्टि हुने आधार/प्रमाणसहित सामग्री सम्प्रेषण गर्न सचेत गराइ फछर्यौट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
४०	जाहेरवाला (बेनामे)	नेपालराइटनाउ डटकम	नेपालराइटनाव डटकमको युट्युब च्यालन (Nepal Right Now) बाट 'शाखा अधिकृतमाथि बलात्कार आरोप, जाहेरवाला पनि शाखा अधिकृत के हो घटना? Nepal Police' शीर्षकमा गोपनीयताको हक विपरीतको सामग्री सम्प्रेषण गरी चरित्रहत्या गरेको भनी २०८२ माघ ७ गते उजुरी परेको।	पीडित/प्रभावितको पहिचान खुल्ने सामग्री सम्पादन/स्थगन गर्न पत्राचार/ताकेतापश्चात् सञ्चार माध्यमबाट सामग्री सम्पादन गरिएको भनी जवाफ पेस भए तापनि अनुगमनबाट त्यस्तो नदेखिएपछि आचारसंहिताबमोजिम थप कारबाही हुनेतर्फ सचेत गराइएको, तत्पश्चात् सञ्चार माध्यमबाट प्राप्त जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार फछर्यौट।
४१	खानेपानी मन्त्रालय	नेपालीजनता डटकम	पटकपटक विभिन्न शीर्षकमा नेपाल सरकार खानेपानी मन्त्रालयका सम्बन्धमा सचिवालय र अन्तर्गतका पदाधिकारी/कर्मचारीप्रति लक्षित आधारहीन र भ्रामक सामग्री सम्प्रेषण भएको भनी २०८२ माघ ८ गते उजुरी परेको।	पटकपटकको पत्राचारपछि सञ्चार माध्यमबाट पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार फछर्यौट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
४२	रमेश बस्नेत	साँघु साप्ताहिक	'मन्त्रीलाई बदनाम गर्ने पात्रहरू को को?' शीर्षकको सामग्रीले व्यक्तिगत, व्यवसायिक र सामाजिक प्रतिष्ठामा आँच पुगेको भनी २०८२ माघ १९ गते उजुरी परेको।	काउन्सिलको ताकेतापश्चात् सञ्चार माध्यमबाट प्रकाशित खण्डनप्रति उजुरीकर्ताले चित्त नबुझाएपछि २०८३ वैशाख १५ को निर्णयानुसार मिडियालाई समाचार प्रकाशन गर्नुपूर्व सम्बन्धितको प्रतिक्रिया लिइ सन्तुलन कायम गर्न ध्यानाकर्षण गराइ १ महिनापश्चात् स्वतः फछर्यौट हुने गरी तामेलीमा ।
४३	निलकमल ह्युमन रिसर्स प्रालि	शान्तिनेपाल डटकमको फेसबुक पेज 'मिसन भन्डाफोर'	'निलकमल ह्युमन रिसोर्सको कालो त' क्याप्सन राखी निरन्तर भूटो, तथ्यहीन, एकपक्षीय सामग्री सम्प्रेषण गरेको भनी २०८२ साउन १३ गते उजुरी परेको।	सञ्चार माध्यमको अनुगमनमा खण्डन प्रकाशन भएको देखिएपछि सोको जानकारी उजुरीकर्तालाई गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई तथ्यको परीक्षण नगरी सामग्री सम्प्रेषण नगर्न सचेत गराइ फछर्यौट।
४४	बेनामे	खबरहब डटकम	फेसबुक पेज 'khabarhub' बाट 'गोसाइकुण्डमा डुबेका दुई युवकको शव निकाल्दै नेपाल आर्मी भिडियो: Journalist Bharat' क्याप्सन राखी सम्प्रेषित सामग्री विभत्स रहेको भनी २०८२ साउन १३ गते उजुरी परेको।	काउन्सिलको निर्देशनपश्चात् सञ्चार माध्यमबाट उक्त सामग्री स्थगन भएको विषय उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई आगामी दिनमा पत्रकार आचारसंहिता प्रतिकूलका सामग्री सम्प्रेषण नगर्न सचेत गराइ फछर्यौट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
४५	लक्ष्मी तिमिल्सिना	न्युज २४ ग्यालेक्सी डटकम	मिडियाको फेसबुक पेजबाट 'तारकेश्वर नगरपालिका-३ को ३ लाख रूपैयाँ आर्थिक सहयोगमा सञ्चालित ३० दिने ब्युटिसियन ब्लेसफुल..' क्याप्सन राखी भूठा/तथ्यहीन पोष्ट हुँदा महिला उद्यमीको प्रतिष्ठा/मनोबलमाथि गम्भीर असर पुऱ्याएको भनी २०८२ साउन १३ गते उजुरी परेको।	काउन्सिलको पटकपटकको निर्देशन अवज्ञा गरेपछि सञ्चार माध्यमलाई अवज्ञाकारी/कालोसूचीमा किन नराख्ने भनी स्पष्टीकरण सोधेपश्चात् खण्डन प्रकाशन गरेकाले २०८३ वैशाख १५ को निर्णयानुसार आगामी दिनमा काउन्सिलका पत्रको समयमै सम्बोधन गर्न सचेत गराइ फछर्यौंट।
४६	काठमाडौँ मोडल मा.वि.	हुलाकसञ्चार डटकम	'केएमसीमा यौन शोषण र ब्ल्याकमेल: विद्यार्थीको कपडा उतारियो, राति-राति गोप्य फोटो माग्न मेसेज !', 'केएमसीमा आत्महत्या नजिक पुगिन् विद्यार्थी! यस्तो छ कलेजभन्दा ठुलो अन्यायको फेहरिस्त' शीर्षकको सामग्रीबारे २०८२ साउन १५ गते उजुरी परेको।	काउन्सिलको पुनःनिर्देशनपछि सञ्चार माध्यमबाट प्रकाशित खण्डनसहित प्रेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई आगामी दिनमा तथ्यगत पुष्टि नभएका असन्तुलित र वैयक्तिक गोपनीयता प्रतिकूलका सामग्री सम्प्रेषण नगर्न सचेत गराइ फछर्यौंट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
४७	ताहिर खान पठान	शारदा पोखरेल, रातोपाटी डटकम	संवाददाताले 'ताहिर खान पठान सँगको फोन सम्पर्कमा साना किसान लघुवित्त, बाराबाट स्थानीय महिलाहरूले लिएको ऋण फिर्ताको लागि अनावश्यकरूपमा बारम्बार दबाब दिने गरेको' भन्दै केरकार गरेको भनी २०८२ साउन १८ गते उजुरी परेको।	पेसागत आचरण विपरीतको कार्यका विषयमा काउन्सिलको ताकेतापश्चात् सम्बन्धितबाट पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार फछर्यौंट।
४८	श्याम सुन्दर साह	रिपब्लिका दैनिक डटकम	'मधेश प्रदेशमा पूर्वअसई र वडाध्यक्ष कुट्ने सईको शक्तिशाली पावर' शीर्षकमा तथ्यहीन, भ्रामक सामग्री सम्प्रेषण गरेको भनी २०८२ साउन १९ गते उजुरी परेको।	उजुरी अनुगमनका क्रममा सञ्चार माध्यमबाट खण्डन सम्प्रेषण भएको देखिएकाले उक्त विषय उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ को निर्णयानुसार फछर्यौंट।
४९	श्याम सुन्दर साह	कान्तिपथ डटकम	'मधेश प्रदेशमा पूर्वअसई र वडाध्यक्ष कुट्ने सईको शक्तिशाली पावर' शीर्षकमा तथ्यहीन, भ्रामक सामग्री सम्प्रेषण गरी नियोजितरूपमा व्यक्तिगत र सामाजिक प्रतिष्ठामा आघात पुऱ्याएको भनी २०८२ साउन १९ गते उजुरी परेको।	काउन्सिलको ताकेतापश्चात् सञ्चार माध्यमबाट प्रकाशित खण्डनसहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार फछर्यौंट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
५०	श्याम सुन्दर साह	सौराहा अनलाइन डटकम	'मधेशमा पूर्वअसईको योजनामा घुमुवा परिचालन, विवादै विवादमा डीआईजी' शीर्षकमा तथ्यहीन, भ्रामक सामग्री सम्प्रेषण गरी नियोजितरूपमा व्यक्तिगत र सामाजिक प्रतिष्ठामा आघात पुऱ्याएको भनी २०८२ साउन १९ गते उजुरी परेको।	सञ्चार माध्यमलाई कालोसूचीमा राखी किन कारबाही नगर्ने भनी स्पष्टीकरण सोधेपछि खण्डन प्रकाशन गरी पेस गरेको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार सम्बन्धित मिडियालाई सचेत गराइ फछर्यौट।
५१	श्याम सुन्दर साह	प्रदेशडायरी डटकम	'पूर्व असईको ठगी र डीआईजीको संरक्षणमा मौलाउँदै तस्करी साम्राज्य' शीर्षकमा हुन्डी कारोबार, तस्करी, भन्सारछली, ठगी, घुस लेनदेनजस्ता गम्भीर आरोप लगाउँदै एकपक्षीय सामग्री सम्प्रेषण गरेको भनी २०८२ साउन १९ गते उजुरी परेको।	सञ्चार माध्यमलाई कालोसूचीमा राखी किन कारबाही नगर्ने भनी स्पष्टीकरण सोधेपछि खण्डन प्रकाशन गरी पेस गरेको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ को निर्णयानुसार मिडियालाई सचेत गराइ फछर्यौट।
५२	पाठशाला नेपाल फाउण्डेसन	विकासन्युज डटकम	विकासन्युज डटकम र फेसबुक पेजबाट 'कारबाहीमा पर्यो कवि अर्जुन पराजुलीको पाठशाला स्कुल, एक लाख जरिवाना' शीर्षकमा संस्थासँग असम्बन्धित विषयलाई सम्प्रेषण गरिएको भनी २०८२ साउन १९ गते उजुरी परेको।	सञ्चार माध्यमबाट भुलसुधार गरी प्रकाशित खण्डनसहितको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई आधार/प्रमाणबेगर सामग्री सम्प्रेषण नगर्न ध्यानाकर्षण गराइ फछर्यौट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
५३	अभिषेकबहादुर सिंह	राइटसञ्चार डटकम	मिडियाको सामाजिक सञ्जालबाट "चक्रे मिलनको 'वर्थडे पार्टी' मा प्रहरीको 'विग अपरेशन', ४७ जना फन्दामा, टार्गेट लिष्टमा को को छन्?" शीर्षकमा असम्बन्धित व्यक्तिको तस्बिर राखी सम्प्रेषित सामग्रीले मानहानी भएको भनी २०८२ साउन १९ गते उजुरी परेको।	अनुगमनका क्रममा सञ्चार माध्यमबाट क्षमायाचनासहित सामग्री सम्पादन गरेको देखिएको विषय उजुरीकर्तालाई जानकारी गराइएकोमा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार फछर्यौट।
५४	वैदेशिक रोजगार बोर्डको सचिवालय	स्वास्थ्यलाइभ डटकम	'वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक उप्रेतीले महालेखापरीक्षक र अख्तियार प्रमुखलाई कानुन पढाएपछि...', 'श्रमिकको पसिनामा बोर्डका कर्मचारीको रजाई, कानुनविपरीत विद्युतीय कार किनेर मस्ती' लगायत शीर्षकमा विभिन्न मितिमा सम्प्रेषित सामग्रीबारे २०८२ साउन २० गते उजुरी परेको।	सञ्चार माध्यमबाट पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार सम्बन्धित सञ्चार माध्यमलाई विशेष अनुगमनमा राखिएको विषय सञ्चार माध्यमलाई जानकारी गराइ फछर्यौट।
५५	विकल्प भट्टराई	रातोघर डटकम	'हलखोरिया वन समितिको अध्यक्ष विकल्प भट्टराई पक्राउ, पिडितको १८ लाख क्षतिपूर्ति बिचमै गायब' शीर्षकमा गलत/भ्रामक सामग्री सम्प्रेषण भएको भनी २०८२ साउन २० गते उजुरी परेको।	काउन्सिलको ताकेतापश्चात् सञ्चार माध्यमबाट प्रकाशित खण्डनसहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार फछर्यौट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
५६	धनबहादुर लम्साल	सुदूरखबर डटकम	'बझाङमा अनलाइन व्यापारको नाममा लाखौं ठगी, एक करोड बढी रकम संकलन' शीर्षकमा तथ्यहीन, आधारहीन आरोप लगाइ व्यक्तिगत, सामाजिक र व्यावसायिक प्रतिष्ठामा गम्भीर आँच आउने सामग्री सम्प्रेषण गरेको भनी २०८२ साउन २२ गते उजुरी परेको।	सञ्चार माध्यमबाट प्रकाशित खण्डनसहित सामग्री डिलिट भएको विषयमा समेत पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार असन्तुलित सामग्री सम्प्रेषण नगर्न र पोष्ट हटाउनुपरे प्रकृति खुलाइ क्षमायाचना गर्नेतर्फ सचेत गराइ फछर्यौंट।
५७	शान्तबहादुर खड्का	सुदूरखबर डटकम	'बझाङमा अनलाइन व्यापारको नाममा लाखौं ठगी, एक करोड बढी रकम संकलन' शीर्षकमा तथ्यहीन, आधारहीन आरोप लगाइ व्यक्तिगत, सामाजिक र व्यावसायिक प्रतिष्ठामा गम्भीर आँच आउने सामग्री सम्प्रेषण गरेको भनी २०८२ साउन २२ गते उजुरी परेको।	सञ्चार माध्यमबाट प्रकाशित खण्डनसहित सामग्री डिलिट भएको विषयमा समेत पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार असन्तुलित सामग्री सम्प्रेषण नगर्न र पोष्ट हटाउनुपरे प्रकृति खुलाइ क्षमायाचना गर्नेतर्फ सचेत गराइ फछर्यौंट।
५८	रिना लामा / कविता तामाङ	विजयपुर साप्ताहिकको फेसबुक पेज	'धरानमा मुख लागेबापत जरिवाना तिर्न बाध्यकारी छन् सफारी चालकहरू' र 'मेयर साम्पाङलाई सफारीको विषय सुनाउन जाँदा गालीको वर्षा' शीर्षकको भिडियो सामग्रीले मानसिक अवस्था बिग्रिएको, कमेन्टमार्फत चरित्रहत्या भइरहेको भनी २०८२ साउन २२ गते उजुरी परेको।	सञ्चार माध्यमबाट पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार फछर्यौंट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
५९	विकल्प भट्टराई	नेपालप्रेस डटकम	'हलखोरिया वन समितिको अध्यक्ष विकल्प भट्टराई पक्राउ, पीडितको १८ लाख क्षतिपूर्ति बिचमै गायव' शीर्षकमा गलत र भ्रमपूर्ण सामग्री सम्प्रेषण गरी चरित्रहत्या भएको भनी २०८२ साउन २६ गते उजुरी परेको।	सम्प्रेषित सामग्रीबाट उजुरीकर्ताको तस्बिर हटाएको र प्रकाशित गरेको खण्डनसहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई असन्तुलित र वैयक्तिक गोपनीयता प्रतिकूल सामग्री सम्प्रेषण नगर्न सचेत गराइ फछर्यौट।
६०	विकल्प भट्टराई	कपुरबोट मिडियाको फेसबुक पेज	'सम्बन्ध विच्छेदको रकम हिनामिना पछि विकल्प भट्टराई प्रहरी हिरासतमा' शीर्षकको भ्रमपूर्ण सामग्रीले चरित्रहत्या गरेको भनी २०८२ साउन २६ गते उजुरी परेको।	सञ्चार माध्यमबाट भुलसुधार गरी असावधानीपूर्वक नाम र तस्बिर प्रयोग भएको उल्लेख गरी सम्प्रेषित खण्डन (अन्तर्वार्ता)सहितको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई वैयक्तिक गोपनीयता प्रतिकूल सामग्री सम्प्रेषण नगर्न ध्यानाकर्षण गराइ फछर्यौट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
६१	धिरेन्द्र कुमार	न्युज २४ टिभी	मिडियाको फेसबुक पेज "news24Nepal"बाट ‘नक्कली शिक्षकको कुरा गर्दा रौतहटको भगवती गाउँपालिका अध्यक्षसँग चर्काचर्की !’ क्याप्सनमा राखी एकपक्षीय सामग्री सम्प्रेषण भएको भनी २०८२ साउन २६ गते उजुरी परेको।	सञ्चार माध्यमबाट खण्डन सम्प्रेषण नगरी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई आगामी दिनमा खण्डन प्रतिक्रियालाई स्थान दिनेतर्फ सचेत गराइ फछर्यौट।
६२	सेन्ट्रल मिडिया प्रालि	साझाआवाज डटकम	‘विवादमा सिएमजी क्यासिनोः तलव मार्दा हप्कीदप्की, हैरान छन् कर्मचारी’ शीर्षकमा कपोलकल्पित, भ्रामक, तथ्यहीन सामग्री सम्प्रेषण भएको भनी २०८२ साउन २३ गते उजुरी परेको।	सञ्चार माध्यमबाट खण्डन प्रकाशन गर्नु मनासिब नदेखिएको भनी पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार सञ्चार माध्यमको नाम, दर्ता र कम्पनी उद्देश्य तालमेल नमिलेका विषयमा कम्पनी रजिष्ट्रार कार्यालयलाई लेखि पठाइ सम्बन्धित मिडियालाई सचेत गराइ फछर्यौट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
६३	कमलकुमार उपाध्याय	दृष्टिन्युज डटकम	'विशेष अदालतमा बिचौलियाको चलखेल हटेन, सेटिङका मुद्दामा ३ महिनामै सफाइ' शीर्षकमा भ्रामक सामग्री सम्प्रेषण भइ चरित्रहत्या भएको भनी २०८२ साउन २८ गते उजुरी परेको।	सञ्चार माध्यमबाट पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई अदालतमा विचाराधीन विषयमा सामग्री सम्प्रेषण गर्दा सजगता अपनाउन सचेत गराइ फछर्यौट।
६४	गौरी महतो, रिन्कुदेवी	विशालनेपाल डटकम	विशालनेपाल डटकमको BN TV युट्युब च्यानलबाट 'पशुपति क्षेत्रमा खुलेआम यौन धन्दा, के गर्दैछ प्रहरी' शीर्षकमा सम्प्रेषित भिडियो सामग्रीबारे २०८२ साउन २७ गते उजुरी परेको।	सञ्चार माध्यमबाट क्षमायाचनासहित भिडियो सम्पादन गरी पेस भएको जवाफमा उजुरीकर्ताबाट चित्त नबुझाइ प्रतिक्रिया पेस भएकाले २०८३ वैशाख १५ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई आगामी दिनमा वैयक्तिक गोपनीयता खुल्ने सामग्री पुनरावृत्ति भए आचारसंहिताबमोजिमको कारबाही हुनेतर्फ सचेत गराइ फछर्यौट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
६५	तिलोत्तमा नगरपालिका	शिलापत्र डटकम	'सहकारीको करोडौं रकम ठग्ने सञ्चालकलाई तिलोत्तमाका मेयर खाँणको संरक्षण' शीर्षकको सामग्रीले राजनैतिक/सामाजिक जीवनमा गम्भीर असर परेको भनी २०८२ साउन २६ गते उजुरी परेको।	काउन्सिलको पटकपटकको ताकेतापछि सञ्चार माध्यमबाट प्राप्त जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि 2083 वैशाख १५ गतेको निर्णयानुसार सञ्चार माध्यमलाई आगामी दिनमा तथ्यगत आधारप्रमाण/पुष्ट्याइँबेगर असन्तुलित सामग्री सम्प्रेषण नगर्न सचेत गराइ फछर्यौंट।
६६	सुमित श्रेष्ठ	स्टार अनलाइन टिभी डटकम	मिडियाको फेसबुक पेजबाट "लीलाको डरले गोलबजारमा प्राय सबै डराउँछन् तर म डराउँदिन् हेर्नुहोस ६० करोडको भ्रष्टाचार, गोलबजार नपा दुईको नमुना बस्तीको यस्तो छ हालत ? को जिम्मेवार मेयर श्याम श्रेष्ठ कि पूर्व मेयर देवनाथ शाह कमेन्ट गर्नुहोस, लगायत क्याप्सनमा सम्प्रेषित सामग्रीबारे २०८२ साउन २९ गते उजुरी परेको।	काउन्सिलको पटक-पटकको निर्देशनलाई अवज्ञा गरेको हुँदा सञ्चार माध्यमलाई कालोसूचीमा राखी थप कारबाही किन नगर्ने ? भनी स्पष्टीकरण सोधिएपछि पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १५ को निर्णयानुसार कालोसूचीमा रहेको र वैशाख १९ को निर्णयानुसार विशेष अनुगमनमा राखी नियमित अनुगमन गर्नेगरी फछर्यौंट।

क्र. सं.	उजुरीकर्ता	विरुद्ध	उजुरी विवरणको सार	निर्णयको सार
६७	रुकेशकुमार यादव	मधेशएकता खबर, औरही अपडेट	क्रान्तिकारी युवा समाज, मधेश एकता खबर र औरही अपडेटबाट सम्प्रेषित सामग्रीका कारण चरित्रहत्या भएको भनी २०८२ साउन २९ गते उजुरी परेको।	उजुरीकर्ताबाट सम्प्रेषित सामग्री र आवश्यक विवरण उपलब्ध नभएकोले टेलिफोन गरी सम्पूर्ण विवरण उपलब्ध गराउन भनिएकोमा कुनै विवरण उपलब्ध नभएपछि २०८३ वैशाख १९ गतेको निर्णयानुसार उजुरी फछर्यौट ।
६८	श्यामसुन्दर शाह	ज्योतिदैनिक डटकम	"पूर्वअसई श्यामसुन्दर साहविरुद्ध ठगी मुद्दामा पक्राउ पुर्जी जारी, प्रहरीकै संरक्षणमा फरार रहेको आरोप" शीर्षकमा झुठा, भ्रामक, सामग्री सम्प्रेषण गरेको भनी २०८२ साउन ३० गते उजुरी परेको।	सञ्चार माध्यमबाट सम्प्रेषित खण्डनसहित पेस भएको जवाफ उजुरीकर्तालाई जानकारी गराउँदा कुनै प्रतिक्रिया नआएपछि २०८३ वैशाख १९ को निर्णयानुसार उजुरी फछर्यौट।
राष्ट्रिय प्रसारण ऐन, २०४९ अनुसार नेपालभित्र कुनै ठाउँमा स्याटेलाइट केबुल वा अन्य सञ्चार माध्यमद्वारा प्रसारण गर्न वा फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणालीको स्थापना गरी कार्यक्रम प्रसारण गर्न चाहने व्यक्ति वा संस्थाले नेपाल सरकारसँग इजाजत लिएरमात्र प्रसारण गर्न सकिने व्यवस्था रहेको छ । विद्युतीय सञ्चार माध्यममध्ये टेलिभिजन तथा रेडियोको प्रसारण इजाजत प्रदान गर्ने कार्य हाल सूचना तथा प्रसारण विभागले गर्दैआएको छ । त्यसैगरी अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७३ बमोजिम अनलाइन सञ्चार माध्यम सूचना तथा प्रसारण विभागमा दर्ता भइ सूचीकरण प्रेस काउन्सिलमा हुँदै आएकोमा छापाखाना तथा प्रकाशनसम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ कार्यान्वयनमा आएपश्चात् सूचना तथा प्रसारण विभागमा दर्ता/अभिलेख हुने व्यवस्था रहेको छ । ततपश्चात् प्रेस काउन्सिलमा सूचीकरण हुने व्यवस्था स्थगन भएको छ । आ.व. २०८२/८३ सम्ममा दर्ता भएका सञ्चार माध्यमको विवरण यसप्रकार रहेको छः

तालिका नं. १
दर्ता अभिलेख

क्र.सं.	सञ्चार माध्यम	दर्ता अभिलेख (सूचना तथा प्रसारण विभाग)	प्रकाशन दर्ता अभिलेख (प्रेस काउन्सिल नेपाल) हार्डकपी अभिलेखबमोजिम
१	पत्रपत्रिकाहरू		
	क) दैनिक	७८५	७६२
	ख) अर्धसाप्ताहिक	४०	३१
	ग) साप्ताहिक	३०४३	२९३४
	घ) पाक्षिक	४९३	४०२
	ङ) मासिक	२४०९	६२५
	च) द्वैमासिक	३९९	७१
	छ) त्रैमासिक	६७४	११५
	ज) अन्य	२३८	३८
	जम्मा	८०८१	४९७८
२	अनलाइन सञ्चार माध्यमहरू	यस आ.व.मा ३४८ नयाँ, ३,६५६ नवीकरण भएको र हालसम्म ५४६८ अनलाइन दर्ता भएको।	यस आ.व.मा ३८ नयाँ, ३७८ नवीकरण भएको र हालसम्म ५,१६२ अनलाइन दर्ता भएको। यो विवरण २०८२ कात्तिक १५ गतेसम्मको रहेको र सो पश्चात् छापाखाना तथा प्रकाशन सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ कार्यान्वनय भइ अनलाइन सूचीकरण सम्बन्धी कार्य स्थगन भएको।
३	पत्रकार परिचय पत्र (प्रेस प्रतिनिधि प्रमाणपत्र)	यस आ.व.मा १,१९५ नयाँ, २,१७१ नवीकरण भएको र हालसम्म ३६,४०८ प्रेस प्रतिनिधि प्रमाणपत्र जारी भएको।	

क्र.सं.	सञ्चार माध्यम	दर्ता अभिलेख (सूचना तथा प्रसारण विभाग)	प्रकाशन दर्ता अभिलेख (प्रेस काउन्सिल नेपाल) हार्डकपी अभिलेखबमोजिम
४	सञ्चालनका लागि इजाजत पत्र जारी भएको टेलिभिजनको सङ्ख्या	२५२	
५	सञ्चालनका लागि इजाजत पत्र जारी भएको रेडियोको सङ्ख्या	१२१२	

सूचना तथा प्रसारण विभागको अभिलेखअनुसार देशभरबाट आ.व. २०८२/८३ सम्ममा दर्ता भएका पत्रपत्रिकाको कुल सङ्ख्या ८०८१ रहेको छ । जसमा दैनिक ७८५, अर्धसाप्ताहिक ४०, साप्ताहिक ३,०४३, पाक्षिक ४९३, मासिक २,४०९, द्वैमासिक ३९९, त्रैमासिक ६७४ र अन्य २३८ रहेको छ । त्यस्तै प्रेस काउन्सिलको अभिलेखअनुसार आ.व. २०८२/८३ सम्ममा कुल ४,९७८ पत्रपत्रिका अभिलेखीकरण रहेको छ । जसमध्ये दैनिक ७६२, अर्धसाप्ताहिक ३१, साप्ताहिक २९३४, पाक्षिक ४०२, मासिक ६२५, द्वैमासिक ७१, त्रैमासिक ११५ र अन्य (चौमासिक, अर्धवार्षिक, वार्षिक) ३८ पत्रपत्रिका रहेका छन् । सूचना तथा प्रसारण विभाग र प्रेस काउन्सिल नेपालको अभिलेखमा पत्रपत्रिकाको अभिलेख विवरण फरक देखिनुको कारण विभागमा अस्थायी दर्ता र स्थायी दर्ता दुवै स्थितिका पत्रिकाको अभिलेख हुने गर्दछ भने काउन्सिलमा प्रकाशन हुने पत्रपत्रिकाले पत्रिकाको प्रकाशन प्रति अभिलेखीकरण हुने हुँदा तथ्याङ्कमा फरकपना देखिएको हो ।

अनलाइन सञ्चार माध्यम व्यवस्थित गर्न सर्वप्रथम प्रेस काउन्सिलले २०७० साउन १६ गते सार्वजनिक सूचना जारी गरी सूचीकरण गर्दै आएकोमा २०७३/१२/०७ मा अनलाइन सञ्चार माध्यम सञ्चालन निर्देशिका, २०७३ जारी भएको र पछि २०७४ सालमा पहिलो संशोधन भएबमोजिम अनलाइन सञ्चार माध्यम सूचना तथा प्रसारण विभागमा दर्ता हुने साथै पत्रकार आचारसंहिता पालना गरे/नगरेको सम्बन्धमा अनुगमन, नियमन एवं सूचीकरण गरी अभिलेखीकरण काउन्सिलले गर्दै आएको थियो । मिति २०७८ चैत ११ देखि नयाँ अनलाइन

सूचीकरणपश्चात् पत्रकार आचारसंहिता अभिमुखीकरण कक्षा लिएरमात्र दर्ता भएका अनलाइनलाई सूचीकरणको प्रमाणपत्र उपलब्ध गराइँदै आएको थियो । छापाखाना तथा प्रकाशन सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०८२ कार्यान्वयनमा आएपश्चात् २०८२ कात्तिक १६ गते सूचना जारी गरी अनलाइन सञ्चार माध्यमको सूचीकरणसम्बन्धी कार्य स्थगन भएको छ। काउन्सिलमा सूचीकरणका लागि आएका अनलाइन सञ्चार माध्यममध्ये १०९ वटा कारबाहीका आधारमा र अनलाइन सञ्चालक स्वयंले हटाउन आवेदन गरेको आधारमा सूचीकरणको सूचीबाट हटाइ अद्यावधिक गरिएको छ।

यस आर्थिक वर्षमा ३८ वटा नयाँ अनलाइन सञ्चार माध्यम सूचीकरण भएका छन्। जसमा कोशी प्रदेशबाट ४, मधेश प्रदेशबाट २, बागमती प्रदेशमा १९, गण्डकी प्रदेशबाट ४, लुम्बिनी प्रदेशबाट ३, कर्णाली प्रदेशबाट १ र सुदूरपश्चिम प्रदेशबाट ५ रहेका छन्। सूचीकरणका लागि दर्ता भए तापनि वार्षिक अद्यावधिकको सङ्ख्या भने कम रहेको छ। यस आ.व. कात्तिक १५ गतेसम्म सूचीकरण भएका अनलाइन सञ्चार माध्यममध्ये कुल ३७८ वटाले सूचीकरण अद्यावधिक गराएका छन्। प्रारम्भमा सूचीकरण भएका तर पछि साइट अद्यावधिक नरहेका, डोमेन रद्द भएका अथवा सञ्चालनको अवस्थामा नभएका साइटको सङ्ख्या पनि अधिक रहेको छ। (अनलाइन सूचीकरणसम्बन्धी विवरण प्रेस काउन्सिल नेपालको वेबसाइट www.presscouncilnepal.gov.np मा हेर्न सकिनेछ।)

सबै प्रकारका टेलिभिजन र एफएम रेडियो सञ्चालनका लागि सूचना तथा प्रसारण विभागबाट इजाजत जारी गरिने व्यवस्था रहेको छ।

प्रदेश र जिल्लाका आधारमा पत्रपत्रिका प्रकाशन दर्ता स्थिति

प्रदेशको आधारमा पत्रपत्रिका प्रकाशन दर्ता स्थितिलाई अध्ययन गर्दा सबैभन्दा बढी बागमती प्रदेशमा दर्ता भएको देखिन्छ। यस प्रदेशमा २७२३ (५४.७०%) पत्रपत्रिका दर्ता भएका छन्। यसैगरी मधेश प्रदेशमा ७८२ (१५.७१%) र कोशी प्रदेशमा ५४१ (१०.८७%) पत्रपत्रिका दर्ता भइ क्रमशः दोस्रो र तेस्रो स्थानमा रहेका छन्। सबैभन्दा कम पत्रपत्रिका दर्ता भएको कर्णाली प्रदेश हो। यहाँ जम्मा ८७ (१.७५%) पत्रपत्रिकामात्र प्रकाशन भइ दर्ता छन्। त्यसैगरी लुम्बिनी प्रदेशमा ३११ (६.२५%), गण्डकी प्रदेशमा ३०९ (६.२१%) र सुदूरपश्चिम प्रदेशमा २२५ (४.५२%) पत्रपत्रिका दर्ता भएका छन्।

जिल्लागत आधारमा प्रकाशन दर्ता भएका पत्रपत्रिकाको तथ्याङ्क हेर्दा अझै पनि मुगु र

मनाङ गरी दुई जिल्लामा कुनै पनि पत्रिका प्रकाशन भइ दर्ता भएका छैनन्। भौगोलिक विकटता, पूर्वाधारको कमीले गर्दा यी जिल्लामा पत्रपत्रिका प्रकाशन दर्ता नभएको देखिन्छ।

सबैभन्दा बढी पत्रपत्रिका दर्ता भइ प्रकाशन हुने जिल्ला काठमाडौँ हो। काउन्सिलको अभिलेखअनुसार यहाँ आ.व. २०८२/८३ सम्ममा कुल २०४५ वटा पत्रपत्रिका दर्ता भएका छन्। यो सङ्ख्या कुल पत्रपत्रिका दर्ता सङ्ख्याको ४१.०८% हुन आउँछ। काठमाडौँ जिल्लामा दर्ता भइ अभिलेख भएका पत्रपत्रिकामा दैनिक १७३ वटा, अर्धसाप्ताहिक ७ वटा, साप्ताहिक १०८३ वटा, पाक्षिक २२६ वटा, मासिक ४३५ वटा, द्वैमासिक ४०, त्रैमासिक ५५ र अन्य २६ वटा रहेका छन्। यसैगरि बढी पत्रपत्रिकाहरू दर्ता गर्ने दोस्रो जिल्ला पर्सामा २६५ वटा पत्रपत्रिकाहरु दर्ता भएका छन् भने १८४ वटा पत्रपत्रिका दर्ता भएको धनुषा तेस्रो स्थानमा छन्। यस्तै ललितपुरमा १७९, मोरङमा १६८, कास्कीमा १२६, सुनसरीमा ११५, चितवनमा ११६ र रुपन्देहीमा १०५ वटा पत्रपत्रिका प्रकाशन भइ अभिलेख भएका छन्।

यस आर्थिक वर्षमा सबैभन्दा बढी पर्सा जिल्लाबाट ४ साप्ताहिक पत्रिकाले पत्रिका अभिलेखका लागि दर्ता भएका छन्। त्यस्तै काठमाडौँका २ साप्ताहिक र १ त्रैमासिक, सिरहाका १ वटा साप्ताहिक, चितवनको १ वटा दैनिक, सङ्खुवासभाको १ वटा साप्ताहिक, स्याङ्जाको १ साप्ताहिक, सर्लाहीको १ दैनिक र कञ्चनपुरको १ साप्ताहिक गरी जम्मा १३ वटा पत्रपत्रिकाहरू अभिलेखका लागि दर्ता भएका छन्।

तालिका नं. २

प्रदेश र जिल्लाको आधारमा प्रकाशन दर्ता स्थिति

क्र. सं.	प्रदेश / जिल्ला	दैनिक	अर्ध साप्ताहिक	साप्ताहिक	पाक्षिक	मासिक	द्वैमासिक	त्रैमासिक	अन्य	जम्मा
१	**कोशी प्रदेश**	**१०१**	**५**	**३४३**	**४५**	**२८**	**७**	**९**	**३**	**५४१**
१	भोजपुर	०	०	४	०	०	०	०	०	४
२	धनकुटा	०	०	७	१	१	०	०	०	९
३	इलाम	४	०	१७	२	१	०	०	०	२४
४	झापा	२१	१	५८	२	७	२	१	१	९३
५	खोटाङ	१	०	८	८	१	०	१	०	१९
६	मोरङ	४२	०	९६	२०	६	१	२	१	१६८
७	ओखलढुंगा	०	०	६	१	१	०	१	०	९
८	पाँचथर	१	१	१६	०	२	१	०	०	२१

९	संखुवासभा	०	०	१५	५	१	०	०	०	२१
१०	सोलुखुम्बु	०	०	२	०	०	०	०	०	२
११	सुनसरी	२३	२	७७	३	६	२	१	१	११५
१२	ताप्लेजुङ	१	१	६	१	०	०	१	०	१०
१३	तेह्थुम	०	०	७	०	०	०	१	०	८
१४	उदयपुर	८	०	२४	२	२	१	१	०	३८
२	**मधेश प्रदेश**	**१७६**	**२**	**५३३**	**४५**	**२०**	**३**	**३**	**०**	**७८२**
१	बारा	१८	०	४०	२	१	०	१	०	६२
२	धनुषा	३४	०	१२४	१५	८	२	१	०	१८४
३	महोत्तरी	१०	०	२३	२	०	०	०	०	३५
४	पर्सा	५७	२	१८१	२२	३	०	०	०	२६५
५	रौतहट	१५	०	२५	०	०	०	०	०	४०
६	सप्तरी	२४	०	७४	२	५	०	०	०	१०५
७	सलाही	५	०	३०	१	२	०	१	०	३९
८	सिरहा	१३	०	३६	१	१	१	०	०	५२
३	**बागमती प्रदेश**	**२४४**	**७**	**१५२०**	**२६८**	**५२४**	**५०**	**७६**	**३४**	**२७२३**
१	भक्तपुर	७	०	४२	२	१४	०	६	१	७२
२	चितवन	१४	०	७८	७	११	२	१	३	११६
३	धादिङ	२	०	१५	०	२	०	०	०	१९
४	दोलखा	१	०	८	०	०	०	०	०	९
५	काठमाडौँ	१७३	७	१०८३	२२६	४३५	४०	५५	२६	२०४५
६	काभ्रेपलाञ्चोक	४	०	४३	४	८	०	२	०	६१
७	ललितपुर	१९	०	९६	२१	३२	४	४	३	१७९
८	मकवानपुर	१२	०	७०	५	७	१	३	१	९९
९	नुवाकोट	३	०	१७	१	२	०	१	०	२४
१०	रामेछाप	२	०	१५	०	१	१	२	०	२१
११	रसुवा	०	०	२	०	१	१	०	०	४
१२	सिन्धुली	४	०	२४	०	२	०	०	०	३०
१३	सिन्धुपाल्चोक	३	०	२७	२	९	१	२	०	४४
४	**गण्डकी प्रदेश**	**५८**	**०**	**१९२**	**२४**	**२१**	**४**	**९**	**१**	**३०९**
१	बागलुङ	७	०	१८	२	१	०	०	०	२८
२	गोरखा	४	०	५	२	१	०	०	०	१२

३	कास्की	२६	०	६९	१४	११	२	३	१	१२६
४	लमजुङ	३	०	१४	१	०	०	०	०	१८
५	मनाङ	०	०	०	०	०	०	०	०	०
६	मुस्ताङ	०	०	२	०	०	०	०	०	२
७	म्याग्दी	२	०	११	०	१	०	०	०	१४
८	नवलपरासी	२	०	१५	०	३	०	०	०	२०
९	पर्वत	३	०	१७	०	१	०	४	०	२५
१०	स्याङ्जा	२	०	२०	१	०	२	२	०	२७
११	तनहुँ	९	०	२१	४	३	०	०	०	३७
५	**लुम्बिनी प्रदेश**	**७९**	**७**	**१७३**	**१५**	**२०**	**२**	**१५**	**०**	**३११**
१	अर्घाखाँची	०	०	६	१	०	०	१	०	८
२	बाँके	३५	१	३८	०	०	०	१	०	७५
३	बर्दिया	६	०	१२	२	०	१	०	०	२१
४	दाङ	११	१	१६	०	१	१	५	०	३५
५	गुल्मी	०	०	६	१	०	०	१	०	८
६	कपिलवस्तु	१	०	११	०	१	०	१	०	१४
७	पाल्पा	२	१	१५	३	२	०	३	०	२६
८	प्युठान	१	०	५	०	४	०	०	०	१०
९	रोल्पा	१	०	७	१	०	०	०	०	९
१०	रुपन्देही	२२	४	५७	७	१२	०	३	०	१०५
६	**कर्णाली प्रदेश**	**३०**	**१**	**४५**	**१**	**९**	**०**	**१**	**०**	**८७**
१	दैलेख	३	१	४	०	०	०	०	०	८
२	डोल्पा	०	०	१	०	०	०	०	०	१
३	हुम्ला	१	०	३	०	२	०	०	०	६
४	जाजरकोट	१	०	०	०	०	०	०	०	१
५	जुम्ला	३	०	५	०	१	०	०	०	९
६	कालिकोट	३	०	७	०	०	०	०	०	१०
७	मुगु	०	०	०	०	०	०	०	०	०
८	रुकुम	०	०	८	१	२	०	०	०	११
९	सल्यान	१	०	३	०	०	०	१	०	५
१०	सुर्खेत	१८	०	१४	०	४	०	०	०	३६

७	सुदूरपश्चिम प्रदेश	७४	९	१२८	४	३	५	२	०	२२५
१	अछाम	४	०	५	१	०	०	०	०	१०
२	बैतडी	१	०	४	०	०	०	०	०	५
३	बझाङ	१	१	४	०	०	१	०	०	७
४	बाजुरा	०	०	५	०	०	०	०	०	५
५	डडेलधुरा	४	१	१३	०	०	०	०	०	१८
६	दार्चुला	३	१	४	०	०	०	०	०	८
७	डोटी	०	०	१२	०	०	०	०	०	१२
८	कैलाली	३१	४	४२	३	०	३	१	०	८४
९	कञ्चनपुर	३०	२	३९	०	३	१	१	०	७६
जम्मा		७६२	३१	२९३४	४०२	६२५	७१	११५	३८	४९७८

द्रष्टव्य: *पूर्वी रुकुम र रुकुम पश्चिम एवं नवलपुर र परासी अलग-अलग प्रदेशमा नराखी नवलपरासी गण्डकी प्रदेशमा र रुकुमलाई कर्णाली प्रदेशमा राखी तथ्याङ्क प्रस्तुत गरिएको छ ।*

प्रकाशन अभिलेख

नेपालभर दर्ता भइ काउन्सिलको अभिलेखमा प्राप्त भएका कुल ४९७८ पत्रपत्रिकामध्ये यस आर्थिक वर्षमा ९८९ (१९.८७%) अखबारहरू प्रकाशित भएका छन् । यीमध्ये दैनिक २३४, अर्धसाप्ताहिक ४, साप्ताहिक ५७१, पाक्षिक १५, मासिक ११०, द्वैमासिक २५ र त्रैमासिक २९ र अन्य १ वटा पत्रिका मात्र प्रकाशनमा रहेका छन् ।

पत्रपत्रिकाको नियमिततासम्बन्धी स्थिति

नेपालभर दर्ता भएका कुल अखबारमध्ये निकै कममात्र प्रकाशित भएका छन् । प्रकाशित मध्ये पनि सबै पत्रपत्रिका नियमित छैनन् । काउन्सिलको अभिलेखअनुसार दर्ता भएका कूल अखबारमध्ये ९८९ वटा पत्रिकाहरु प्रकाशित रहेका छन् जसमध्ये ८७८ नियमित र १११ अनियमित छन् । दैनिकमा २०२ नियमित र ३२ अनियमित, अर्धसाप्ताहिकमा ३ नियमित र १ अनियमित, साप्ताहिकमा ५२५ नियमित र ४६ अनियमित, पाक्षिकमा ११ नियमित र ४ अनियमित, मासिकमा ९६ नियमित र १४ अनियमित, द्वैमासिकमा १३ नियमित र १२ अनियमित, त्रैमासिक २७ नियमित र २ अनियमित र अन्यमा १ नियमित रहेका छन् । प्रदेश र जिल्लागत आधारमा नियमित/अनियमितको स्थिति निम्नानुसार रहेको छः

तालिका नं. ३

प्रदेश र जिल्लाको आधारमानियमित अनियमितताको स्थिति

क्र. सं.	जिल्ला	दैनिक			अर्धसाप्ताहिक			साप्ताहिक			पाक्षिक			मासिक			द्वैमासिक			त्रैमासिक			अन्य			जम्मा			कुल जम्मा
		प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र		अप्र	
		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		
	कोशी प्रदेशको जम्मा	१७	२	८२	०	१	४	८५	४	२५४	०	०	४५	४	०	२४	१	१	५	१	०	८	०	०	३	१०८	८	४२५	५४१
१	भोजपुर	०	०	०	०	०	०	०	०	४	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	४	४
२	धनकुटा	०	०	०	०	०	०	३	१	३	०	०	१	०	०	१	०	०	०	०	०	०	०	०	०	३	१	५	९
३	इलाम	२	०	२	०	०	०	२	०	१५	०	०	२	१	०	०	०	०	०	०	०	०	०	०	०	५	०	१९	२४
४	झापा	४	०	१७	०	०	१	२२	०	३६	०	०	२	०	०	७	०	१	१	०	०	१	०	०	१	२६	१	६६	९३
५	खोटाङ	०	०	१	०	०	०	५	०	३	०	०	८	१	०	०	०	०	०	०	०	१	०	०	०	६	०	१३	१९
६	मोरङ	२	१	३९	०	०	०	१५	२	७९	०	०	२०	१	०	५	१	०	०	१	०	१	०	०	२	२०	३	१४५	१६८
७	ओखलढुंगा	०	०	०	०	०	०	१	०	५	०	०	१	०	०	१	०	०	०	०	०	१	०	०	०	१	०	८	९
८	पाँचथर	०	०	१	०	१	०	२	०	१४	०	०	०	१	०	१	०	०	१	०	०	०	०	०	०	३	१	१७	२१
९	संखुवासभा	०	०	०	०	०	०	६	०	९	०	०	५	०	०	१	०	०	०	०	०	०	०	०	०	६	०	१५	२१
१०	सोलुखुम्बु	०	०	०	०	०	०	०	०	२	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	२	२
११	सुनसरी	५	०	१८	०	०	२	१८	०	५९	०	०	३	०	०	६	०	०	२	०	०	१	०	०	१	२३	०	९२	११५
१२	ताप्लेजुङ	०	१	०	०	०	१	१	१	४	०	०	१	०	०	०	०	०	०	०	०	१	०	०	०	१	२	७	१०
१३	तेह्थुम	०	०	०	०	०	०	०	०	७	०	०	०	०	०	०	०	०	०	०	०	१	०	०	०	०	०	८	८
१४	उदयपुर	४	०	४	०	०	०	१०	०	१४	०	०	२	०	०	२	०	०	१	०	०	१	०	०	०	१४	०	२४	३८

क्र. सं.	जिल्ला	दैनिक			अर्धसाप्ताहिक			साप्ताहिक			पाक्षिक			मासिक			द्वैमासिक			त्रैमासिक			अन्य			जम्मा			कुल जम्मा
		प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र		अप्र	
		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		
	मधेस प्रदेशको जम्मा	६५	१५	१६	०	०	२	१५१	११	३७०	१	०	४४	६	१	१३	१	०	२	२	०	१	०	०	०	२१७	२७	५२८	७८२
१	बारा	७	२	९	०	०	०	१२	०	२८	१	०	१	०	०	१	०	०	०	१	०	०	०	०	०	२१	२	३९	६२
२	धनुषा	८	१	२५	०	०	०	३२	१	९१	०	०	१५	३	०	५	१	०	१	१	०	०	०	०	०	४५	२	१३७	१८४
३	महोत्तरी	५	०	५	०	०	०	५	१	१७	०	०	२	०	०	०	०	०	०	०	०	०	०	०	०	१०	१	२४	३५
४	पर्सा	१९	३	३५	०	०	२	४०	५	१३६	०	०	२२	०	१	२	०	०	०	०	०	०	०	०	०	५९	९	१९७	२६५
५	रौतहट	४	४	७	०	०	०	५	१	१९	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	९	५	२६	४०
६	सप्तरी	१८	०	६	०	०	०	४६	२	२६	०	०	२	२	०	३	०	०	०	०	०	०	०	०	०	६६	२	३७	१०५
७	सलाही	१	१	३	०	०	०	५	१	२४	०	०	१	१	०	१	०	०	०	०	०	१	०	०	०	७	२	३०	३९
८	सिरहा	३	४	६	०	०	०	७	०	२९	०	०	१	०	०	१	०	०	१	०	०	०	०	०	०	१०	४	३८	५२
	बागमती प्रदेसको जम्मा	४१	६	१९७	०	०	७	१८४	२०	१३१६	९	४	२५५	८४	११	४१९	१०	९	३१	१५	२	५९	१	०	३३	३४४	५२	१३१७	२७१३
१	भक्तपुर	३	१	३	०	०	०	११	०	३१	०	०	२	२	०	१२	०	०	२	२	०	४	०	०	१	१८	१	५३	७२
२	चितवन	१	३	१०	०	०	०	९	२	६७	०	०	७	१	०	१०	२	०	०	०	०	१	०	०	३	१३	५	९८	११६
३	धादिङ	१	०	१	०	०	०	३	०	१२	०	०	०	०	०	२	०	०	०	०	०	०	०	०	०	४	०	१५	१९
४	दोलखा	१	०	०	०	०	०	२	०	६	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	३	०	६	९
५	काठमाडौं	२४	१	१४८	०	०	७	९९	१४	९७०	८	४	२१४	६१	१०	३५६	८	७	२५	१०	१	४४	१	०	२५	२११	३७	१७९	२०४५
६	काभ्रेपलाञ्चोक	०	०	४	०	०	०	१६	२	२५	०	०	४	१	०	७	०	०	०	१	०	१	०	०	०	१८	२	४१	६१
७	ललितपुर	०	०	१९	०	०	०	६	०	९०	०	०	२१	७	०	२५	०	१	३	०	०	४	०	०	३	१३	१	१६५	१७९

क्र. सं.	जिल्ला	दैनिक			अर्धसाप्ताहिक			साप्ताहिक			पाक्षिक			मासिक			द्वैमासिक			त्रैमासिक			अन्य			जम्मा			कुल जम्मा
		प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र		अप्र.	प्र		अप्र	प्र		अप्र	
		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		
८	मकवानपुर	४	१	७	०	०	०	११	१	५८	१	०	४	१	०	६	०	०	१	२	०	१	०	०	१	१९	२	७८	९९
९	नुवाकोट	०	०	३	०	०	०	५	१	११	०	०	१	०	१	१	०	०	१	०	१	०	०	०	०	५	३	१६	२४
१०	रामेछाप	२	०	०	०	०	०	८	०	७	०	०	०	०	१	१	०	०	१	०	०	२	०	०	०	१०	०	११	२१
११	रसुवा	०	०	०	०	०	०	०	०	२	०	०	०	०	१	१	०	१	०	०	०	०	०	०	०	१	३	४	४
१२	सिन्धुली	३	०	१	०	०	०	७	०	१७	०	०	०	०	२	२	०	०	०	०	०	२	०	०	०	१०	०	२०	३०
१३	सिन्धुपाल्चोक	२	०	१	०	०	०	७	०	२०	०	०	२	३	०	६	०	०	१	०	०	२	०	०	०	१२	०	३२	४४
	लुम्बिनी प्रदेसको जम्मा	**१९**	**३**	**३६**	**०**	**०**	**०**	**४०**	**४**	**१४८**	**०**	**०**	**२४**	**०**	**०**	**२१**	**०**	**१**	**३**	**४**	**०**	**५**	**०**	**०**	**१**	**६३**	**८**	**२३८**	**३०९**
१	बाग्लुङ	३	०	४	०	०	०	६	०	१२	०	०	२	०	०	१	०	०	२	०	०	०	०	०	०	९	०	१९	२८
२	गोरखा	३	०	१	०	०	०	१	१	३	०	०	२	०	०	१	०	०	२	०	०	०	०	०	०	४	१	७	१२
३	कास्की	४	०	२२	०	०	०	२	१	६६	०	०	१४	०	०	११	०	०	२	०	०	३	०	०	१	६	१	११९	१२६
४	लमजुङ	१	०	२	०	०	०	५	०	९	०	०	१	०	०	०	०	०	०	०	०	०	०	०	०	६	०	१२	१८
५	मनाङ	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
६	मुस्ताङ	०	०	०	०	०	०	१	०	१	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०	१	२
७	म्यादी	०	२	०	०	०	०	४	०	७	०	०	०	०	०	१	०	०	०	०	०	०	०	०	०	४	२	८	१४
८	नवलपरासी	१	०	१	०	०	०	४	१	१०	०	०	०	०	०	३	०	०	०	०	०	०	०	०	०	५	१	१४	२०
९	पर्वत	०	०	३	०	०	०	७	०	१०	०	०	०	०	०	१	०	०	०	३	०	१	०	०	०	१०	०	१५	२५
१०	स्याङ्जा	०	१	१	०	०	०	३	१	१६	०	०	१	०	०	०	०	०	१	१	०	१	०	०	०	४	३	२०	२७
११	तनहुँ	७	०	२	०	०	०	७	०	१४	०	०	४	०	०	३	०	०	०	०	०	०	०	०	०	१४	०	२३	३७

क्र. सं.	जिल्ला	दैनिक			अर्धसामाहिक			सामाहिक			पाक्षिक			मासिक			द्वैमासिक			त्रैमासिक			अन्य			जम्मा			कुल जम्मा
		प्र.	अनि.	अप्र.	प्र.	अनि.	अप्र.	प्र.	अनि.	अप्र.	प्र.	अनि.	अप्र.	प्र.	अनि.	अप्र.	प्र.	अनि.	अप्र.	प्र.	अनि.	अप्र.	प्र.	अनि.	अप्र.	प्र	अनि.	अप्र	
	लुम्बिनी प्रदेसको जम्मा	१८	३	५८	३	०	४	३१	३	१३९	१	०	१४	२	१	१७	०	०	२	४	०	११	०	०	०	५९	७	२४५	३११
१	अर्घाखाँची	०	०	०	०	०	०	०	०	६	०	०	१	०	०	०	०	०	२	०	०	१	०	०	०	०	०	८	८
२	बाँके	७	१	२७	१	०	०	६	०	३२	०	०	०	०	०	०	०	०	०	०	०	१	०	०	०	१४	१	६०	७५
३	बर्दिया	१	१	४	०	०	०	३	०	९	०	०	२	०	०	१	०	०	१	०	०	०	०	०	०	४	१	१६	२१
४	दाङ	३	१	७	०	०	१	५	०	११	०	०	०	१	०	०	०	०	१	२	०	३	०	०	०	१०	२	२३	३५
५	गुल्मी	०	०	०	०	०	०	०	०	६	०	०	१	०	०	०	०	०	०	१	०	०	०	०	०	१	०	७	८
६	कपिलवस्तु	१	०	०	०	०	०	२	२	७	०	०	०	०	०	१	०	०	०	०	०	१	०	०	०	३	२	९	१४
७	पाल्पा	१	०	१	१	०	०	४	०	११	१	०	२	०	०	२	०	०	१	०	०	२	०	०	०	८	०	१८	२६
८	प्युठान	०	०	१	०	०	०	३	०	२	०	०	०	१	०	३	०	०	०	०	०	०	०	०	०	४	०	६	१०
९	रोल्पा	०	०	१	०	०	०	४	१	२	०	०	१	०	०	०	०	०	०	०	०	०	०	०	०	४	१	४	९
१०	रुपन्देही	५	०	१७	१	०	३	४	०	५३	०	०	७	१	०	११	०	०	०	०	०	३	०	०	०	११	०	१४	१०५
	कर्णाली प्रदेसको जम्मा	१३	१	१६	०	०	१	९	१	३५	०	०	१	०	०	१	०	०	०	०	०	१	०	०	०	२२	२	६३	८७
१	दैलेख	१	०	२	०	०	१	१	०	३	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	२	०	६	८
२	डोल्पा	०	०	०	०	०	०	१	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०	०	१
३	हुम्ला	०	०	१	०	०	०	०	०	३	०	०	०	०	०	२	०	०	०	०	०	०	०	०	०	०	०	६	६
४	जाजरकोट	१	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०	०	१
५	जुम्ला	०	०	३	०	०	०	२	०	३	०	०	०	०	०	१	०	०	०	०	०	०	०	०	०	२	०	७	९

क्र. सं.	जिल्ला	दैनिक			अर्धसाप्ताहिक			साप्ताहिक			पाक्षिक			मासिक			द्वैमासिक			त्रैमासिक			अन्य			जम्मा			कुल जम्मा
		प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र		अप्र.	प्र		अप्र.	प्र		अप्र	
		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		
६	कालिकोट	०	१	२	०	०	०	१	१	५	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	२	७	१०
७	मुगु	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०
८	रुकुम	०	०	०	०	०	०	२	०	६	०	०	१	०	०	२	०	०	०	०	०	०	०	०	०	२	०	९	११
९	सल्यान	१	०	०	०	०	०	०	०	३	०	०	०	०	०	०	०	०	०	०	०	१	०	०	०	१	०	४	५
१०	सुर्खेत	१०	०	८	०	०	०	२	०	१२	०	०	०	०	०	४	०	०	०	०	०	०	०	०	०	१२	०	२४	३६
सुदूरपश्चिम प्रदेसको जम्मा		२९	२	४३	०	०	९	२४	३	१०१	०	०	४	०	१	२	१	१	३	१	०	१	०	०	०	५५	७	१६३	२२५
१	अछाम	२	०	२	०	०	०	०	०	५	०	०	१	०	०	०	०	०	०	०	०	०	०	०	०	२	०	८	१०
२	बैतडी	१	०	०	०	०	०	०	०	४	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०	४	५
३	बझाङ	०	०	१	०	०	१	१	०	३	०	०	०	०	०	०	०	०	१	०	०	०	०	०	०	१	०	६	७
४	बाजुरा	०	०	०	०	०	०	०	०	५	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	५	५
५	डडेल्धुरा	२	०	२	०	०	१	२	१	१०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	४	१	१३	१८
६	दार्चुला	३	०	०	०	०	१	२	०	२	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	५	०	३	८
७	डोटी	०	०	०	०	०	०	१	०	११	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	१	०	११	१२
८	कैलाली	१२	२	१७	०	०	४	१२	१	२९	०	०	३	०	०	०	१	१	१	१	०	०	०	०	०	२६	४	५४	८४
९	कञ्चनपुर	९	०	२१	०	०	२	६	१	३२	०	०	०	०	१	२	०	०	१	०	०	१	०	०	०	१५	२	५९	७६
कुल जम्मा		२०२	३२	५२८	३	१	२७	५२५	४६	२३६३	११	४	३८७	९६	१४	५१५	१३	१२	४६	२७	२	८६	१	०	३७	८७८	१११	३१८९	४९७८

सङ्केत: प्र.-प्रकाशित, अ.प्र.-अप्रकाशित,अ.सा.-अर्ध-साप्ताहिक,नि.-नियमित, अ.नि.-अनियमित

द्रष्टव्य: पूर्वी रुकुम र पश्चिम रुकुम एवं नवलपुर र परासी अलग-अलग प्रदेशमा नराखी नवलपरासी गण्डकीमा र रुकुमलाई कर्णाली प्रदेशमा राखी तथ्याङ्क प्रस्तुत गरिएको छ ।

आ.व. २०८२/८३ मा नियमानुसार काउन्सिलमा अभिलेखका लागि दर्ता गरेका पत्रपत्रिका

दैनिक

क्र.सं.	पत्रिकाको नाम	जिल्ला
१	किरणपुञ्ज दैनिक	चितवन
२	सत्य प्रवाह दैनिक	सर्लाही

साप्ताहिक

क्र.सं.	पत्रिकाको नाम	जिल्ला
१.	एबिसि न्युज साप्ताहिक	सिराहा
२	फेमस नेपाल सन्देश साप्ताहिक	पर्सा
३	जेनजेड नेपाल साप्ताहिक	पर्सा
४	कोशी न्युज साप्ताहिक	सङ्खुवासभा
५	नेपाल न्युज खबर साप्ताहिक	पर्सा
६	न्हुजा साप्ताहिक	काठमाडौँ
७	प्रमाण न्युज साप्ताहिक	स्याङ्जा
८	समग्र नेपाल साप्ताहिक	पर्सा
९	स्मार्टपाटी साप्ताहिक	काठमाडौँ
१०	उज्यालो सुदूर साप्ताहिक	कञ्चनपुर

त्रैमासिक

क्र.सं.	पत्रिकाको नाम	जिल्ला
१	रेड एक्प्रेस त्रैमासिक	काठमाडौँ

(ख) पत्रपत्रिकाको डिजिटल अभिलेख (पिडिएफ)

पत्रपत्रिकाहरूको डिजिटल हाजिरी एवं अभिलेख प्रणाली आचारसंहिता अनुगमन साथै अभिलेखलाई व्यवस्थित गर्ने उद्देश्यका साथ विकास गरेको प्रणाली हो । यसबाट प्रकाशकहरूले पत्रिका प्रकाशनपश्चात् प्रकाशित पत्रिकाको पिडिएफ (PDF) बनाइ आफ्नो एकाउन्टमा अपलोड गरी हाजिरी गर्न र आफ्नो पत्रिकाको डिजिटल अभिलेख राख्न सक्नेछन् । यो प्रणाली आ.व. २०७६/७७ देखि अवलम्बन गरिएको हो ।

डिजिटल अभिलेख दर्ता

प्रेस काउन्सिल नेपालको पत्रपत्रिका व्यवस्थापन प्रणालीमा देशभरबाट आ.व. २०८२/८३ सम्ममा कुल १३४१ पत्रिका आबद्ध भएका छन् । जसमा दैनिक ३४५, अर्धसाप्ताहिक ४, साप्ताहिक ७२९, पाक्षिक १८, मासिक १६४, द्वैमासिक ३१, त्रैमासिक ४९ र वार्षिक १ वटा रहेका छन् ।

प्रदेश र जिल्लाको आधारमा पत्रपत्रिका व्यवस्थापन प्रणालीमा आबद्ध पत्रपत्रिकाको स्थिति

देशभरबाट प्रकाशित १३४१ वटा पत्रपत्रिका डिजिटल अभिलेख प्रणालीमा अभिलेख भएका छन् । जसमा कोशी प्रदेशमा १६४, मधेश प्रदेशमा ३४३, बागमती प्रदेश ५१८, गण्डकी प्रदेशमा ९३, लुम्बिनी प्रदेशमा ९९, कर्णाली प्रदेशमा ३१, सुदूरपश्चिम प्रदेशमा ९३ पत्रिकाहरू पत्रपत्रिका व्यवस्थापन प्रणालिमा अभिलेखीकरण भएका छन् ।

पत्रपत्रिका व्यवस्थापन प्रणालीमा आबद्ध पत्रपत्रिकाको विवरण

प्रदेशको नाम	जिल्लाको नाम	दैनिक	अर्धसाप्ताहिक	साप्ताहिक	पाक्षिक	मासिक	द्वैमासिक	त्रैमासिक	अर्धवार्षिक	वार्षिक	जम्मा
कोशी प्रदेशको जम्मा		३१	०	११३	१	१२	४	३	०	०	१६४
कोशी	ताप्लेजुङ	१	०	३	०	१	०	०	०	०	५
	सुनसरी	९	०	२८	०	०	१	०	०	०	३८
	तेह्थुम	०	०	०	०	१	०	०	०	०	१
	ओखलढुङ्गा	०	०	४	०	०	१	०	०	०	५
	सङ्खुवासभा	०	०	६	०	०	०	०	०	०	६
	पाँचथर	०	०	२	१	१	१	०	०	०	५

कोशी	खोटाङ	०	०	५	०	२	०	१	०	०	८
	सोलुखुम्बु	०	०	१	०	०	०	०	०	०	१
	झापा	८	०	२६	०	०	१	०	०	०	३५
	उदयपुर	४	०	१४	०	२	०	०	०	०	२०
	धनकुटा	०	०	४	०	०	०	०	०	०	४
	इलाम	२	०	२	०	२	०	०	०	०	६
	मोरङ	७	०	१८	०	३	०	२	०	०	३०
मधेस प्रदेशको जम्मा		**१३१**	**०**	**२००**	**१**	**८**	**१**	**२**	**०**	**०**	**३४३**
मधेस	सर्लाही	९	०	८	०	१	०	०	०	०	१८
	धनुषा	१३	०	३८	०	३	१	१	०	०	५६
	सिराहा	२०	०	१३	०	०	०	०	०	०	३३
	सप्तरी	२३	०	५४	०	३	०	०	०	०	८०
	महोत्तरी	७	०	८	०	०	०	०	०	०	१५
	रौतहट	१३	०	८	०	१	०	०	०	०	२२
	बारा	१४	०	१९	१	०	०	१	०	०	३५
	पर्सा	३२	०	५२	०	०	०	०	०	०	८४
बागमती प्रदेशको जम्मा		**५५**	**१**	**२६३**	**१३**	**१३३**	**२२**	**३१**	**०**	**०**	**५१८**
बागमती	सिन्धुली	३	०	१०	०	०	०	०	०	०	१३
	चितवन	६	१	१३	०	३	१	०	०	०	२४
	काभ्रेपलान्चोक	०	०	२२	१	२	०	२	०	०	२७
	काठमाडौँ	२४	०	१४१	११	१०३	१९	२०	०	०	३१८
	रामेछाप	३	०	१०	०	०	०	१	०	०	१४
	मकवानपुर	५	०	२०	१	२	०	३	०	०	३१
	ललीतपुर	२	०	११	०	१३	१	०	०	०	२७
	धादिङ	२	०	३	०	०	०	०	०	०	५
	सिन्धुपाल्चोक	४	०	१०	०	४	०	०	०	०	१८
	नुवाकोट	१	०	९	०	०	०	२	०	०	१२
	रसुवा	०	०	०	०	०	१	०	०	०	१
	दोलखा	१	०	२	०	१	०	०	०	०	४
	भक्तपुर	४	०	१२	०	५	०	३	०	०	२४
गण्डकी प्रदेशको जम्मा		**२८**	**०**	**५९**	**०**	**१**	**०**	**५**	**०**	**०**	**९३**

गण्डकी	स्याङ्जा	१	०	३	०	०	०	१	०	०	५
	लम्जुङ्ग	१	०	६	०	०	०	०	०	०	७
	तनहुँ	८	०	९	०	०	०	०	०	०	१७
	कास्की	७	०	४	०	१	०	१	०	०	१३
	बाग्लुङ	३	०	७	०	०	०	०	०	०	१०
	गोरखा	३	०	३	०	०	०	०	०	०	६
	म्याग्दी	३	०	८	०	०	०	०	०	०	११
	नवलपुर	१	०	६	०	०	०	०	०	०	७
	पर्वत	१	०	११	०	०	०	३	०	०	१५
	मुस्ताङ्ग	०	०	२	०	०	०	०	०	०	२
लुम्बिनी प्रदेशको जम्मा		**३५**	**३**	**४४**	**२**	**७**	**१**	**७**	**०**	**०**	**९९**
लुम्बिनी	कपिलवस्तु	१	०	५	०	०	०	०	०	०	६
	बाँके	१५	१	७	०	०	०	०	०	०	२३
	बर्दिया	५	०	४	१	०	०	०	०	०	१०
	गुल्मी	०	०	१	०	१	०	१	०	०	३
	रोल्पा	०	०	५	०	०	०	०	०	०	५
	दाङ	६	०	४	०	१	१	२	०	०	१४
	पाल्पा	१	१	५	१	१	०	३	०	०	१२
	प्युठान	०	०	३	०	१	०	०	०	०	४
	रुपन्देही	६	१	८	०	३	०	१	०	०	१९
	परासी	१	०	२	०	०	०	०	०	०	३
कर्णाली प्रदेशको जम्मा		**१६**	**०**	**१४**	**०**	**१**	**०**	**०**	**०**	**०**	**३१**
कर्णाली	मुगु	०	०	१	०	०	०	०	०	०	१
	डोल्पा	०	०	१	०	०	०	०	०	०	१
	जाजरकोट	२	०	०	०	०	०	०	०	०	२
	सल्यान	१	०	०	०	०	०	०	०	०	१
	जुम्ला	०	०	३	०	०	०	०	०	०	३
	दैलेख	१	०	३	०	०	०	०	०	०	४
	रुकुम पश्चिम	०	०	३	०	०	०	०	०	०	३
	सुर्खेत	९	०	१	०	१	०	०	०	०	११
	कालिकोट	३	०	२	०	०	०	०	०	०	५

सुदूर पश्चिम प्रदेशको जम्मा		४९	०	३६	१	२	३	१	०	१	९३
सुदूर पश्चिम	बझाङ	०	०	२	०	०	०	०	०	०	२
	डोटी	१	०	१	०	०	०	०	०	०	२
	अछाम	३	०	१	०	०	१	०	०	०	५
	दार्चुला	३	०	४	०	०	०	०	०	०	७
	बैतडी	१	०	०	०	०	०	०	०	०	१
	कैलाली	२१	०	१५	०	०	२	१	०	०	३९
	डडेल्धुरा	६	०	५	१	०	०	०	०	१	१३
	कन्चनपुर	१४	०	८	०	२	०	०	०	०	२४
जम्मा		३४५	४	७२९	१८	१६४	३१	४९	०	१	१३४१

पत्रपत्रिकाको डिजिटल (पिडिएफ) अभिलेखीकरणको नियमिततासम्बन्धी स्थिति

देशभरिबाट यस प्रणालीमा अभिलेखीकरण भएका १३४१ पत्रपत्रिकामध्ये ९२७ वटा पत्रपत्रिकाहरूले मात्र तोकिएको समयसीमाभित्र नियमित PDF अपलोड गरेका छन्। त्यस्तै ९२ वटा पत्रपत्रिकाले नियमित अपलोड नगरेको (अनियमित) रहेको र ३२२ वटा पत्रपत्रिकाले अभिलेख नगराएको (अप्रकाशित) देखिन्छ। पिडिएफ अभिलेख प्रणालीमा नियमित अभिलेखीकरण गराउने पत्रपत्रिकापत्रिकाहरुमा दैनिक २२५, अर्धसाप्ताहिक ६, साप्ताहिक ५३३, पाक्षिक १२, मासिक १०८, द्वैमासिक १६, त्रैमासिक २७ नियमित (एउटा वार्षिकसहित) रहेको छन्। त्यस्तै नियमित अभिलेख नगराएका (अनियमित)हरुमा दैनिक ४०, अर्धसाप्ताहिक १, साप्ताहिक ३२, पाक्षिक ३, मासिक ८, द्वैमासिक ६, त्रैमासिक २ वटा रहेका छन् भने दैनिक ८०, अर्धसाप्ताहिक २, साप्ताहिक १६४, पाक्षिक ३, मासिक ४८, द्वैमासिक ९, त्रैमासिक १६ वटा अभिलेख नगराएको (अप्रकाशित) रहेका छन्।

पत्रपत्रिका व्यवस्थापन प्रणाली (पिडिएफ)मा आर्थिक वर्ष २०८२/८३ मा भएको प्रकाशन अभिलेखसम्बन्धी पत्रपत्रिकाहरूको प्रदेशगत विवरण

क्र. सं.	प्रदेशको नाम	दैनिक			अर्धसाप्ताहिक			साप्ताहिक			पाक्षिक			मासिक			द्वैमासिक			त्रैमासिक			जम्मा			कुल जम्मा
		प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	प्र.		अप्र.	
		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		नि.	अनि.		
१	कोशी	२०	२	९	०	०	०	८८	४	२१	०	१	०	८	१	३	१	०	३	१	०	२	११८	८	३८	१६४
२	मधेश	७४	२४	३३	०	०	०	१५३	९	३८	१	०	०	६	०	२	०	१	०	२	०	०	२३६	३४	७३	३४३
३	बागमती	४२	७	६	०	०	१	१८१	१३	६९	१०	१	२	९०	६	३७	१३	५	४	१८	२	११	३५४	३४	१३०	५१८
४	गण्डकी	२१	१	६	३	१	१	४१	३	१५	०	०	०	१	१	०	०	०	०	०	०	०	६५	६	२२	९३
५	लुम्बिनी	२२	३	१०	३	०	०	३३	२	९	१	१	०	३	०	४	०	०	१	४	०	३	६६	६	२७	९९
६	कर्णाली	१४	०	२	०	०	०	११	०	३	०	०	०	०	०	१	०	०	०	०	०	०	२५	०	६	३१
७	सुदूर पश्चिम	३२	३	१४	०	०	०	२६	१	९	०	०	१	१	०	१	२	०	१	२	०	०	६३	४	२६	९३
जम्मा		२२५	४०	८०	६	१	२	५३३	३२	१६४	१२	३	३	१०८	८	४८	१६	६	९	२७	२	१६	९२७	९२	३२२	१३४१

बागमती प्रदेश यस प्रणालीमा सबैभन्दा बढी पत्रपत्रिकाको यस प्रणालीमा नियमितता देखिन्छ । जम्मा ५१८ पत्रपत्रिकामध्ये ३५४ डिजिटल अभिलेखमा नियमित छन् भने ३४ पत्रपत्रिका अनियमित छन् । दैनिकमा ४२ नियमित र ७ अनियमित, साप्ताहिकमा नियमित १८१ र १३ अनियमित, पाक्षिकमा १० नियमित र १ अनियमित, मासिकमा ९० नियमित र ६ अनियमित, द्वैमासिकमा १३ नियमित र ५ अनियमित, त्रैमासिकमा १८ नियमित र २ अनियमित रहेका छन् ।

मधेश प्रदेश दोस्रो बढी पत्रपत्रिकाको डिजिटल अभिलेखमा नियमित रहेको प्रदेश हो । उक्त प्रदेशबाट यस प्रणालीमा आबद्ध भएका ३४३ पत्रपत्रिकामध्ये २३६ पत्रपत्रिका नियमित छन् भने ३४ पत्रपत्रिका अनियमित छन् । कर्णाली प्रदेश सबैभन्दा कम नियमित पत्रपत्रिका अपलोड गर्ने प्रदेशको रूपमा रहेको छ । यस प्रदेशका ३१ पत्रपत्रिकामध्ये २५ वटा मात्रै नियमित छन् भने कुनैपनि पत्रपत्रिका अनियमित भने छैन् । त्यसैगरी कोशी प्रदेशमा १६४ पत्रिका प्रणालीमा आबद्ध रहेकोमा ११८ नियमित रहेका छन् भने ८ अनियमित छन् । लुम्बिनी प्रदेशमा ९९ पत्रिका आबद्ध रहेकोमा ६६ नियमित, ६ अनियमित रहेका छन् । गण्डकी प्रदेशमा ९३ आबद्ध रहेकोमा ६५ नियमित, ६ अनियमित रहेका छन् भने सुदूरपश्चिम प्रदेशमा ९३ आबद्ध रहेकोमा ६३ नियमित र ४ अनियमित रहेका छन् ।

दुवै अभिलेख प्रणालीमा अङ्कका आधारमा दुवैमा नियमित रहेका र कुनै एक प्रणाली नियमित भइ अर्को अनियमित रहेका पत्रपत्रिकाको सूची प्रेस काउन्सिल नेपालको वेबसाइटमा हेर्न सकिनेछ ।

खण्ड ४

पत्रपत्रिकाको वर्गीकरण

पत्रपत्रिकाको वर्गीकरण

प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० मा पत्रपत्रिका वितरण सम्परीक्षण समितिको व्यवस्था गरिएको छ । प्रेस रजिष्ट्रार (महानिर्देशक, सूचना तथा प्रसारण विभाग)को अध्यक्षतामा ७ (सात) सदस्यीय समितिमा सूचना तथा सञ्चार मन्त्रालय र प्रेस काउन्सिल नेपालका एक/एक जना प्रतिनिधि लेखापरीक्षण सङ्घ, विज्ञापन सङ्घ वा व्यापारिक वा औद्योगिक सङ्घसंस्थाबाट मनोनित एकएक जनाका दरले नेपाल सरकारले मनोनित गरेको ३ (तीन) जना र काउन्सिलले तोकेको अधिकृत सचिव रहने व्यवस्था गरिएको छ।

समितिको काम, कर्तव्य र अधिकारको सम्बन्धमा प्रेस काउन्सिल ऐन, २०४८ को दफा ११ मा उल्लेख गरिएको छ। यो दफामा पत्रपत्रिकाको वितरण स्थितिको आधारमा प्रकाशन सङ्ख्या निर्धारण गर्ने, त्यसको अद्यावधिक अभिलेख राख्ने र पत्रपत्रिकाको प्रकाशन सङ्ख्यासमेतको आधारमा पत्रपत्रिकाको वर्गीकरण गर्ने उल्लेख गरिएको छ।

पत्रपत्रिका वितरण सम्परीक्षण समितिले पत्रपत्रिकाहरूको स्तर निर्धारण गरी प्रेस काउन्सिल नेपालसमक्ष पत्रपत्रिकाको (वर्गीकरण) मूल्याङ्कन प्रतिवेदन पेस गरी प्रेस काउन्सिल नेपालमार्फत नेपाल सरकारलाई जानकारी दिइ वर्गीकरण नतिजा सार्वजनिक गरिन्छ । यसरी सार्वजनिक भएको वर्गीकरण नतिजामा चित्त नबुझाउने पत्रपत्रिकाले पुनः मूल्याङ्कनको लागि पुनरावेदन गर्न पाउने र पुनरावलोकन समितिले पुनःमूल्याङ्कन गरी पुनरावलोकनसहितको अन्तिम नतिजा प्रकाशन गर्ने व्यवस्था रहेको छ।

पत्रपत्रिका वितरण सम्परीक्षण समितिको उल्लिखित व्यवस्था तथा समितिले गर्नुपर्ने आफ्नो कामको जिम्मेवारीअनुसार आर्थिक वर्ष २०७९/८० को पत्रपत्रिका वर्गीकरणको नतिजा प्रकाशन गर्ने कार्य सम्पन्न भएको छ । वितरण सम्परीक्षण समितिले दिएको वर्गीकरण प्रतिवेदनको आधारमा प्रेस काउन्सिल नेपालले आर्थिक वर्ष २०७९/८० को पत्रपत्रिका वर्गीकरणसम्बन्धी प्रारम्भिक नतिजा २०८२ मङ्सिर १५ र २०८२ पुष २५ मा पुनरावलोकनसहितको अन्तिम नतिजा प्रकाशन गरेको थियो।

वर्गीकरण गर्ने आधार

प्रत्येक आर्थिक वर्षमा "पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड, २०६६ (परिमार्जन-२०७९)" को आधारमा आवेदन पर्न आएका पत्रपत्रिकाको वर्गीकरण मूल्याङ्कन गर्ने गरिन्छ। यसअनुसार पत्रपत्रिकाले राष्ट्रियस्तर, प्रदेशस्तर र स्थानीयस्तरको दाबी गरी फाराम

भर्ने गर्दछन् । यस मापदण्ड अनुसार साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिकाको पनि वर्गीकरण हुने गर्दछ । मापदण्डबमोजिम पत्रपत्रिकाको तीन समूहमा मूल्याङ्कन गरिन्छ ।

१. **प्रथम समूह :** यस समूहमा सचिवालयबाट वर्गीकरण प्रक्रियामा समावेश हुन इच्छुक पत्रपत्रिकाहरूले भरेको आवेदन फाराममा समावेश तथ्याङ्कअनुसार पत्रपत्रिकाको मूल्याङ्कन गर्ने कार्य गरिन्छ । पत्रपत्रिका वर्गीकरणको लागि तय भएको १०० पूणाङ्कमध्ये यस समूहको पूर्णाङ्क ४० अङ्कको हुन्छ । यसमध्ये यसअन्तर्गत वितरण परिमाण र निरन्तरता रहेको छ ।

यसै समूहअन्तर्गत साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिकाहरूको हकमा ३० पूर्णाङ्कमा मूल्याङ्कन गर्ने कार्य गरिन्छ ।

२. **दोस्रो समूह :** यस समूहमा प्रेस काउन्सिल नेपालअन्तर्गत रहेको पत्रकार आचारसंहिता अनुगमन उपसमितिबाट पत्रकार आचारसंहितावापतको २० अङ्क प्रदान गरिँदै आएको छ । यस समूहमा समाचारमूलक र साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिकाहरूका लागि समान पूर्णाङ्कभार रहेको छ ।

३. **तेश्रो समूह :** यस समूहमा विशेषज्ञद्वारा पत्रपत्रिकाको मूल्याङ्कन गरी अङ्क प्रदान गरिन्छ । यस कार्यको लागि पत्रकारिताका अनुभवी, विषयवस्तुका ज्ञाता, विधागत क्षेत्र र विभिन्न भाषाभाषीसम्बद्ध सञ्चार विज्ञहरूको विशेषज्ञ सूची तयार गरी विशेषज्ञ छनोट गरिन्छ । सोही सूचीमा रहेका विशेषज्ञहरूबाट पत्रपत्रिका मूल्याङ्कन गराइन्छ । यसको पूर्णाङ्कभार ४० र यस्तै साहित्यिक तथा भाषाभाषिका पत्रपत्रिकाको हकमा ५० रहेको छ । यसमध्ये विषयवस्तु १०, सम्पादकीय १०, छपाई, साइज, फोटो, साजसज्जा, अनलाइन, वेबसाइट ५, खोजी, मौलिकता र विविधता १०, भाषा र प्रस्तुति ५ रहेको छ । विशेषज्ञहरूबाट पत्रपत्रिकाको मूल्याङ्कन गराउँदा साधारण वर्गीकरण सिफारिस मूल्याङ्कन र हुबहु परीक्षणसहितको विशेष मूल्याङ्कन पनि गराइन्छ । हुबहु परीक्षण गराउँदा वर्गीकरणका लागि आवेदन फाराम भरेका योग्यता पुगेका पत्रपत्रिकाहरूमध्येबाट नमुना छनोट गरी गोला प्रथा विधिबाट छनोट भएका पत्रपत्रिका हुबहु परीक्षण मूल्याङ्कन गराइन्छ । हुबहु परीक्षण गर्दा हुबहु नठहरिएका पत्रपत्रिकाको मूल्याङ्कन गरिन्छ ।

यसरी पहिलो, दोस्रो र तेस्रो समूहको जोडपछि १०० पूर्णाङ्कमा पत्रपत्रिका

मूल्याङ्कन गर्दा प्राप्त भएको प्राप्ताङ्कको आधारमा पत्रपत्रिकाको स्तर (वर्ग) निर्धारण हुन्छ। हुबहु नभएको अवस्थामा ६४.५० भन्दा माथि प्राप्ताङ्क भएमा "क", ४९.५ देखि ६४.४९ सम्म प्राप्ताङ्क भएमा "ख", ३५ देखि ४९.५० सम्म प्राप्ताङ्क भएमा "ग" र २५ देखि ३४ सम्म प्राप्ताङ्क भएमा "घ" वर्ग कायम भइ पत्रपत्रिकाको स्तर (वर्ग) निर्धारण हुन्छ । तर मापदण्डअनुसार तोकिएको कागजात पेस नगर्ने, न्यूनतम रूपमा पेस गर्नुपर्ने प्रकाशित अङ्क तालिका नबुझाउने, अभिलेख नियमित नभएका र पहिलोपटक वर्गीकरणका लागि आवेदन दिँदा पत्रपत्रिका प्रकाशनको स्थायी प्रमाणपत्र पेस नगरेका पत्रपत्रिका वर्गीकरणमा समावेश हुँदैनन्। पटक-पटक हुबहु देखिएका पत्रपत्रिका पनि वर्गीकरणमा समाविष्ट हुँदैनन्।

वर्गीकरण सूचना

पत्रपत्रिकाको वर्गीकरणको लागि पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड, २०६६ (परिमार्जन-२०७९) बमोजिम नै वर्गीकरण गरिएको थियो। आ.व.२०७९/८० को पत्रपत्रिका वर्गीकरणको फाराम भर्न मिति २०८० मङ्सिर ६ गते गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरी (मिति २०८० मङ्सिर ६ गते देखि मिति २०८० पुस ५ सम्म) ३० दिन र त्यसपछिको ७ (सात) दिनसम्म दोब्बर दस्तुर (२०८१ पुस १२ गते सम्म) समयावधि तोकी सूचना प्रकाशित गरिएको थियो । यसैगरी आ.व.२०८०/८१ को पत्रपत्रिका वर्गीकरणको फाराम भर्न मिति २०८१ पुस २९ गते गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरी (मिति २०८१ पुस २९ गतेदेखि मिति २०८१ माघ २९ गते सम्म) ३० दिन र त्यसपछिको ७ (सात) दिनभित्र मिति २०८१ फागुन ६ सम्म दोब्बर दस्तुर र आ.व.२०८१/०८२ को पत्रपत्रिका वर्गीकरणको फाराम भर्न २०८२ माघ ६ गते गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरी (२०८२ माघ ६ देखि २०८२ फागुन ६ सम्म) ३० दिन र दोब्बर दस्तुर थप ७ दिन (२०८२ फागुन १३ गतेसम्म) दिनको समयावधि तोकी सूचना प्रकाशित गरिएको थियो। छापाखाना र प्रकाशनसम्बन्धी नियमावली, २०४९ को नियम ४ बमोजिम प्रकाशनको स्थायी प्रमाणपत्र लिइ प्रचलित कानुनले तोकेको साइज र पृष्ठ सङ्ख्यामा नियमित प्रकाशन भएका पत्रपत्रिकाका प्रकाशकले आ.व. २०७९/८०, २०८०/८१ र २०८१/८२ को पत्रपत्रिका वर्गीकरण प्रक्रियामा समावेश हुन चाहेमा आफ्नो प्रकाशनसम्बन्धी विवरण भरी पत्रपत्रिका मूल्याङ्कन एवं वर्गीकरण प्रयोजनको लागि वितरण सम्परीक्षण समितिको सचिवालय, प्रेस काउन्सिल नेपाल, सञ्चारग्राम, काठमाडौँमा आवेदन फाराम दर्ता गराउन सूचनामार्फत जानकारी गराइएको थियो। आवेदन फाराम दर्ता

गराउँदा तोकिएको शुल्कको अलवा आफ्नो प्रकाशनको काउन्सिलमा दर्ता भएको अभिलेख (अङ्क तालिका), कर्मचारीको तलव खुल्ने नियुक्तिपत्र, तलब भुक्तान गर्दा कट्टी गरिएको १ प्रतिशत सामाजिक सुरक्षा कर दाखिला भौचर, पत्रपत्रिकाको करचुक्ता प्रमाणपत्र, कागज खरिद एवं पत्रिका छपाईको विल, लेखापरीक्षकको पेसागत प्रमाणपत्र, पत्रपत्रिका व्यवस्थापन प्रणालीमा आबद्धतालगायतका कागजपत्रहरूलाई अनिवार्य गरिएको थियो । वर्गीकरण फाराम दर्ता गराउँदा तोकिएबमोजिम पत्रपत्रिका काउन्सिलको अभिलेखमा पिडिएफसहित हुनुपर्ने व्यवस्था गरिएको थियो ।

वर्गीकरण दस्तुर

क्र.सं.	पत्रिकाको प्रकार	राष्ट्रियस्तर	प्रदेशस्तर	स्थानीयस्तर	
१	दैनिक समाचारपत्र	रु. ५,१०० ।-	रु.३,६०० ।-	रु. २,६०० ।-	साहित्यिक/भाषाभाषीका पत्रपत्रिकाको हकमा तोकिएका पत्रपत्रिकाको आधा शुल्क ।
२	अन्य पत्रिका (दैनिकवाहेक)	रु. ४,१०० ।-	रु.३,१०० ।-	रु. २,१०० ।-	

आ.व. २०७९/८० मा ८९४ वटा पत्रपत्रिकाले आवेदन फाराम दर्ता गराएका थिए भने आ.व. २०८०/८१ मा ८९९ वटा र आ.व. २०८१/८२ मा ९१८ पत्रपत्रिकाले आवेदन फाराम दर्ता गराएका छन् ।

आ.व. २०७९/८० को पत्रपत्रिका वर्गीकरण

विद्युतीय सञ्चार माध्यम (रेडियो, टेलिभिजन र अनलाइन)सहित सामाजिक सञ्जालहरूको दिनानुदिन वृद्धि हुँदै गएकोले छापामाध्यमका रूपमा रहेका पत्रपत्रिकाहरूको विस्तार र वितरण सङ्ख्या घट्दै गएको देखिएको छ । कतिपय प्रकाशकले राम्रो वर्गमा पर्नका निमित्त आवश्यक अङ्क पाउनका लागि धेरै मात्रामा वितरण भएको सङ्ख्या उल्लेख गर्ने प्रवृत्ति बढेको छ । तर, सीमित स्रोतसाधनको कारण काउन्सिललाई अनुगमन गरी वास्तविक वितरण सङ्ख्या यकिन गर्न कठिनाइ परिरहेको छ ।

आ.व.२०७९/८० को पत्रपत्रिका वर्गीकरणको क्रममा प्रकाशक/सम्पादकहरूले पेस गरेको विवरण, पत्रिकाको अनुगमन, निरीक्षण, मूल्याङ्कन, मापदण्ड र देहायको आधारमा वर्ग कायम गरिएको थियो;

१. प्रकाशकले दावा गरेअनुरुप नै प्रकाशन सङ्ख्या र वितरण क्षेत्रबापतको प्राप्ताङ्क गणना गरिएको थियो । केही जिल्लामा पत्रपत्रिकाको दाबी विवरण प्रमाणित गर्न प्रेस

निरीक्षण र बजार अनुगमन गरिएको थियो ।

२. विगतमा वर्गीकरणमा निरन्तर समावेश भएका पत्रिकाहरूलाई मापदण्डअनुसार निरन्तरताको अङ्क गणना गरिएको र न्यूनतम् प्रकाशित अङ्कभन्दा बढी प्रकाशन गर्ने पत्रपत्रिकाहरूको लागि थप अङ्कबापत अङ्क प्रदान गरी कुलअङ्क गणना गरिएको थियो ।

३. पत्रपत्रिका मूल्याङ्कन गर्न विशेषज्ञहरूको सूचीमा परिमार्जन गरी विशेषज्ञहरूद्वारा पत्रपत्रिकाहरूको मूल्याङ्कन वर्गीकरणको कार्य गरिएको थियो । यसका लागि पुराना र नयाँ विशेषज्ञहरूलाई अभिमुखीकरण तालिम दिइएको थियो ।

४. पत्रपत्रिका मूल्याङ्कन र वर्गीकरणका क्रममा मापदण्डअनुसार वितरण सङ्ख्या, क्षेत्र तोकिएभन्दा कमभइ माग दाबीबमोजिम वर्गीकरण प्रक्रिया अघि बढाउन नसकिनेको हकमा सोभन्दा तल्लोस्तर (राष्ट्रियस्तर भए प्रदेशस्तर वा स्थानीयस्तर र प्रदेशस्तर भए स्थानीयस्तर) मा वर्गीकरण गरिएको थियो ।

५. पत्रपत्रिकाहरूलाई प्रचलित पत्रकार आचारसंहिताबापत उपलब्ध हुने प्राप्ताङ्क प्रदान गर्नका लागि प्रेस काउन्सिल नेपालअर्न्तगत रहेको पत्रकार आचारसंहिता अनुगमन उपसमितिले प्रत्येक पत्रपत्रिका अध्ययन गरी सिफारिस गरेको आधारमा पत्रकार आचारसंहिताबापतको अङ्क प्रदान गरिन्छ । पत्रपत्रिकाको वर्गीकरणको नतिजामा पत्रकार आचारसंहिता अनुगमन उपसमितिले प्रदान गरेबमोजिम पत्रकार आचारसंहिताको सोहीअनुसार अङ्क प्रदान गरिएको थियो ।

६. मापदण्डअनुसार भौतिक पूर्वाधार विकासका दृष्टिले पछि परेका जिल्लाबाट प्रकाशन भएका र महिला, दलित, अपाङ्गता भएका व्यक्ति सम्पादक भएका तथा प्रकाशन हुने भाषाको आधारमासमेत अङ्कभारमा विशेष सुविधा पाउने व्यवस्था भएबमोजिम यस्तो सुविधाबापत पाउने अङ्कसहित मूल्याङ्कन गर्दा कायम हुनसक्ने वर्ग कायम गरी वर्गीकरण गरिएको थियो ।

७. जिल्लागत सन्तुलन मिलाउँदा समानस्तर भएका पत्रपत्रिकालाई एउटै स्तर कायम गरिएको थियो ।

८. आ.व. २०७९/०८० को पत्रपत्रिकाको वर्गीकरण नतिजा प्रकाशित गर्दा आ.व. २०७८/०७९ को वर्गीकरण नतिजालाई समेत आधार बनाइएको थियो नयाँ निवेदनहरूलाई विशेषरूपमा हेरी मूल्याङ्कन गरिएको थियो ।

पुनरावलोकनसहितको वर्गीकरण नतिजा

आ.व. २०७९/८० को पत्रपत्रिका वर्गीकरणको प्रारम्भिक नतिजा २०८२ मङ्सिर १५ गते प्रकाशित भएको थियो । यस नतिजाउपर चित्त नबुझ्नेले आधार र प्रमाणसहित १५ दिनभित्र (सुरूको दस्तुरको २५ प्रतिशत) र दोब्बर दस्तुरसहित थप ७ दिनभित्र पुनर्योग/पुनः मूल्याङ्कनका लागि सूचना प्रकाशन गरिएको थियो। सोहीअनुरूप प्राप्त निवेदनलाई छानबिन गर्नका लागि प्रेस काउन्सिल नेपालद्धारा ३ (तीन) सदस्यीय पत्रपत्रिका वर्गीकरण पुनरावलोकन समिति गठन गरिएको थियो । यसै पुनरावलोकन समितिले दिएको प्रतिवेदनका आधारमा काउन्सिलद्वारा २०८२ पुस २५ गते आ.व. २०७९/८० को पुनरावलोकनसहितको पत्रपत्रिका वर्गीकरणसम्बन्धी अन्तिम नतिजा प्रकाशन गरिएको थियो ।

आ.व.२०७९/८० मा ४८ वटा नयाँ पत्रपत्रिकासहित वर्गीकरणका लागि ८९४ वटा पत्रपत्रिकाले आवेदन फाराम दर्ता गराएका थिए। अघिल्लो आ.व.२०७८/७९ मा ९०० वटा पत्रपत्रिकाले आवेदन फाराम दर्ता गराएका थिए । आ.व. २०७८/७९ मा जम्मा ८७५ वटा पत्रपत्रिका वर्गीकरणमा परेका थिए । भने कागजात एवं अङ्क नपुग र हुबहु भइ २५ वटा पत्रपत्रिका वर्गीकरणमा परेका थिएनन् । आ.व. २०७९/८० मा वर्गीकरणमा परेका पत्रपत्रिका मध्ये "क" वर्गमा २०४ वटा, "ख" वर्गमा ४६२ वटा, "ग" वर्गमा १५४ वटा र "घ" वर्गमा ६ वटा थिए । यसैगरी वर्गीकरणमा परेका पत्रपत्रिकाको प्रकारअनुसार दैनिक १८२ वटा, अर्धसाप्ताहिक ३ वटा, साप्ताहिक ४७३ वटा, पाक्षिक १२ वटा, मासिक ७८ वटा, द्वैमासिक ४ वटा, त्रैमासिक ६ वटा, साहित्यिक ५६ वटा र भाषाभाषी १२ वटा रहेका थिए।

पत्रपत्रिकाको कार्यालय निरीक्षण

पत्रपत्रिका वितरण सम्परीक्षण समितिको सम्पादित कार्यहरूमध्ये अनुगमन पनि एक महत्वपूर्ण कार्य हो। पत्रपत्रिका वितरण सम्परीक्षण समितिले बेला-बेलामा सञ्चार माध्यममा प्रत्यक्ष उपस्थिति भइ अनुगमन गर्दै आइरहेको छ। काठमाडौँ उपत्यकासँगै उपत्यका बाहिरका जिल्लामा समेत प्रेस, सञ्चारगृह, सञ्चार माध्यम र त्यहाँ कार्यरत पत्रकारको अवस्थाका बारेमा विगतदेखि नै अनुगमन गर्रिदैआएको छ।

यसै कार्यलाई निरन्तरता दिन समितिद्वारा उपत्यकामा रहेका केही सञ्चार माध्यमहरूको कार्यालय निरीक्षण गरियो । यसअनुसार देशको विद्यमान आर्थिक अवस्था, त्यसबाट सञ्चारगृह सञ्चार माध्यम र श्रमजीवी पत्रकारलाई प्रत्यक्ष पुगेको असर, प्रकाशककै मुखबाट

छपाई गर्ने सङ्ख्याको विवरण, जेञ्जी आन्दोलनपश्चात् सञ्चारगृहले भोग्नुपरेको पीडा सम्बन्धमा स्थलगत रूपमा सञ्चार माध्यमको कार्यालयमा नै पुगेर बुझ्ने कार्य सम्पन्न गरियो।

प्रेस निरीक्षण तथा बजार अनुगमन

पत्रपत्रिकाको वर्गीकरणलाई वस्तुगत एवं मौलिक बनाई वितरणको सङ्ख्या यकिन गर्नका लागि सम्वन्धित पत्रपत्रिका छापिने प्रेस, बजार तथा कार्यालय निरीक्षण÷अनुगमन गर्नुपर्ने हुन्छ। आर्थिक वर्ष २०८०/८१ मा पनि केही जिल्लाहरूमा काउन्सिल र वितरण सम्परीक्षण समितिबाट पत्रपत्रिकाहरूको प्रेस, बजार तथा कार्यालय निरीक्षण/अनुगमन भएको छ। बजार अनुगमनका क्रममा सम्बन्धित पत्रिकाका सम्पादक, प्रकाशक, प्रेससँग सम्बन्धित व्यक्ति, बजार वितरक, जिल्ला हुलाक र जिल्लाका नेपाल पत्रकार महासङ्घका प्रतिनिधिहरूसँग छलफल तथा विचार विमर्श गरिएको थियो। यसैगरी स्टेसनरी पसलहरूमा सम्पर्क गरिएको थियो। यो वर्षमा काठमाडौँ उपत्यकालगायत केही मोफसलका जिल्लाहरूमा बजार अनुगमन र प्रेस निरीक्षण गरिएको थियो। सम्बन्धित पत्रिकाको कार्यालय, बजार अनुगमन र प्रेस निरीक्षणबाट देहायका निष्कर्ष प्राप्त भएको छ ;

१. वर्गीकरणको प्रयोजनका लागि मात्र केही पत्रपत्रिकाको प्रकाशन हुने जस्तो देखिन्छ। यस्ता पत्रपत्रिकाहरू सम्बन्धित जिल्ला हुलाक कार्यालयमा एकमुष्ठ पत्रपत्रिका र बिलसहित भुक्तानीका लागि पेस गर्ने गरेको पाइएको छ। यसैगरी पत्रपत्रिकाका सञ्चालकहरूले प्रेस काउन्सिल नेपाल, नेपाल विज्ञापन बोर्ड र विज्ञापन दाताहरूमा मात्र पत्रपत्रिका बाढ्ने गरेको पाइएको छ। बजारमा नदेखिने पत्रपत्रिकाहरू वर्गीकरणमा परेका छन् भन्ने उजुरीसमेत पर्ने गरेको छ।
२. अधिकांश जिल्लामा काठमाडौँबाट प्रकाशित हुने प्रमुख पत्रपत्रिका स्थानीय स्टेशनरी पसलहरूमा देखिएनन्, कहीँ फाट्टफुट्ट देखिए। यी पत्रपत्रिकाले आफ्ना ग्राहक र ग्राहक बनेका कार्यालयहरूमा आफैँ वितरण गर्ने गरेको पाइयो। राष्ट्रियस्तरका पत्रपत्रिकाहरू विगतको तुलनामा कम सङ्ख्यामा बजारमा आउने गरेको देखिन्छ।
३. काठमाडौँबाट प्रकाशित हुने राष्ट्रियस्तरका साप्ताहिक पत्रपत्रिकाहरू बजारमा देखिएनन्। यसबाट पत्रपत्रिकाको बजार सङ्कुचित हुँदै गरेको प्रष्ट हुन्छ।
४. स्थानीयस्तरबाट प्रकाशित अधिकांश दैनिकहरू बजारमा देखिए पनि स्थानीयस्तरबाट प्रकाशित साप्ताहिक तथा अन्य किसिमका पत्रपत्रिका बजारमा भेटिएनन्।

५. प्रायः सबै पत्रिपत्रिकाहरू अफसेट प्रेसमा छापिने गरेको र प्रमुख राष्ट्रिय पत्रपत्रिकाहरू वेभ प्रेसमा छापिएको दखिए भने केही प्रदेश र स्थानीयस्तरका दैनिकहरू पनि वेभ प्रेसमा छापिएको देखियो । राष्ट्रियस्तरका पत्रपत्रिका मेटल प्लेट र अन्य स्तरका अधिकांश पत्रपत्रिका पोलीप्लेटमा छापिने गरेको पाइयो ।

६. सामाजिक सञ्जाल र अनलाइनको प्रयोगले गर्दा पत्रपत्रिकाहरूको प्रकाशित सङ्ख्यामा कमी र बिक्री वितरणमा पनि कमि आएको देखियो ।

७. आर्थिक मन्दी र छपाईवापतको रकम पत्रपत्रिका सञ्चालकहरूले नदिएका कारण केही प्रेसहरू बन्द भएको पनि पाइयो र पेसा परिवर्तन गरेको पाइयो ।

८. पत्रपत्रिकाहरू छापाखानालाई प्रकाशित गर्न जिम्मा दिइने, उनीहरूले नै सेटिङ गरेर प्रकाशित गरिदिने परिपाटीको विकास भएको छ । एउटै कम्प्यूटर अपरेटरबाट धेरै पत्रिकाहरू सेटिङ गरेको पाइयो । यसले गर्दा पत्रपत्रिकाहरू कपिपेष्ट (हुबहु) हुने सम्भावना धेरै रहेको देखिन्छ ।

९. एकै प्रेसबाट धेरै पत्रपत्रिकाहरू प्रकाशन हुने गरेका देखिन्छन् । तर, प्रायः साप्ताहिक पत्रिकाहरू कुन वेला छापिन्छन् । आफ्नो कार्यालयमा कतिवेला काम गर्छन् अन्योलता नै देखियो । प्रकाशकले ग्राहकमा हकरबाट वितरण हुने गरेको वताएका छन ।

१०. प्रायः सबै मिडियाहरू आर्थिक सङ्कटमा रहेका देखिन्छन् । विशेषतः साप्ताहिक, मासिक पत्रपत्रिकाको स्थिति अन्यन्तै नाजुक देखिन्छन् । दैनिक पत्रपत्रिकाहरू पनि धेरै कम मात्रामा मात्रै छापिने गरेको देखियो ।

११. सञ्चारगृह सञ्चालनार्थ दीर्घकालीन सोच र बजेट व्यवस्थापनको लागि स्थानीय तहबाट समेत व्यवस्थापन हुन नसक्दा सञ्चार गृहहरू एकपछि अर्को गर्दै बन्द हुन थालेको अवस्था रहेको छ ।

१२. सिजनल र चाडपर्वमा मात्रै प्रकाशित हुने पत्रपत्रिकाहरूको सङ्ख्या पनि धेरै रहेका छन् ।

१३. कार्यालय निरीक्षण गर्दा प्रकाशकले भन्ने छपाई सख्या प्रेस काउन्सिल अनुगमन टोली आफै प्रेसमा गइ छपाइ गर्दा हेरेको सङ्ख्या र प्रेस मालिकबाट आउने डाटा फरक फरक भएको र यसले छपाई हुने र वितरण हुने सङ्ख्या एकिन हुन कठिन देखिन्छ ।

प्रकाशक/सम्पादक/व्यवस्थापक/प्रतिनिधिसँग छलफल

वितरण सम्परीक्षण समितिले काठमाडौँ उपत्यकाकामा रहेका केही पत्रपत्रिकाका प्रकाशक/सम्पादक सँगपनि छलफल गरिएको थियो । छलफका क्रममा प्रकाशक तथा सम्पादकबाट केही सुझावहरू देहाय बमोजिम रहेका छन् ;

१. काउन्सिलले पत्रपत्रिका सम्परीक्षण/वर्गीकरणमा मापदण्ड र आवेदन दिने प्रक्रियालाई सरलीकरण बनाउनुपर्छ ।
२. छापा पत्रकारिता विशेषतः साना मिडियाहरूको अवस्था अत्यन्तै दयनीय बन्दै गइरहेकाले यिनीहरूको संरक्षणका लागि प्रेस काउन्सिल साना मिडियालाई संरक्षण गर्ने विशेष नीति बनाउनुपर्छ ।
३. पत्रकार र संञ्चारगृहलाई राज्यले सहुलितपूर्ण ऋण र अन्य सुविधाको व्यवस्था गरिनुपर्दछ ।
४. स्थानीय विज्ञापनलाई स्थानीय पत्रपत्रिकामा नै प्राथमिकता दिइनुपर्दछ ।
५. समानुपातिक विज्ञापन प्रणालीलाई कार्यान्वयन गर्नुपर्दछ ।
६. पत्रकारितामा व्यवसायिकता हराउँदै गइरहेकाले, सञ्चार क्षेत्रमा भएको बेथितिलाई नियामन प्रेस काउन्सिलले गर्नुपर्छ ।
७. काउन्सिलले मिडिया अनुगमन प्रणालीलाई अझैँ प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।
८. लोक कल्याणकारी विज्ञापनवापतको रकम वृद्धि गर्न काउन्सिलले पहल गर्नुपर्छ र काउन्सिलले समग्र सञ्चार जगतको अभिभावकको भूमिका निभाउन जरुरी छ ।
९. विभिन्न जिल्ला र प्रदेशगत रूपमा वितरण सम्परीक्षण र वितरण सम्परीक्षसम्बन्धी मापदण्डको प्रशिक्षणको आयोजना गर्नुपर्छ ।

४.२ प्रेस स्वतन्त्रता अनुगमन

पत्रकारमाथि हुने कुटपिट/हत्या, आक्रमण, कब्जा, अवरोध, दुर्व्यवहार, धाकधम्की, यातनालगायतका विषय र प्रेस स्वतन्त्रता दुरुपयोगका घटनामा काउन्सिलले २०७७ सालदेखि तथ्याङ्कगत रूपमा प्रेस स्वतन्त्रता अनुगमन गर्दै आएको छ । यस्तै, श्रमजीवी पत्रकारले पारिश्रमिक नपाउँदा, तोकिएभन्दा कम तलब पाउँदा तथा कानुनविपरीत जिम्मेवारीबाट हटाइँदा न्याय दिलाउन माग गर्दै काउन्सिलमा उजुरी-निवेदन आउने गरेको छ । काउन्सिलले दैनिक देखिएका र उजुरी-निवेदनमार्फत प्राप्त भएका प्रेस स्वतन्त्रता हनन र श्रमजीवी पत्रकार अन्यायमा परेका घटनाको अभिलेख राखी विस्तृत विवरण वेबसाइटमार्फत सार्वजनिक गर्दै आएको छ । यस्तै मुद्दामामिलासम्बन्धी कार्यमा सहजीकरण गर्ने, सञ्चार माध्यम र पत्रकारविरुद्ध विभिन्न अदालत, निकायमा परेका रिट उजुरी र फैसलाको अभिलेख राख्ने कार्य भने हाल नीति, योजना तथा प्रशासन शाखाबाट हुँदैआएको छ ।

शाखाको जिम्मेवारी

- प्रेस स्वतन्त्रताको अवस्थाबारे अद्यावधिक विवरण राख्ने,
- प्रेस स्वतन्त्रता हननका घटनाहरुको अभिलेख गर्ने र निर्णयानुसार विवरण सार्वजानिक गर्ने,
- नियम, विनियम, कार्यविधि, मापदण्ड निर्माणजस्ता कार्यमा सघाउने,
- मुद्दामामिलासम्बन्धी कार्यमा सहजीकरण गर्ने,
- देशभरका पत्रकार र सञ्चार माध्यमको अभिलेख राख्ने तथ्य सङ्कलन गर्ने,
- सञ्चार माध्यम र पत्रकारविरुद्ध विभिन्न अदालत, निकायमा परेका रिट उजुरी र फैसलाको अभिलेख राख्ने

प्रेस स्वतन्त्रताको संरक्षण र श्रमजीवी पत्रकारको हितका साथै माथि उल्लिखित कार्य गर्न प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित उपसमितिबाट नीति निर्माण हुँदै आएको छ । यसै क्रममा यस उपसमितिको सिफारिसमा प्रेस काउन्सिल नेपालद्वारा स्वीकृत प्रेस स्वतन्त्रता अनुगमनसम्बन्धी कार्यविधि, २०८० अनुसार अहिलेसम्म कार्यसम्पादन हुँदैआएको छ ।

शाखाद्वारा सम्पादित कार्य

नियमित अनुगमन

देशभरबाट प्रकाशित हुने विभिन्न पत्रपत्रिका, सूचना तथा प्रसारण विभागमा दर्ता भएका अनलाइन/सञ्चार माध्यम र ती माध्यमका सामाजिक सञ्जालका पेजका आधारमा प्रेस स्वतन्त्रता अनुगमन गरिँदै आएको छ। यसका साथै प्राप्त उजुरी-निवेदन, नेपाल पत्रकार महासङ्घको अनुगमन-अभिलेखलाई पनि यसको सहायक आधारमा रूपमा लिने गरिएको छ। यसरी अध्ययन/अनुगमन हुँदा आ.व. २०८२/८३ मा प्रेस स्वतन्त्रता हननसम्बन्धी १०१ र प्रेस स्वतन्त्रता दुरुपयोगका ४ घटना भएको पाइएको छ।

घटना विवरण

घटना	प्रदेश							जम्मा घटना	लिङ्ग	
	कोशी	मधेस	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम		महिला	पुरुष
आक्रमण	३	१०	७	२	१	२	२	२७		४७
धम्की	५	४	१६	४	३		४	३६		४६
दुर्व्यवहार		२	२				१	५	२	२
कब्जा/अवरोध	२	१	४	१	१		१	१०		४
गिरफ्तारी			१	१			१	३	१	२
गालीगलौज	१	१	१					३		४
पेसागत असुरक्षा			१३					१३	३	७
शङ्कास्पद मृत्यु			१					१		१
नीतिगत बन्देज	१		२					३		
जम्मा	१२	१८	४७	८	५	२	९	१०१	६	११३

आर्थिक वर्ष २०८२/०८३
१. प्रेस स्वतन्त्रतासम्बन्धी घटना विवरण

सि.नं.	घटनाको प्रकार/शीर्षक	घटना भएको मिति	प्रदेश	जिल्ला	घटनाको विवरण	स्रोत	लिङ्ग		कैफियत
							महिला	पुरुष	
१.	धम्की (ज्यान मार्ने धम्की)	२०८२ साउन ५	मधेस	सिराहा	विष्णुपुर गाउँपालिकासम्बन्धी समाचार लेखेको निहुँमा स्थानीयबासी सन्तोष यादव, पवन यादव र निर्माण व्यवसायी लालविहारी यादवद्वारा मादकपदार्थ सेवन गरी प्रदेश टाइम्सका सम्पादक रामपुकार यादवलाइ ज्यान मार्ने धम्की, दुर्व्यवहार र गालीगलौज	https:// scoopkhabar. com/?p=18344		१	
२.	धम्की (ज्यान मार्ने धम्की)	२०८२ साउन ६ गते	मधेस	सिराहा	समाचारको विषयलाई लिएर प्रदेश राष्ट्रिय दैनिकका सम्पादक रामकुमार यादवलाई निर्माण व्यवसायी लालविहारी यादवसहितका व्यक्तिद्वारा ज्यान मार्ने धम्की	https://www. nepalkhabar. com/ society/ 244535- 2025- 7-22- 14- 59-44		१	

सि.नं.	घटनाको प्रकार/शीर्षक	घटना भएको मिति	प्रदेश	जिल्ला	घटनाको विवरण	स्रोत	लिङ्ग		कैफियत
							महिला	पुरुष	
३.	धम्की (गालीगलौज)	२०८२ साउन ८ गते	मधेस	बारा	समाचार प्रकाशित भएको विषयलाई लिएर बाराको सुबर्ण गाउँपालिका अध्यक्ष राजेश यादवद्वारा सामाजिक सञ्जालमार्फत पत्रकारको बदनाम गर्दै उनीहरूको अपमान हुने खालका धारणा व्यक्त	https://nepalkhabar.com/society/244662-2025-7-23-15-13-54			
